१५. नेकपा (माले) को पुनर्स्थापना, २१ फागुन, २०५४
(सन् ५ मार्च, १९९८) क.बामदेव गौतम

१६. नेकपा (माले) को दोस्रो राष्ट्रिय सम्मेलन, २५-२७ मार्ग, २०५७
(सन् १०-१२ डिसेम्वर, २०००) क.बामदेव गौतम

१७. नेकपा (माले) को पुनर्गठन, ५ फागुन २०५८
(सन् १७ फेव्रुवरी, २००२) क.सी.पी.मैनाली

१८. नेकपा (माले) को तेस्रो राष्ट्रिय सम्मेलन, १८-२० चैत्र, २०६०
(सन् १-३ मे, २००३) क.सी.पी.मैनाली

१९. नेकपा (माले) को चौथो राष्ट्रिय सम्मेलन, १८-२१ चैत्र, २०६३
(सन् १-४ अप्रिल, २००७) क.सी.पी.मैनाली

२०. नेकपा (माले) को पाँचौं राष्ट्रिय सम्मेलन, ३-६ जेठ, २०६६
(सन् १७-२० मे, २००९) क.सी.पी.मैनाली

२१. नेकपा (माले) को छैठौं राष्ट्रिय सम्मेलन, २९-३१ वैशाख, २०७०
(सन् १२-१४, मे २०१३) क.सी.पी.मैनाली

२२. नेकपा (माले) को सातौं राष्ट्रिय महाधिवेशन,२ ५-२८ वैशाख, २०७३
(सन् ७-१०, मे २०१६) क.सी.पी.मैनाली

२३. पीवी वैठक मार्फत क.पुष्पलाललाई महासचिववाट हटाएको,
विसं २००८ साल, (सन् १९५२)

२४. क. केशरजंग रायमाझी का.वा.महासचिव भएको, विसं २०१३ साल असोज

***



**विश्वका सर्वहारा र उत्पीडित राष्ट्रहरू एक होऔं !**

नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को

# नेपाल चिन्तन र नेपाली क्रान्तिलाई अघि बढाऔं !

## (राजनीतिक प्रतिवेदन)




**प्रकाशक :**

**केन्द्रीय कमिटी**
**नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)**
**रातोपुल, काठमाडौं ।**

**प्रकाशक :**

**केन्द्रीय कमिटी**
**नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)**
**रातोपुल, काठमाडौं ।**

**फोन :** ०१-४४६९०३३
**फ्याक्स :** ०१-४४६९०३५
**इमेल :** cpnml.cc@gmail.com
**वेभसाइट :** www.cpnml.org.np

**सातौं राष्ट्रिय महाधिवेशनद्वारा पारित**

# राजनैतिक प्रतिवेदन

**पहिलो आवृत्तिः** ७, असार २०७३
**प्रकाशित संख्याः** २००० प्रति
**कम्प्युटर :** नेकपा (माले) डेस्कटप

<u>सहयोगः</u>

**रू. ४०/- मात्र**
**दक्षिण एशियामा राष्ट्रिय मुद्रा ३०/-**
**अन्य मुलुकमा $ 1**

## नेकपा (माले) सँग सम्वन्धित केही महत्वपूर्ण तीथि-मितिहरू :

| क्र.स. | घटनाक्रम | मिति | नेतृत्व |
|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टीको गठन, | १० वैशाख, २००६ (सन् २२ अप्रैल, १९४९) | क.पुष्पलाल |
| २. | नेकपाको घोषणापत्र सार्वजनिक, | ३० भाद्र, २००६ (सन् १५ सेप्टेम्वर, १९४९) | क.पुष्पलाल |
| ३. | नेकपाको प्रथम राष्ट्रिय सम्मेलन, | ५ भाद्र, २००८ (सन् २१ सेप्टेम्वर, २०५१) | क.पुष्पलाल |
| ४. | नेकपाको प्रथम राष्ट्रिय महाधिवेशन, | १७-२५ मार्ग, २०१० (सन् ३० जनवरी-७ फेब्रुवरी १९५४) | क.मनमोहन अधिकारी |
| ५. | नेकपाको दोस्रो राष्ट्रिय महाधिवेशन, | १५-२५ जेठ, २०१४ (सन् २८ मे-६ जुन, १९५७) | क.केशरजंग रायमाझी |
| ६. | नेकपाको तेस्रो राष्ट्रिय महाधिवेशन, | ४-५ वैशाख, २०१९ (सन् १६-२७ अप्रिल, १९६२) | क.तुलसीलाल अमात्य |
| ७. | नेकपाको तेस्रो राष्ट्रिय सम्मेलन, | २ जेठ, २०२५ (सन् १५ मे १९६८) | क.पुष्पलाल |
| ८. | झापा सशस्त्र किसान विद्रोह, | २०२८-२०३२ सालसम्म (सन् १९७१-१९७५) | क.सी.पी.मैनाली |
| ९. | कोके (माले) | २४ जेठ, २०३२ (सन् ७ जुन, १९७५) | क.सी.पी.मैनाली |
| १०. | नेकपा (माले) को स्थापना तथा (प्रथम राष्ट्रिय सम्मेलन), | ११ पौष, २०३५, (सन् २६ डिसेम्वर, १९७८) | क.सी.पी.मैनाली |
| ११. | नेकपा (माले) को चौथो राष्ट्रिय महाधिवेशन, | ९-१४ भाद्र, २०४६ (सन् २५-३० अगष्ट, १९८९) | क.मदन भण्डारी |
| १२ | नेकपा (एमाले) को गठन, | २२ पौष, २०४७ (सन् ६ जनवरी, १९९१) | क.मनमोहन अधिकारी |
| १३. | नेकपा (एकीकृत माले) को पाँचौं राष्ट्रिय महाधिवेशन, | १४-२० माघ, २०४९ (सन् २७ जनवरी-२ फेब्रुवरी १९९३) | क.मदन भण्डारी |
| १४. | नेकपा (एकीकृत माले) को छैठौं राष्ट्रिय महाधिवेशन, | १२-१८ माघ, २०५४ (सन् २५-३१ जनवरी, १९९८) | क.माधव नेपाल |

कार्यदिशा, नीति र गलत शक्तिहरूसँगको सहकार्यको कारण विवाद, गुटवन्दी र विभाजनको शिकार भयो । त्यस पार्टीवाट विभिन्न समयमा फुटेर (१) मणि थापाको नेतृत्वमा नेकपा (क्रान्तिकारी), (२) मातृका यादवको नेतृत्वमा नेकपा (माओवादी), (३) मोहन वैद्यको नेतृत्वमा नेकपा (क्रान्तिकारी माओवादी), (४) नेत्रविक्रम चन्द 'विप्लव' को नेतृत्वमा नेकपा माओवादी जस्ता समूहहरू बने र (५) प्रचण्डको नेतृत्वमा नेकपा (एमाओवादी) रहन पुग्यो । नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा माओवादी नामक वैद्य र चन्दले नेतृत्व गरेका दुई समूह वाहेक माथि उल्लेखित अरु तीनवटा समूहहरू र चौथो/वैद्य समूहवाट अलग्गिएको रामवहादुर थापा 'वादल' समूह, पाँचौं चन्द समूहवाट आएका व्यक्तिहरू र अन्य केही समूहहरू मिली २०७३ सालको जेठ ६ गते **नेकपा (माओवादी-केन्द्र)** नामक पार्टी गठन गरिएको छ, जसको मूल नेता प्रचण्ड नै रहेका छन् । नवगठित माओवादी-केन्द्रले लिने कार्यदिशा र नीतिले नै छिन्न-भिन्न भएको माओवादी आन्दोलन एकीकृत हुन सक्ने वा नसक्ने भन्ने निर्णय गर्नेछ, जसवारे कुनै निष्कर्शमा पुग्न केही समय लाग्ने छ ।

**१०. प्रमुख र अन्य माओवादी समूहहरू :** यसो भन्दा वर्तमान समयमा हामीले **नेकपा (माओवादी-केन्द्र)** लाई प्रमुख र वैद्य नेतृत्वको **नेकपा (क्रान्तिकारी माओवादी)** र चन्द नेतृत्वको **नेकपा माओवादी**लाई बुझ्नु पर्दछ ।

**११. विसु अभियानका सात महत्वपूर्ण कार्यहरू :** २०७१ सालको माघ २० देखि फागुन २० गते सम्म संचालित **विशेष विसु अभियान**को निम्ति १०-१५ माघ, २०७१ मा वसेको पोलिटव्युरोको वैठकले निम्न सातवटा विषयहरू निश्चित गरेको थियो : (i) वैचारिक, राजनीतिक र व्यवस्थापकीय दोष निवारणको निम्ति समसामयिक राजनीति र नेपाल जागरण आन्दोलनको सम्वन्धमा पार्टी कार्यकर्ता तथा सदस्यहरू वीच जिल्ला-जिल्लामा प्रशिक्षण चलाउने, (ii) पार्टी सङ्गठन विघटन भएका केही जिल्लामा उपयुक्त स्तरको पार्टी सङ्गठनको निर्माण गर्ने र कतिपय जिल्लाहरूमा जिल्ला पार्टी कमिटीको पुनर्गठन गर्ने, (iii) स्थानीय पार्टी कमिटीहरू र जनवर्गीय तथा पेशागत सङ्गठनहरूको निर्माण गर्न पार्टी कार्यकर्ताहरूलाई मार्गदर्शन गर्ने, (iv) आसन्न स्थानीय निकायका निर्वाचनको तयारीको निम्ति जिल्ला, नगर र गाउँका विभिन्न पद वा सदस्यमा उठाइने उम्मेदवार छनौट गर्नु र तिनलाई जनताका काम गर्न जनताको घर-दैलोमा पठाउन मार्गदर्शन गर्ने, (v) भविष्यमा हुने आम निर्वाचनमा पार्टीले प्रत्यक्ष उम्मेदवार उठाउन सक्ने निर्वाचन क्षेत्रको पहिचान गर्नु र त्यस्ता क्षेत्रको निमित्त योग्यतम उम्मेदवारलाई चिन्हित गर्दै केन्द्रमा प्रतिवेदन ल्याउने, (vi) यही फागुन महिनामा आयोजित हुने जिल्ला सचिवहरूको प्रशिक्षणमा सहभागी हुनु पर्ने जिल्ला सचिवहरूलाई त्यसको निम्ति तयार पार्ने र (vii) विशेष विसु अभियानका टोली नेता कमरेडहरूले चिन्हित पार्टी केकस कमरेडहरूसँग पार्टी काममा सकृय हुने सम्वन्धमा गंभीरतापूर्वक पार्टी निर्देशनानुसार वार्ता गर्ने ।

उपरोक्त सात वुँदे निर्देशनका नं. (vi) र नं. (vii) का निर्देशनहरू वाहेक अरु सवै निर्देशनहरू अझै पनि प्रभावकारी र कार्यान्वयन गर्नु पर्ने रहेका छन् । यसप्रति सवै कमरेडहरूको ध्यान जानु पर्दछ ।



## प्रकाशकीय........

नेकपा (माले) को छैटौं केन्द्रीय कमिटीको १२ पूर्ण बैठक (२०७२ माघ २८ गतेदेखि फागुन १ गते, काठमाण्डौ) ले मिति २०७३ बैशाख २५-२८, काठमाण्डौमा पार्टीको सातौं राष्ट्रिय महाधिवेशन आयोजना गर्ने निर्णय गरेको थियो । सोही बैठकले महाधिवेशनमा प्रस्तुत गर्न महासचिव क. सी.पी. मैनालीलाई पोलिटब्युरोको परामर्शमा राजनीतिक प्रतिवेदन मस्यौदा गर्ने जिम्मेदारी दिएको थियो । महासचिव क. सी.पी. मैनालीले मस्यौदा गर्नु भएको राजनीतिक प्रतिवेदनलाई आयोजक कमिटीको सचिवालय समेत रहेको पोलिटब्युरोले आवश्यक छलफल र परिमार्जन गरे पश्चात् सातौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्नका निम्ति पारित गर्‍यो । मस्यौदा राजनीतिक प्रतिवेदन महाधिवेशनको बन्द-सत्रमा महासचिव क. सी.पी. मैनालीद्वारा प्रस्तुत भएको थियो । बन्द-सत्रमा सञ्चालित समूहगत छलफल पछि प्राप्त आवश्यक सुझावहरूलाई प्रतिवेदनमा समावेश गर्ने गरी यो राजनीतिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

यस राजनीतिक प्रतिवेदनमा छैटौं राष्ट्रिय सम्मेलन यता पार्टीको राजनीतिक तथा पार्टी-निर्माणका गतिविधिहरू, पार्टीले प्राप्त गरेका उपलब्धीहरू, पार्टीमा रहेका कमजोरीहरू, अब पार्टीले अर्थात् यसका नेता/कार्यकर्ताहरूले गर्नुपर्ने काम-कर्तव्यहरूलाई केलाईएको छ । त्यसैगरी यसमा वर्तमान वैश्विक, क्षेत्रीय र राष्ट्रिय राजनीति र विशेष गरी प्रभुत्ववादी-साम्राज्यवादी हस्तक्षेपहरू तथा देशमा विकसित वैदेशिक तावेदारवादी प्रवृत्ति एवम् शक्तिहरूको चर्चा, देशमा अग्रगामी परिवर्तन तर्फ लक्षित नेपालको संविधानलाई कार्यान्वयन गर्नु पर्ने ऐतिहासिक चुनौतिहरुबारे विश्लेषण र

संश्लेषण गर्दै लोकतन्त्र, स्थीरता, राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता, स्वावलम्बन र आत्मनिर्भरता एवम् समृद्धि अभिवृद्धिको निम्ति **नेपाल चिन्तन**को प्रकाशमा नेपालको क्रान्तिकारी कम्युनिष्ट पार्टीले ठम्याउनु पर्ने आफ्नो गति र गन्तव्यलाई पर्गेल्ने आवश्यकताको पुष्ट्याईं गरिएको छ ।

पार्टीको सातौं राष्ट्रिय महाधिवेशनद्वारा निर्वाचित केन्द्रीय कमिटीको पहिलो पूर्ण बैठकले दस्तावेज उपर आएका महत्वपूर्ण सुझावहरूलाई समावेश गर्दै दस्तावेज प्रकाशन समेत गर्ने अधिकार पार्टीको स्टेयरिङ्ग कमिटीलाई सुम्पेको थियो । त्यसै अनुरुप पार्टी स्टेयरिङ्ग कमिटीले यस दस्तावेजलाई परिमार्जन सहित अन्तिम रुप दियो र यसलाई **नेपाल चिन्तन र नेपाली क्रान्तिलाई अघि बढाऔं** शिर्षकमा प्रकाशित गरिदैछ ।

पार्टी केन्द्रीय कमिटी सबै नेता, कार्यकर्ता तथा सदस्यहरूलाई यसको गम्भीर अध्ययन गर्न, यसबारे छलफल चलाउन र यसमा निहित दृष्टिकोण, विश्लेषण र नीतिहरूलाई जनतामा व्यापकरुपले लगी तिनलाई भौतिक शक्तिको रुपमा रुपान्तरित गर्न/गराउन आह्वान गर्छ ।

यो राजनीतिक प्रतिवेदनको अध्ययन-मननबाट देशको वर्तमान अवस्थालाई सही ढंगले बुझी त्यसलाई जनता, राष्ट्र र जनवाद/समाजवादको पक्षमा रुपान्तरण गर्ने/गराउने काममा योगदान हुन सकोस् भनी कामना समेत गर्दछौं ।

धन्यवाद ।

**७ आषाढ, २०७३**

**केन्द्रीय कमिटी**

**नेकपा (माले)**

*साल चैत्र २६ गते भयो, जुन दिन राजाले आन्दोलनकारी दलका नेताहरूसँग निरंकुश परिपाटीको अन्त्य गर्ने सम्झौता गरे ।*

*संयुक्त आन्दोलनको क्रममा भएको सहकार्य र राजनीति-वैचारिक विचार-विमर्श पछि तात्कालीन अवस्थामा क.मदन भण्डारीको नेतृत्वमा रहेको नेकपा (माले) र क.मनमोहन अधिकारीको नेतृत्वमा रहेको नेकपा (मार्क्सवादी) पार्टीहरू वीच एकीकरण गर्ने प्रकृया शुरु भई २०४७ सालको पुस २२ गते अन्त्य भयो, जुन दिन दुई पार्टीवीच एकीकरण हुने निर्णय भयो । एकीकृत पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी र लेनिनवादी) नेकपा (एमाले) रह्यो, जसलाई कालान्तरमा नेकपा (एमाले) भन्न थालियो । सांगठानिक क्षेत्रमा यो पार्टी एकीकरणवाट धेरै राजनीतिक उपलब्धीहरू प्राप्त भएका छन् । तर तत्कालीन नेकपा (माले) को नेतृत्वमा रहेको विर्सजनवादी सैद्धान्तीक मान्यताको कारण नेकपा (एमाले) ले क्रमशः दक्षिणपंथी विर्सजनवादी कार्यदिशा लिन पुग्यो । यसका सिद्धान्त, कार्यदिशा र नीतिहरूमा रहेको दक्षिणपंथी अवसरवादले गर्दा यस पार्टीले वुर्जुवा प्रजातान्त्रिक पार्टी-नेपाली कांग्रेसमा राजनीतिक परिवर्तन पछि क्रमशः बढ्दै गएको सर्वसत्तावादी प्रवृत्ति, राजनीतिक मूल्य-मान्यता विरोधी बिकृती-बिसंगतीहरू, तावेदारवाद प्रवृत्ति र दक्षिणपंथी नीतिहरूको सशक्त प्रतिवाद गर्न सकेन । यति मात्र होइन, नेकपा (एमाले) पनि त्यसकै पिछलग्गु वन्न थाल्यो र २०५४/०५५ सालमा पुगेपछि नेकपा (एमाले) मार्फत धेरै गलत प्रवृत्तिहरू बढे कि जनसाधारणहरूले यस्लाई भाइ कांग्रेस पार्टी भन्न थाले । यस प्रकार एमालेलाई २०४७ सालको पुस २२ गते स्थापित भएको प्रजातान्त्रिक समाजवादी पार्टी भन्नु पर्ने भएको छ ।*

***८. नेकपा (माले) नै क.पुष्पलालको उत्तराधिकारी पार्टी :*** *नेकपाका संस्थापक नेता/महासचिव क.पुष्पलाल श्रेष्ठ नै हुन् । वहाँले नै पार्टी स्थापना गर्ने पहल गर्नु भयो; त्यसको निम्ति सैद्धान्तिक, राजनीतिक तथा सांगठानिक आधार तयार गर्नु भयो । वैशाख १०, २००६ मा कलकत्ताको श्यामवजारमा नेकपाको स्थापना हुँदा क.पुष्पलाल नै त्यसको पहिलो महामन्त्री (महासचिव) चुनिनु भयो । उहाँले नै पार्टीको पहिलो पर्चा (वैशाख, २००६) र नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणा-पत्र (३१ भदौ, २००६) तयार र सार्वजनिक गर्नु भयो । कम्युनिष्ट आन्दोलनका प्रारम्भिक दिनहरूमा राजनीतिक रणनीति, कार्यनीति र क्रान्तिको कार्यक्रम सम्वन्धमा रहेका भ्रम र अन्यौलहरूलाई चिर्दै तेस्रो ऐतिहासिक राष्ट्रिय सम्मेलन २०२५ सालको जेठमा आयोजना गर्नु भयो । त्यसवेला उहाँले प्रतिपादन गरेको "प्रजातन्त्र प्राप्तिको लागि संयुक्त जनाआन्दोलन" को कार्यनीतिको प्रयोगले नै नेपाली क्रान्तिका विशेषताहरूलाई उजागर गर्न सक्यो । क.पुष्पलालले यसप्रकार शुरु गरेको नेपालमा सृजनात्मक ढंगले मार्क्सवाद-लेनिनवाद तथा माओ विचारधारालाई प्रयोग गर्ने अभ्यासलाई झापा विद्रोह र स्थापना कालदेखि नै नेकपा (माले) ले अघि बढाउँदै आएको छ । त्यही अभ्यासलाई अघि बढाउने क्रममा आज नेकपा (माले)* ***नेपाल चिन्तन****लाई व्यवस्थित र परिभाषित गर्दै त्यसलाई आफ्नो मार्गदर्शक सिद्धान्तमा सामेल गर्ने ठाउँमा आइपुगेको छ । यी सवै तथ्यहरूको आधारमा आज भन्न सकिन्छ :* ***नेकपा (माले) नै क.पुष्पलालको साँचो उत्तराधिकार पार्टी हो ।***

***९. माओवादी पार्टी समूहरूको एकीकरण :*** *अग्रगामी परिवर्तनका एजेण्डाहरू सहित शान्ती र लोकतन्त्रको वाटोमा फर्केको नेकपा (माओवादी) दुइपत्रे गलत रणनीति, गलत*

गर्ने अन्तर्राष्ट्रिय प्रस्तावले उक्त रणनीति लागू गर्दा भारतबाट हुन सक्ने "शत्रुतापूर्ण हिंसात्मक गतिविधि"विरुद्ध अन्तर्राष्ट्रिय जनमत व्यापक र सशक्त रूपमा उठ्ने परिवेश सृजना हुँदै आयो । त्यसमाथि वीपी कोइरालाले भारतमा आश्रित भई "प्रजातन्त्रको निम्ति ठूलो आन्दोलन नगर्ने" नीति लिएर "नत संघर्ष, न समर्पण गर्ने" राष्ट्रिय मेलमिलापको नीति अपनाई भारतको स्वनिर्वासन परित्याग गरी नेपाल प्रवेश (१४ पुष, २०३३) गरे । वीपीको यस कदमले गर्दा भारतले त्यसवेला विश्वमा प्रस्तुत गर्न सकिने कुनै पत्यारिलो नेपाली शिखण्डी पाउन सकेन । यस्तो स्थितिमा नेपालको तराईलाई भारतमा विलय गर्ने र अन्तत: नेपाललाई नै निल्ने रणनीति १९७० सन्को दशकमा कार्यान्वयन हुन सकेन र त्यो स्थगित हुन पुग्यो ।

२०४६ साल अर्थात सन् १९९० तिर नेकपा (माले) ले पनि भारतीय रणनीतिको प्यादा हुन अस्वीकार गऱ्यो र आफ्नै वाहुवलमा मात्र प्रजातन्त्रको निम्ति संयुक्त आन्दोलन गर्ने नीति अपनायो । विसं २०४६ सालको प्रजातन्त्र निम्तिको संयुक्त राष्ट्रिय जनआन्दोलन अघि वढ्न र जन सहभागिताका साथ हिंसात्मक हुन थालेपछि तात्कालिन राजा वीरेन्द्रले वुद्धिमत्तापूर्वक आन्दोलनकारी वाम-कांग्रेस गठवन्धन सँग वार्ता र सम्झौता गर्ने नीति अपनाए । परिणामत: त्यस आन्दोलनमा विदेशी शक्तिले खेल्ने धेरै मौका नै पाउन सकेनन् । २०४६ सालको राजनीतिक परिवर्तन पश्चात् २०५२ सालदेखि त्यही परिवर्तनले ल्याएका राजनीतिक उपलव्धीहरू-वहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको विरुद्ध सशस्त्र संघर्ष गरी जनगणतन्त्र कायम गर्ने उग्रवामपंथी कार्यदिशा लिएर नेकपा (माओवादी) नेपाली राजनीतिक रंगमञ्चमा उपस्थित भयो । समयक्रममा विदेश परस्त कोणवाट मार्क्सवाद-लेनिनवादको व्याख्या र कार्यान्वयन गर्ने कथित क्रान्तिकारी पात्र-वावुराम भट्टराई माओवादी आन्दोलनमा सामेल हुन र त्यसको नेतृत्वदायी स्थानमा पुगे । प्रचण्ड नेतृत्वको उग्रवामपंथी माओवादी आन्दोलनमा भट्टराईको विदेश परस्त मार्क्सवादी प्रवृत्ति घुसेपछि क्रमश: विदेशी शक्ति त्यस आन्दोलनलाई प्रभावित पार्न सफल भयो र अनेकौं प्रयोग पश्चात् त्यो आन्दोलन २०६२ सालको मंसिरमा "दोस्रो दिल्ली सम्झौता" गर्ने ठाउँमा अवतरण गर्न पुग्यो । त्यस सम्झौता मार्फत नेपालमा "पूर्ण लोकतन्त्र" स्थापना गर्ने नारा सँग सँगसँगै मिसिएर आएका संविधानसभा, सङ्घीयता, आत्मनिर्णको अधिकार जस्ता नीतिहरू मार्फत उक्त रणनीतिलाई नेपालमा पुन: लागू गर्ने कोशिस भयो, जुन ३ असोज २०७२ मा नयाँ संविधान जारी भए पछि पनि रोकिएको छैन् ।

**७. नेकपा (एमाले) को निर्माण :** चौथो राष्ट्रिय महाधिवेशन (२०४६ भाद्र) पश्चात् तत्कालिन नेकपा (माले) को दोस्रो पूर्ण वैठक (२०४६ कात्तिक) ले कामरेड सी.पी. मैनालीको प्रस्तावमा पार्टी स्वतन्त्रता (वहुदलीय व्यवस्था) को निम्ति संयुक्त संघर्ष गर्ने, त्यसको निम्ति वाममोर्चा वनाई नेपाली कांग्रेससँग गठवन्धन गर्ने कार्यनीति पारित गऱ्यो । नेकपा (माले) मूल शक्ति रहेको संयुक्त वाममोर्चाको गठन (२०४६ साल पुष) मा गरियो, जसको अध्यक्ष तत्कालिन नेकपा (मार्क्सवादी) का अध्यक्ष कमरेड सहाना प्रधान र उपाध्यक्षमा नेकपा (माले) का नेता कमरेड राधाकृष्ण मैनाली रहनु भएको थियो । त्यस वाममोर्चाले नेपाली कांग्रेससँग वहुदलीय प्रजातन्त्र प्राप्ति निम्तिको संयुक्त संघर्षको नीति राजनीतिक संश्रय कायम गऱ्यो । यो संश्रयको नेतृत्वमा २०४६ सालको फागुन ७ गतेदेखि निरंकुश निर्दलीय पञ्चायती तानाशाहीको विरुद्ध संयुक्त आन्दोलन छेडियो, जसको अन्त्य २०४६



# नेपाल चिन्तन र नेपाली क्रान्तिलाई अघि बढाऔं !

(नेकपा (माले) को सातौं राष्ट्रिय महाधिवेशन २५-२८ वैशाख २०७३ काठमाडौंमा पार्टी महासचिव कमरेड सी.पी.मैनालीबाट प्रस्तुत एवम् पारित राजनैतिक प्रतिवेदन)

**कामरेड अध्यक्ष,**
**अध्यक्ष मण्डलका सहयोद्धा कामरेडहरू,**
**सङ्घर्षशील सहकर्मी प्रतिनिधि कामरेडहरू,**
**जोशिलो क्रान्तिकारी अभिवादन, लालसलाम !**

म सम्पूर्ण प्रतिनिधि कामरेडहरूलाई पार्टीको सातौं राष्ट्रिय महाधिवेशनको बन्दसत्रमा हार्दिक स्वागत गर्दछु ।

## १.

२०७० सालको वैशाख २५-२९ गते पार्टीको छैटौं राष्ट्रिय सम्मेलनको बन्दसत्रमा यसरी नै भेला भएर हामीले गंभीर विषयहरूबारे विचार-विमर्श गर्दै महत्वपूर्ण निर्णयहरू गरेका थियौं; साथै पार्टीको छैटौं केन्द्रीय कमिटीको निर्वाचन गरेका थियौं, जसको नेतृत्वमा सङ्घर्ष गर्दै आज हामीहरू यस ऐतिहासिक मुकाममा आइपुगेका छौं । स्मरणीय छ, झापा सङ्घर्षको झण्डै एक दशक पछि झापाली क्रान्तिकारीहरूले २०३५ सालको पुष ११ गते (२६ डिसेम्वर,१९७८) मोरङ जिल्लाको इटहरा गाँउमा भूमिगत ढङ्गले राष्ट्रिय सम्मेलन आयोजना गरी कामरेड पुष्पलालद्वारा स्थापित नेपाल कम्युनिष्ट पार्टीको उत्तराधिकारीको रूपमा नेकपा (माले) को स्थापना गरेका थिए । यस पार्टीमा तत्कालीन नेकपा (मार्क्सवादी) को एकीकरण भई बनेको नेकपा

(एकीकृत मार्क्सवादी-लेनिनवादी) अर्थात् नेकपा (एमाले) विभाजित हुँदा २०५४ साल फागुन २१ गते पुर्नस्थापित नेकपा (माले) ले २५-२७ मंसिर, २०५७ साल (१०-१२ डिसेम्वर, सन् २०००) मा अर्को राष्ट्रिय सम्मेलन गरेको थियो।

नेकपा (माले) स्थापना गर्ने राष्ट्रिय सम्मेलनलाई पहिलो मान्दा २०५७ साल मंसिरमा आयोजित राष्ट्रिय सम्मेलन दोस्रो बन्न जान्छ। एवम् रीतमा पार्टीले २०७० साल वैशाखसम्ममा तेस्रो, चौथो, पाँचौं र छैटौं राष्ट्रिय सम्मेलन[1] गरिसकेको छ हामीले नेकपा (माले) को स्थापनादेखि ६ वटा राष्ट्रिय सम्मेलन गरिसकेका छौं। यस अघि नेकपा (माले) ले ९-१४ भाद्र २०४६ (२५-३० अगस्ट, सन् १९८९) मा चौथो राष्ट्रिय महाधिवेशन गरिसकेको छ र नेकपा (एमाले) द्वारा आयोजित पाँचौं र छैटौं राष्ट्रिय महाधिवेशनमा हामी पनि सम्मिलित रहेका थियौं। यस प्रकार पुर्नस्थापना पछि नेकपा (माले) ले अब आयोजना गर्ने महाधिवेशन सातौं राष्ट्रिय महाधिवेशन नै हुनजान्छ।

नेकपा (माले) को पुर्नस्थापना २१ फागुन, २०५४ (५ मार्च, १९९८) देखि पाँचवटा राष्ट्रिय सम्मेलन गरिसकेपछि हामीहरू अहिले सातौं राष्ट्रिय महाधिवेशन आयोजना गर्ने ऐतिहासिक घडीमा आइसकेका छौं। अब पार्टीको राष्ट्रिय महाधिवेशन नै गर्नुपर्ने कारणलाई निम्न प्रकार उल्लेख गर्न सकिन्छ : **(क)** नेकपा (माले) ले समाजमा अपेक्षित रूपमा पार्टी-हैसियत हासिल गरिसकेको छ; **(ख)** संस्थागतरूपमा नै देशले लोकतान्त्रिक गणतन्त्र र सङ्घीयता सहित धेरै अग्रगामी सामाजिक परिवर्तनको नयाँ युगमा प्रवेश गरिसकेको छ, जसको निम्ति नेकपा (माले) द्वारा गरिएका सङ्घर्षको समेत उल्लेख्य योगदान रहेको छ; **(ग)** समाज नै उन्नत चरणमा प्रवेश गरेको स्थितिमा पार्टीलाई उन्नत साङ्गठनिक स्तरमा उठाउनु पर्ने बेला भैसकेको छ र **(घ)** आखिरमा भनिए पनि, अत्यन्त महत्वपूर्ण कारण चाहिँ के हो भने अहिले पार्टी **नेपाल चिन्तन**लाई व्यवस्थित गर्दै त्यसलाई पार्टीको अतिरिक्त मार्गदर्शकको रूपमा सँस्थागत गर्ने अवस्थामा आइपुगेको छ।

यति धेरै महत्वपूर्ण आधारहरू प्राप्त भएपछि सातौं राष्ट्रिय महाधिवेशन मार्फत आगामी सामाजिक परिवर्तन तथा आर्थिक निर्माणका चुनौतिहरूको सामना गर्न सक्षम पार्टी निर्माण गर्ने कदम चाल्नु अपरिहार्य भएको छ। म इतिहास रचना गर्न लागिरहेको पार्टीको यस सातौं राष्ट्रिय महाधिवेशनका सम्पूर्ण सहयोद्धा प्रतिनिधिहरूलाई हार्दिक बधाई दिदै आफ्ना काँधमाथि आएका जिम्मेवारी वहन गर्न सक्ने जाँगर, सहास र शक्ति हामीसवैलाई प्राप्त हुन सकोस भन्ने कामना गर्दछु।



*एकीकृत नेकपा (माओवादी) मा एकीकृत हुने सम्बन्धमा मत-भिन्नता बढ्दै गई रामवहादुर थापा 'वादल' को नेतृत्वमा एउटा समुह नेकपा (क्रान्तिकारी माओवादी) वाट फेरि अलग भयो। यस प्रकार अहिले घोषित रूपमा उग्रवामपंथी कार्यदिशा लिने दुइवटा माओवादी पार्टी-समुह देखिएका छन्- (१) नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको 'नेकपा माओवादी' र (२) मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) यिनीहरू मध्ये नेकपा माओवादी नेपालमा तत्काले जनयुद्ध र जनविद्रोहको कार्यदिशा लिनु पर्छ भन्ने उग्रवामपंथी मान्यता राख्तछ र त्यसले हिँजोआजदेखि नै हमला र तोडफोडको उग्र कार्वाही गर्न थालेको छ। यस समुहको कार्यदिशा र कृयाकलापहरू नेपालमा अस्थीरता ल्याउने विदेशी रणनीति अनुरूप देखिएका छन्। त्यस पछि नेकपा (क्रान्तिकारी माओवादी) को कुरो आउँछ। यो समुह पनि नेपालमा तत्काल जनगणतन्त्र कायम गर्ने कार्यनीति लिनु पर्छ भन्ने आग्रहवाट काम गरिरहेको छ। यिनीहरू पनि संविधानसभावाट निर्मित संविधानलाई अस्वीकार गर्दै नयाँ संविधान वनाउने कुराको वकालत गर्दछन्। यि दुवै वामपंथी समुहका नीति र गतिविधिहरूले नेपालमा अस्थीरता ल्याउने, यहाँको अग्रगामी परिवर्तनका उपलब्धीहरूलाई उल्टाउने, नेपाललाई कमजोर र असफल राष्ट्र वनाउने र अन्तत्तोगत्वा यसको विलय गर्ने विदेशी संकीर्ण रणनीतिलाई प्रकारान्तरले सघाउने काम गर्दछन्। यो क्रान्तिकारीको नाउमा अधोगमन र राष्ट्रविरोधी कार्यलाई सघाउने उग्रवामपंथी आवरणको औसरवाद हो।*

***५. नाकावन्दीका सातवटा मागहरू :*** *विसं २०७२ सालको असोज ६ गते दिल्लीवाट प्रकाशित भारतीय पत्रिका 'इण्डियन एक्सप्रेस'ले दिएको समाचार अनुसार निम्न सातवटा मागहरू नाकावन्दी हटाउनका निम्ति भारत सरकारको तर्फवाट भारतीय राजदूत रञ्जित रायले नेपालका शिर्ष नेताहरूलाई दिएका हुन : (१) जनसङ्ख्याको आधारमा निर्वाचन-क्षेत्र हुनु पर्ने, (२) समानुपातिक-समावेशी सिद्धान्तको आधारमा राज्यका निकायहरूमा (मधेशी) प्रतिनिधित्व सुनिश्चित गरिनु पर्ने, (३) अंगिकृत नागरिकहरूले पनि वंशजका नागरिकहरू सरह राष्ट्र प्रमुख, सरकार प्रमुख, सुरक्षा निकायको प्रमुख लगायतका महत्वपूर्ण पदमा रहने अधिकार पाउनु पर्ने, (४) उपल्लो सदनको रूपमा रहेको राष्ट्रिय सभामा निर्वाचित हुने सदस्यहरूको संख्या प्रदेशको आधारमा होइन, जनसङ्ख्याको आधारमा हुनु पर्ने, पूर्वका झापा, मोरङ् एवम् सुनसरी जिल्ला र पश्चिमका कञ्चनपुर एवम् कैलाली जिल्लालाई पहाडी क्षेत्र वहुल क्रमश : १ र ७ नम्वरका प्रदेशवाट झिकेर मधेशी समुदाय वहुल क्रमश : २ र ५ नम्वरका प्रदेशमा राखिनु पर्ने, (६) निर्वाचन क्षेत्रहरूको पुनर्निर्धारण २० वर्षको साटो १०/१० वर्षमा हुनु पर्ने र (७) नेपाली नागरिक सँग विवाह गरेर आउने विदेशी (भारतीय) महिलालाई निवेदन दिना साथ अंगिकृत नागरिकता दिनु पर्ने। उपरोक्त मागहरू मध्ये पनि प्रदेशको सिमांकन सम्वन्धी नं (५) र सम्वेदनशिल पदहरूमा अंगिकृत नागरिकहरूले जान पाउनु पर्ने नं (३) का मागहरूमा वढि जोडदिइरहेको छ।*

***६. नेपालको तराई/मधेश विलय गर्ने रणनीति स्थगित हुने कारणहरू :*** *यो रणनीतिको प्रणेता तत्कालिन भारतीय प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धीलाई जयप्रकाश नारायण नेतृत्वको 'सम्पूर्ण क्रान्ति'को आन्दोलनले अलमल्यायो र उनको पार्टी भारतीय कांग्रेस सन् १९७७ को भारतीय लोकसभाको निर्वाचनमा पराजित पनि भयो। परिणाम स्वरूप उनी सत्ताबाट बाहिरिन पुगिन। यस्तो अवस्थामा उक्त रणनीतिको कार्यान्वयन नहुने अवस्था भारतमा नै पैदा भयो। यसमाथि राजा विरेन्द्रको 'नेपाललाई शान्ति क्षेत्र' घोषित*

## पाद-टिप्पणीहरू

***१.नेकपा (माले) का राष्ट्रिय सम्मेलनहरू :*** *स्थापनादेखि आजसम्ममा नेकपा (माले) ले छवटा राष्ट्रिय सम्मेलन गरिसकेको छ। (१) वि.सं. २०३५ साल पुष ११ गते (२६ दिसेम्बर, १९७८) मा भूमिगत ढंगले मोरङ जिल्लाको इटहरामा प्रथम राष्ट्रिय सम्मेलनको आयोजना गरियो। त्यस सम्मेलनद्वारा नेकपा (माले) को स्थापना भएको हो। (२) विसं २०५४ सालको फागुन २१ गते नेकपा (माले) को पुनर्स्थापना गरिएपश्चात् २५-२७ मंसिर २०५७ साल (१०-१२ डिसेम्बर, २०००) मा यसको दोस्रो राष्ट्रिय सम्मेलन आयोजित भयो। (३) विसं २०५८ सालको फागुन ५ गते नेकपा (माले) को पुर्नगठन गरियो। तत्पश्चात् १८-२० चैत्र, २०६० (१-३ अप्रिल, २००३) मा पार्टीको तेस्रो राष्ट्रिय सम्मेलन आयोजित भयो। (४) विसं २०६३ सालको चैत्र, १८-२१ गते (१-४ अप्रिल, २००६) मा चौथो राष्ट्रिय सम्मेलन भयो। (५) विसं २०६६ सालको जेठ, ३-६ गते (१७-२० मई, २००९) मा पाँचौं राष्ट्रिय सम्मेलन भयो र (६) विसं २०७० सालको बैशाख २९-३१ गते (१२-१४ मई, २०१३) मा छैटौं राष्ट्रिय सम्मेलन भएको थियो। तत्पश्चात् २०७३ सालको बैशाख २५-२८ गते (७-१० मई, २०१६) मा नेकपा (माले) को सातौं राष्ट्रिय महाधिवेशन काठमाडौंको बनकालीमा सम्पन्न भयो।*

***२. नेपालमा पछिल्लो महाभूकम्प :*** *बिसं १९९० सालको माघ २ गते दिउँसो नेपालमा पछिल्लो पटक ८.३ रेक्टर स्केलको महाभूकम्प आएको थियो, जसले जनधनको ठूलो विनाश गरेको थियो।*

***३. माओवादी लडाकुहरूको व्यवस्थापन :*** *विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिए अनुसार माओवादी लडाकुहरूलाई पहिले देशका बिभिन्न स्थानमा सातवटा शिविरहरूमा राखियो, जहाँ त्रीपक्षीय (नेपाली सेना, लडाकुहरू र अनमिन) को निगरानीमा लडाकुहरूका हतियार हरूलाई कन्टेनरमा राखियो। जाँचवुझको क्रममा लडाकुमा सामेल हुँदाका बखत नावालिक ठहरिएका लडाकुहरूलाई अयोग्य लडाकुको रूपमा केही सीप, तालिम र वाटोखर्च सहित विदा गरियो। स्वेच्छापूर्वक अधिकांश लडाकुहरूलाई निश्चित एकमुष्ठ रकम लिई गाउँघर र शहर-बजारमा पुनर्स्थापित हुन पठाइयो। ३ हजार जति इच्छुक छानिएका लडाकुहरू नेपाली सेनामा प्रकृयापूर्वक एकीकृत भए। नावालिग अर्थात् अयोग्य लडाकुहरूको असन्तुष्टी र आन्दोलन अझै पनि जारि छ। एकमुष्ठ नगद लिएर पुनर्स्थापनामा जाने लडाकुहरूले पनि तोकिएको सबै रकम प्राप्त गरिसकेका छैनन्। यी दुवै अपूर्ण कामको टुँगो लगाइए पछि लडाकु व्यवस्थापनको कार्य अन्त्य भएको मानिन्छ।*

***४. वर्तमान नेपालमा उग्रवामपंथी कृयाकलापहरू :*** *एकीकृत नेकपा (माओवादी) विभाजन भई मोहन वैद्यको नेतृत्वमा नेकपा (क्रान्तिकारी माओवादी) संगठित भयो। नेकपा (क्रान्तिकारी माओवादी) वाट पनि कार्यदिशामा भिन्नता भई नेत्रविक्रम चन्द 'विप्लव' को नेतृत्वमा 'नेकपा माओवादी' को नाममा अर्को पार्टी समुह संगठित भयो। प्रचण्ड नेतृत्वको*



## २.

**सम्मानित अध्यक्षमण्डल !**

छैटौं राष्ट्रिय सम्मेलन गरिए पश्चात् देशको इतिहासमा ८१ वर्षपछि[२] २०७२ वैशाख १२ गते विहान ११:५६ बजे आएको ७.६ रेक्टरको विनाशकारी भूकम्प आयो। त्यसले ८,८५६ जनाको ज्यान लियो, २२,३०९ जनालाई घाइते बनायो, ६ लाख भन्दा वढी घर तहसनहस पाऱ्यो र ने.रु. ७ खर्व २५ अर्व जतिको भौतिक क्षति गऱ्यो। त्यसले गरेको क्षतिको पूर्ताल र दिएको पीडाको उपचार गर्न आजसम्म पनि बाँकी नै छ। अहिले हामी उक्त भुईचालो र त्यसपछिको ठूलो पराकम्प (बैशाख २९) तथा अन्य प्राकृतिक प्रकोपहरूमा परी निधन हुनु भएका समस्त देशबन्धुहरूमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गरौं र सामाजिक परिवर्तनको आन्दोलनमा जीवन गुमाउन पुग्नेहरूको निम्ति सम्मान प्रकट गरौं ! ३ असोज, २०७२ मा संविधानसभाद्वारा निर्मित संविधान जारी भएपछि त्यसको विरूद्ध गरिएको नाकावन्दीको भर्त्सना गर्दै अध्यावधि बाँकी रहेका त्यसका कारणहरूलाई राजनैतिक उपायद्वारा अन्त्य गर्ने प्रण गरौं। भूकम्पले गरेको विनाश र नाकावन्दीले ल्याएको क्षतिलाई पुननिर्माण र निर्माणद्वारा पुर्ताल गरिछाड्ने प्रण गरौं !

हामी संविधानसभाद्वारा निर्मित र तत्कालिक राष्ट्रपति डा.रामवरण यादवद्वारा जनतामा समर्पित सङ्घीय गणतान्त्रिक नेपालको अग्रगामी लोकतान्त्रिक र समानता, समावेशीकरण तथा अग्रगामी सामाजिक-आर्थिक परिवर्तनको ढोका खोल्ने संविधानलाई दृढतापूर्वक कार्यान्वयन गर्ने प्रतिज्ञा गरौं। आधुनिक नेपालको सिङ्गो कालखण्डभरि नै नेपालको सुरक्षा, स्वतन्त्रता, सार्वभौमसत्ता र भूअखण्डता विरूद्ध कायम रहेको खतराको कारण देशको अस्तित्व रक्षालाई प्राथमिकता दिने र यसलाई बल पुऱ्याउने गरी मात्र देशमा विद्यमान सामाजिक-राजनीतिक समस्याहरूको समाधान खोज्ने **नेपाल-चिन्तन**लाई ब्यबस्थित गर्ने र त्यसले देखाएको तरिकाले मार्क्सवाद-लेनिनवाद तथा माओत्सेतुङ बिचारधाराको सृजनात्मक प्रयोग गर्न सचेत भएर लाग्ने प्रतिबद्धता जाहेर गरौं।

## ३. वर्तमान अन्तर्राष्ट्रिय स्थिति

**सम्मानित अध्यक्षमण्डल !**
**सङ्घर्षशील सहकर्मी प्रतिनिधि कमरेडहरू !**

नेपाली जनता संविधानसभाबाट सङ्घीय गणतन्त्र नेपालको 'हाम्रो र राम्रो' अग्रगामी लोकतान्त्रिक संविधान ल्याएर अनि देशमा विद्यमान सामाजिक-राजनीतिक द्वन्द्वको माध्यम बनेका पूर्वलडाकुहरूलाई समायोजन

एवम् सामाजिक पुर्नस्थापनाबाट व्यवस्थापन[३] गरेर देशमा दिगो शान्ति र स्थिरता कायम गर्दै आर्थिक-भौतिक विकास गर्न चाहिरहेका छन् । तर शक्ति-राष्ट्रहरू, मूलभूतरूपमा नजिक वा टाढाका विस्तारवादी/प्रभूत्ववादी तथा साम्राज्यवादी शक्ति-राष्ट्रहरू आफ्नो वरिपरि र दुनियाभरि नै आफ्नो प्रभाव, प्रभूत्व, नियन्त्रण र एकाधिकार विस्तार गर्न चाहन्छन् । सन् १९९० दशकको प्रारम्भमा सोभियत सङ्घ तथा यसका छिमेकी केही मित्र राष्ट्रहरूमा तत्काल विद्यमान 'समाजवादी व्यवस्था'मा ल्याइएको बिग्रह र अतिमहाशक्ति सोभियत सङ्घको बिघटन हुने परिघटना भयो । त्यस सँगसँगै संयुक्त राज्य अमेरिकाको साम्राज्यवादी अतिमहाशक्तीय हैसियत बिरुद्ध विश्वमा नयाँ शक्ति-राष्ट्रहरू र क्षेत्रीय गठबन्धनहरू उदाउन थाले ।

असमान आर्थिक विकासको क्रममा विश्वमा चीन, जापान, युरोपीयन युनियन, रुस, भारत, अस्ट्रेलिया, एशियाली बाघहरू, दक्षिण अफ्रिका, ब्राजिल, इरान आदिजस्ता क्षेत्रीय शक्तिहरू र अफ्रिकी सङ्गठन, दक्षिण अमेरिकी सङ्गठन आसियान, सार्क, साङ्घाई सहयोग सङ्गठन, बोआओ मञ्च जस्ता अनेकौं क्षेत्रीय आर्थिक-राजनीतिक गठबन्धनहरू विकसित भए । १९८९ देखि संस्थागतरूपले नै समाजवादी जनगणतन्त्र चीनले आफ्नो समाजवादी व्यवस्थालाई आधारभूतरूपमा कायम राख्ने सुनिश्चितता गरी खुलापना, अर्थब्यवस्थामा सुधार तथा राजनीतिक प्रणालिमा जनतान्त्रिक परिमार्जन गर्दै समाजवादी आधुनिकीकरणको कार्यदिशा अवलम्वन गरी विश्वको सबभन्दा ठूलो अर्थतन्त्र विकसित गरेको छ । यससँगसँगै त्यसले आफ्नो सुरक्षा क्षमता, विज्ञान-प्रविधिको स्तर र राजनीतिक प्रतिष्ठालाई पनि अभूतपूर्व रूपमा अघि बढाएको छ । यस प्रकार चीन विश्वको पहिलो नम्बरको उदीयमान आर्थिक-शक्ति र संयुक्तराज्य अमेरिका ओह्रालो लागेको अतिमहाशक्तिमा परिणत भएको छ । यसले अन्तराष्ट्रिय शक्ति समीकरणमा ठूलो परिवर्तन ल्याइरहेको छ र क्षेत्रीय शक्तिहरू तथा क्षेत्रीय आर्थिक-राजनीतिक गठवन्धनहरू बलिया बनेका छन् । फलतः दुई ध्रुवीय विश्व-ढाँचा बिघटन भई एकध्रुवीय ढाचा स्थापित नै हुन नसकी विश्व वहुध्रुवीय ढाँचातर्फ बढिरहेको छ, जुन एक सकारात्मक विश्व परिघटना हो ।

**आदरणीय अध्यक्षमण्डल तथा**
**सहयोद्धा प्रतिनिधि कामरेडहरू !**

विश्वस्तरमा भएका घटना-विकासले शक्ति-राष्ट्रहरू वीचमा नयाँ समीकरणलाई जन्म दिएको छ । सोभियत सङ्घको विघटन भइसकेपछि कांग्रेस (आई) र मनमोहन सिंह नेतृत्वको भारत आफूले अपनाउन थालेको उदार अर्थनीतिको कारण पश्चिमा साम्राज्यवादी शक्तिहरूतर्फ देखिनेगरी



संघर्ष गर्दै अग्रगामी सामाजिक परिवर्तनलाई कार्यान्वयन गर्नु, आर्थिक क्षेत्रमा विविध व्यवसायहरूको वृद्धि, जनताका सहकारीहरू र राष्ट्रिय पुँजीको विकास गर्नु हाम्रो वर्तमान राजनीतिक कार्यदिशा हो । यस कार्यदिशा अनुसार पार्टीका विभिन्न तहका कमिटिले पार्टीको तात्कालिक कार्यक्रममा रहेका उपयुक्त विषयलाई छानेर आफ्नो कार्यक्षेत्रमा लागु गर्ने प्रयत्न गर्नुपर्छ, संघर्ष शुरु गर्नु पर्छ, त्यसको लागि राजनीतिक अभियान नै चलाउनुपर्छ ।

उपरोक्त ढङ्गले काम गर्दै हामीले देशमा बढिरहेको विदेशी रणनीतिक स्वार्थ र हस्तक्षेप विरूद्धको संघर्षमा जोड दिनुपर्छ । सामाजिक-आर्थिक पक्षका संघर्षलाई सकृयतापूर्वक अघि बढाउँदै राष्ट्रियता निम्तिको संघर्षलाई प्राथमिकता दिनुपर्छ ।

उपरोक्त ढङ्गबाट गरिने अग्रगामी सामाजिक-आर्थिक परिवर्तन निम्तिको व्यापक संघर्षले निश्चित समय-विन्दुमा पुगेपछि समाजमा राजनीतिक टकरावको अवस्था सृजना गर्नेछ । त्यस टकरावबाट नेपाली समाजले जनवादी क्रान्तिको लक्ष्य हाँसिल गर्ने अनुकुलता र अवसर प्राप्त गर्ने छ, भूराजनीतिले तत्काल जनताको जनवाद प्राप्तिलाई दुरुह वनाए पनि नेपाली जनताले राष्ट्रिय मुक्तिका ठूल-ठूला अवरोधहरूलाई पार गर्ने चौँथो राजनीतिक परिवर्तन ल्याई छाड्ने छन् ।

पटक-पटक हुने राजनीतिक परिवर्तनले नेपाली जनतालाई एकपटक आमूल परिवर्तनको लक्ष्यमा, जनताको जनवाद हासिल गरी वैज्ञानिक समाजवादमा प्रवेश गर्ने द्वारमा पुऱ्याई छाड्ने छ ।

**लालसलाम, धन्यवाद !**

***

हरसम्भव उपायद्वारा पार्टी दृष्टिकोण र नीतिको प्रचार गरौं । यी काम गर्दै हामीले कार्यकर्तालाई विश्वास दिलाउन कानकानमा कुरा गर्नुपर्छ, कोठे वैठक पनि गर्नुपर्छ । हामी जनताका समस्या समाधान गर्न सडक सङ्घर्षमा उत्रने बाटो अपनाऔं । हामी अल्छी नगरी समय मिलाएर कुनै न कुनै रचनात्मक काम गरौं । यसो गर्‍यौं भने मात्र पार्टी जनतामा पुग्नेछ । नेकपा (माले) का नीति देशभक्तिपूर्ण छन्,जनपक्षीय र प्रगतिशील छन्; लोकप्रिय छन् । तिनलाई जनताको बीचमा व्यक्तिगत रूपबाट मात्र होइन, सार्वजनिक माध्यमबाट लैजानाले नै पार्टी वढ्ने छ, बलियो हुनेछ र शक्तिशाली हुनेछ । अन्ततः पार्टी नै शक्ति बन्ने छ ।

## १०. अग्रगामी सामाजिक-आर्थिक परिवर्तनको कार्यदिशा, गन्तव्यमा पुग्ने हाम्रो भिसा !

आदरणीय अध्यक्षमण्डल,
प्रिय सहभागी कमरेडहरू !

धेरै वर्ष लगाएर वहश, विवाद, संघर्ष, असफलता र अनौठो संयोग पछि संघीय गणतन्त्र नेपालको अग्रगामी लोकतान्त्रिक संविधान ३ असोज २०७२ मा जारि भयो । त्यो संविधानको कार्यान्वयन हाम्रो जिम्मेवारी बनेको छ ।

२०७२ सालको वैशाख महिनाको १२ र २९ गतेका विनाशकारी भूकम्पले गरेको जनधन, संरचना र सम्पदाहरूको क्षति गंभीर, व्यापक र दूरगामी दुष्परिणाम दिने क्षति हुन् । क्षतिलाई न्यूनीकरण गर्दै चुनौतीलाई अवसरमा परिणत गर्ने भूकम्प पश्चात्को पुनर्निर्माण र निर्माण हाम्रो दायित्व हो ।

कालोबजारी, महङ्गी, घुसखोरी, भ्रष्टाचार, अनाचार, असुरक्षा, वेरोजगारी र अव्यवस्थाको विरोध गर्नु हाम्रो कर्तव्य हो । यी ब्याधीहरूको अन्त्य नगरी हामी हाम्रा ऐतिहासिक जिम्मेदारी र दायित्वलाई पूरा गर्न सक्तैनौं ।

विधिको शासन कायम गर्नु, विदेश पलायित जनशक्तिलाई स्वदेश फिर्ता गर्नु, स्वावलम्वी बन्नु र देशलाई आत्मनिर्भरताको दिशातर्फ डोर्‍याउनु हाम्रो आफ्नै भविष्य निर्माण गर्नु हो । यसलाई जिम्मेवारीपूर्वक कार्यान्वयन गरौं ।

पूर्वाधारहरूको निर्माण, उत्तर-दक्षिण बाटाहरू, पूर्व-पश्चिमका बाटाहरू, व्यापार-पारवहनमा विविधिकरण, जलस्रोतको सदुपयोग, कृषिको व्यवसायीकरण, पर्यटन उद्योगको विकास, प्राकृत्तिक स्रोत, खानी र खनिजको दोहन आजका हाम्रा राष्ट्रिय अभिभारा हुन ।

समाजमा बढेको दलाल पुँजीवाद, बचेको सामन्तवाद, बढेको नवऔपनिवेशीक/अर्धऔपनिवेशिक नीति र प्रभूत्ववाद-साम्राज्यवादको विरूद्ध



ढल्कन लागेको थियो । हाल आएर भारतीय जनता पार्टी र नरेन्द्र मोदी नेतृत्वको भारतले संयुक्तराज्य अमेरिकासँग रणनैतिक स्तरको सम्वन्ध विकास गरेको छ । परिणामतः संयुक्तराज्य अमेरिकाले भारतलाई आफ्नो शस्त्रास्त्र र आणविक भण्डारमा विश्वासनीय पहुँच दिएको छ भने भारतले पनि चीनलाई घेर्ने साम्राज्यवादी विश्वरणनीतिको सेवामा आफ्नो विदेश नीतिलाई निर्देशित गरेको छ । परिणामतः भारतको **'पूर्व हेर्ने' रणनीति**को सारतत्व अमेरिकाका मित्र देशहरूलाई सघाउने र चीन-विरोधलाई प्रश्रय दिने बनेको छ । यस प्रकार संयुक्तराज्य अमेरिका, भारत, युरोपियन राष्ट्रहरू र अमेरिकाका अन्य मित्रहरू वीचको शक्ति समीकरणले ठोस आकार लिन गइरहेको देखिन्छ ।

आफ्नो आर्थिक शक्ति र राजनीतिक प्रतिष्ठा वढ्दै गएपछि त्यसलाई टेवा दिन जनगणतन्त्र चीनले आफ्नो सामरिक क्षमता वढाउँदै, आफ्ना सामुन्द्रिक मार्गहरूलाई सुरक्षित राख्न दक्षिणचीन सागर क्षेत्रमा आफ्ना सार्वभौम अधिकारहरूको रक्षा तथा प्रयोग गर्दै अनि अन्य राष्ट्रहरूसँग पारस्पारिक सहयोग बढाउँदै आफ्नो निम्ति अनुकुलता थप्दै लगेको छ । चीनले आतंकवादको प्रतिवाद गर्न, युरोपसँगको पहुँचलाई सुरक्षित एवम् विस्तार गर्न अनि उर्जा आपूर्तीलाई सुनिश्चित राख्न रुसी महासङ्घ सँगको सम्वन्धलाई रणनैतिक स्तरमा बढाएको छ । हिन्द महासागर र अरेवियन सागरसम्मको पहुँचलाई स्थापित गर्न पाकिस्तान सँगको आफ्नो परम्परागत सम्वन्धलाई गाढा र बहुआयामिक बनाउँदै लगेको छ । यस सँगसँगै चीनले मुस्लिम तथा अफ्रिकी देशहरू, दक्षिण अमेरिका र अष्ट्रेलियासँगको मित्रता एवम् आपसी सहयोगलाई गाढा वनाउँदै लगेको छ । यसप्रकार चीन, रुस र तिनका मित्रहरूवीच भरपर्दो रणनीतिक सम्वन्ध निर्माण भैरहेको देखिदैछ । आफ्नो दक्षिणी सीमानालाई शान्त र सुरक्षित राख्न चीनले नेपालसँगको सम्वन्धलाई 'चौतर्फी सहयोगात्मक सम्वन्ध'बाट रणनीतिक सम्वन्धको स्तरमा बढाएको छ, जसलाई नेपालले तटस्थताको आधारमा दुवै छिमेकीसँग आफ्नो सन्तुलित र समसामिप्यतामा आधारित सम्वन्धको प्रतिकुल नहुने गरी सदुपयोग गर्नु पर्दछ ।

चीनले प्राचीनकालमा वाह्य आवागमन र व्यापारलाई वढाउनको लागि जुन बाटाहरूको प्रयोग गर्दथ्यो, अहिले तिनै बाटाहरूलाई प्रयोग गर्दै र त्यही प्राचीन भागलाई प्रयोग गर्दै नयाँ व्यापारिक मार्गहरू खोल्ने र साझा समृद्धी बढाउने योजना अघि सारेको छ । 'एक क्षेत्र, एक मार्ग'को नाउबाट अघि बढाइएको यो योजना नयाँ 'रेशम मार्ग'को खोल्ने योजना हो, जसले उक्त मार्गहरू उपयोग गर्ने हरेक देशलाई आफ्नो समृद्धी बढाउन सहयोग गर्दछ । साम्राज्यवादी शक्तिहरूको आर्थिक र सैनिक बलको आधारमा विश्वमा आफ्नो प्रभूत्व जमाउने रणनीतिलाई यो 'रेशम मार्ग' योजनाले चुनौती दिएको छ ।

त्यतिमात्र होइन, यसले शक्ति-सम्पन्न देशहरूवीच हुन सक्ने सैनिक मुठभेडको संभावनालाई न्यूनीकरण गरेको छ। यस योजनाले सवै देशहरूको समृद्धिलाई सघाउदै विश्व-शान्ति र स्थीरतालाई प्रवर्द्धन गर्दछ।

विश्वस्तरमा सुस्तरी निर्माण भइरहेको माथि चर्चित नयाँ शक्ति-समीकरणको प्रभाव भूराजनीतिक कारणले तात्कालिक र रणनैतिक दुवै कोणबाट नेपालमाथि पर्दछ। हामीले गंभीरतापूर्वक लिनु पर्ने भएको छः नेपालभित्र हुर्काउन खोजिएको जातीय-क्षेत्रीय सङ्कीर्णतावादीहरूको वैधानिक आन्दोलन, विखण्डनकारी अवैधानिक भूमिगत आन्दोलन र कथित 'क्रान्तिलाई' पूर्णता दिने आवरणमा प्रोत्साहित गरिएका उग्रवामपन्थी कृयाकलापहरू[४] र तिनीहरूवीच कायम गरिनसक्ने सहकार्य अनि नेपालको नयाँ संविधानलाई "अपूर्ण, असमावेशी र सवै समुदायहरूलाई समेट्न नसक्ने भएको" आरोप लगाउँदै बढाउन थालिएको अन्तर्राष्ट्रिय दवाव त्यही वैश्विक शक्ति समीकरणको अभिव्यक्तिको रूपमा प्रस्तुत भएका त होइनन्? यसलाई नेपालीहरू र विशेषतः जिम्मेवार नेपाली राजनीतिक दल र तिनका नेताहरूले हल्का-फुल्का ढंगले लिनु हुँदैन। नेपालको सुरक्षा, स्वतन्त्रता, सार्वभौमसत्ता तथा भूअखण्डतामाथि खतरा कायम रहिरहेको वर्तमान अवस्थामा नेपाललाई प्राथमिकता दिन र यस आधारमा सामाजिक-राजनीतिक एवम् आर्थिक समस्याहरूको समाधान गर्ने सृजनात्मक नीतिहरू अपनाउन सवै नेपालीहरूले **नेपाल-चिन्तन**बाट मार्गनिर्देशित हुनु अत्यावश्यक बनेको छ।

## ४. वर्तमान राष्ट्रिय राजनीतिक स्थिति

**सम्मानित अध्यक्षमण्डल,**
**तथा सहयोद्धा प्रतिनिधि कामरेडहरू !**

**४.१.** वर्तमान समयमा नेपाल अनिश्चित र अस्थीर अवस्थाबाट गुज्रिरहेको छ, यद्यपि २०७२ साल असोज ३ गते दोस्रो संविधानसभाले सङ्घीय गणतन्त्र नेपालको अग्रगामी लोकतान्त्रिक संविधान जारि गरेर करिव साढे नौ बर्ष लामो सङ्क्रमणकाललाई आधारभूतरूपमा अन्त्य गरेको छ; शान्ति प्रकृया अन्तिम चरणमा पऱ्याएको छ र नयाँ संविधानलाई कार्यान्वयनको प्रकृयामा प्रवेश गराएको छ। स्वभाविकरूपमा सरोकारवाला सबै पक्षका सबै मागलाई नयाँ संविधानले समेट्न नसकेको भए पनि यसले सबै पक्षका मूल सरोकारलाई सम्वोधन गरेको छ; यो जातीय, क्षेत्रीय, लिङ्गीय तथा जातपातीय आधारमा समानता एवम् समावेशीकरणको पक्षपाती रहेको छ र यो संविधान विभेदमा पारिएका क्षेत्रहरू तथा जाति एवम् जात समुदायहरू र महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग समुदायहरूप्रति मैत्रीपूर्ण रहेको छ। यो जनतान्त्रिक



कोणसभा, हलसभाहरू आयोजना गरी पार्टीका दृष्टिकोण र नीतिहरू जनता समक्ष राख्नुपर्छ। हामीले रेडियो, टीभी र पत्रपत्रिकामा बोलेर र लेखेर पनि पार्टी नीति जनतामा लानु पर्छ। यी काम हामी गरिरहेका छैनौं। विशु अभियान र नेपाल जागरण आन्दोलन चलाउन भुइँतहमा गएपनि हामी जनतालाई लिएर कोणसभा, हलसभा र जनसभा राख्न चाहँदैनौं, ध्यान दिदैनौं, महत्व दिदैंनौं। जनतालाई पार्टी नीति र दृष्टिकोण नसुनाइकन, कार्यकर्ताहरूलाई मात्र सुनाएर कसरी जनतामाझ पार्टी स्थापित गर्न सकिन्छ। हामीले सार्वजनिक कार्यक्रम गरी जनता वीच पार्टीका दृष्टिकोण र नीति लानैपर्छ।

हामी जनताका समस्या समाधान गर्न प्रायः नेता वा हाकिमसँग भनशुन मात्र गर्न चाहान्छौं। जव्वर बनेका समस्याहरू समाधान गर्न भनशुनले पुग्दैन, जनताको आवाज उठाउनुपर्छ, समस्या समाधान गर्न जनतालाई गोलबन्द गर्नुपर्छ। आवश्यक पर्दा कोणसभा, हलसभा या जनसभाहरू गर्नुपर्छ, जुलुश ऱ्याली गर्नुपर्छ, घेराउ, हड्ताल वा बन्द पनि गर्नुपर्छ। संघर्ष नगरी जव्वर समस्याहरू समाधान हुदैनन् र पार्टी पनि जनतामा स्थापित हुँदैन।

हामी पाँच जनकार्यमा उल्लेखित रचनात्मक काम गर्न ध्यान दिंदैनौं। गाउ, नगर वा जिल्लाले दिने बजेटको सदुपयोग गरेर हामी साना-ठूला रचनात्मक काम गर्न सक्छौं। हामी त्यस्ता बजेटको सदुपयोग गरेर जनताका सानातिना समस्या समाधान गर्न सक्छौं। हामी गैसस बनाउन सक्छौं, बनाइदिन सक्छौं र तिनबाट योजना ल्याउन सक्छौं। तर हामीले यी काम गर्न पर्याप्त ध्यान, शक्ति र समय लगाएका छैनौं। त्यसैकारण हामी आफ्नो त्यो जनाधारलाई अपक्षेति मात्रामा बढाउन सकेका छैनौं।

**आदरणीय अध्यक्षमण्डल**
**प्रिय सहभागी कामरेडहरू !**

पार्टीमा आउन चाहने, कमिटीमा वस्ने र पद पनि खोज्ने तर जनताका वीच पार्टीका दृष्टिकोण र नीति लान मेहनत नगर्ने, नलाने हो भने हामीले कसरी पार्टीलाई जनताकावीच स्थापित गर्न सक्छौं? पछिल्लो पटक २०५८ सालदेखी हामी निरन्तर नेकमा (माले) मा भए पनि यिनै काम हामीले गंभीरता र लगनशीलताका साथ नगरेको हुनाले हामी जहाँको त्यहीँ छौं। कतिपय ठाउँमा त हामी झन तल झरेका छौं र कमजोर भएका छौं।

कमरेडहरू ! हामीले माथि भनिए जसरी घनिभूतरूपमा जनतामा जाने काम गरेनौं। परिणामस्वरूप हामीले अपेक्षित मात्रामा जनसमर्थन र जनआधार बढाउन सकेनौं। र यस्तै गरिरहने हो भने भएको पनि गुमाउने छौं। हामी पार्टीलाई शक्तिमा रूपान्तरित गर्न चाहान्छौं भने पार्टीका दृष्टिकोण र नीति जनताको वीचमा लान सार्वजनिक जनसभा, कोणसभा, हलसभाहरू गरौं।

बढ्न सक्तछन् । यिनीहरूवारे सजग रहनु पर्छ र त्यस्ता प्रवृत्तिहरू हानीकारक स्तरमा पुग्नु अगावै उपचार गर्न पार्टीले ध्यान दिनुपर्छ ।

हामीले गर्न नसकेका काम पनि धेरै छन् । हामी गंभीरतापूर्वक ध्यान र महत्व दिएर पार्टीका अपानिहरू पढ्दैनौ, अथवा कम पढ्छौं । हामी पार्टी दस्तावेजहरू पटक-पटक पढ्दैनौं, या पटक्कै पढ्दैनौं । हामी पार्टीका सिद्धान्त, राजनीति, दृष्टिकोण, नीतिआदिवारे कमरेडहरूविच छलफल र सामुहिक अध्ययनको आयोजना गर्दैनौं । हामी मार्क्सवादी कितावहरू, प्रगतिशील साहित्यका पुस्तकहरू पढ्दैनौं अथवा थोरै मात्र पढ्छौं ।

उपरोक्त काम नगरुन्जेल हाम्रो चेतना, हाम्रो राजनीतिक क्षमताले निखार पाउँदैन । हामी जति दिन, हप्ता, महीना र वर्ष पार्टीकार्यमा झुण्डिरहे पनि हाम्रो स्तर, गुण, क्षमता र व्यक्तित्वमा वृद्धि हुँदैन । परिणामतः हाम्रो कमिटिको, सङ्गठनको क्षमता बढ्दैन । हामी स्वेच्छाले समाज परिवर्तन गर्ने र त्यसमार्फत जनता र राष्ट्रको सेवा गर्ने यज्ञमा सामेल भएका हौं । यो साँच्चै हो भने हामी किन समर्पित भएर लाग्दैनौं ? हामी किन आफ्नो योग्यता क्षमता र योगदान बढाउने गरी राजनीतिक क्षेत्रमा लाग्दैनौं ? किन यसको निम्ति सचेतन प्रयत्न गर्दैनौं ?

के हामी पार्टीमा आफ्नोनिम्ति नाम, दाम,  सुविधा र सत्ता खोज्नलागेका हौं ? अवश्य पनि होइनौं । तर यस्तो सोंच राख्ने कमरेडहरू पनि हाम्रै वरिपरि हुन सक्छन् । त्यस्ता कमरेड गलत ठाउँमा आएको हुन् । त्यो खोज्ने ठाउँ अन्यत्रै होला । तर राजनीतिक पार्टीमा होइन र निश्चित रूपमा नेकपा (माले) मा त हुँदै होइन । वास्तविकता यस्तो भए तापनि नाम, दाम, सुविधा र सत्ता प्राप्तिकै उद्देश्यलाई प्राथमिकता दिने कमरेडहरू पार्टीमा अवश्य छन् । यस्ता कमरेडहरू पार्टीमा आएर समाज परिवर्तन र जनता तथा राष्ट्रका निम्ति केही दिन तयार हुन्नन् र दिन पनि सक्तैनन् । उनीहरू आफ्नो निम्ति केही थप्न मात्र चाहान्छन् । उनीहरू आफ्ना सबै काम गरिसकेर बाँकी समय मात्र पार्टीको काममा दिन चाहान्छन् । त्यसैकारण उनीहरू पार्टीका वैठकमा समयमा पुग्दैनन् र पुगेपछि पनि वैठकलाई चाहिने समय दिँदैनन् । उनीहरू आफूलाई केही प्राप्त भए मात्र खुशी हुन्छन, सो नभए असन्तुष्ट, आलोचक र घोर बिरोधी बन्ने गर्छन् ।  मध्यमबर्गीय वा निम्नपूँजीवादी वर्गीय सोच राख्ने यस्ता पार्टी कमरेडहरूले आफूलाई सुधार्दैनन् भने उनीहरूले जनता र पार्टीको अपेक्षा मुताविक केही काम गर्न सक्दैनन् ।

हामीले पढेर पार्टीको नीति बुझेर मात्र पुग्दैन । हामीले सक्रिय भएर मानिसको कान कानमा पार्टीको कुरा पुऱ्याउनुपर्छ । यसरी कान-कानबाट पार्टीका कुरा फैलाएर मात्र पुग्दैन । हामीले सार्वजनिक कार्यक्रमबाट, जनसभा,



प्रकृया मार्फत संविधानसभाका ९० प्रतिशत भन्दा बढी निर्वाचित सभासद्हरूको सहभागितामा जारी भएको लोकतान्त्रिक संविधान हो । यसमा रहेका कमी-कमजोरीहरूलाई कार्यान्वयनको क्रममा संशोधन गर्दै जान सकिने संवैधानिक व्यवस्था रहेको छ ।

संविधानसभाबाट रचना गरिएको यो संविधान नेपालको इतिहासमा जनप्रतिनिधिहरूद्वारा लेखिएको पहिलो अग्रगामी लोकतान्त्रिक संविधान हो । यस्तो संविधानप्रति देशको कुनै पनि समुदायमा केही असन्तुष्टि र केही आलोचना रहनु स्वभाविक भएपनि यो च्यात्तिनु, फालिनु र डढाइनु पर्ने दस्तावेज होइन । तर देशका केही मधेश-केन्द्रित र  जनजाति-केन्द्रित दलका सङ्कीर्ण नेताहरू यसलाई बिरोध र वहिष्कार गर्नपुगे र भारतजस्तो लोकतान्त्रिक छिमेकी मित्र देशको सरकारले पनि यसलाई सुरुमै स्वागत नगरी चर्को बिरोध र नाङ्गो हस्तक्षेप गर्ने नीति लिन पुग्यो । परिणामतः भारत सरकार सातवटा विषयलाई[५] नेपालको नयाँ संविधानमा सामेल गरिनुपर्ने माग गर्दै २०७२ को असोज ५ गतेदेखि नेपाल विरुद्ध अघोषितरूपमा नाकावन्दी गर्न उत्रियो । यसलाई नेपालका जनता, मूल राजनीतिक पार्टीहरू तथा सरकारले दृढ प्रतिवाद गरे, जसप्रति विश्व-समुदायको व्यापक समर्थन रह्यो । यिनै कारणले गर्दा भारतले २०७२ को २२ माघदेखि अघोषितरूपमै नाकावन्दीलाई फिर्ता लियो । तर भारतले त्यसपछि पनि नेपालको ऐतिहासिक नयाँ अग्रगामी लोकतान्त्रिक संविधानलाई विरोध गर्ने हस्तक्षेपकारी नीति फिर्ता लिएको छैन । यो नै नेपालमा अझै पनि अनिश्चित र अस्थीर अवस्था रहनुको मूल कारण हो ।

देशभित्रका मधेश र जनजाति केन्द्रित केही दलहरूका नेताहरू पूर्वाग्रही भएर 'उच्चस्तरीय राजनीतिक समिति'मा सहभागी भई वार्ताद्वारा असन्तुष्टिहरूको समाधान खोज्नपट्टि नलागी पुनः आन्दोलन गर्ने र त्यसलाई देशव्यापी बनाउने प्रयत्न गरिरहेका छन् । केही भूमिगत सङ्गठनहरू **"मधेश, स्वतन्त्र देश"** भन्ने विखण्डनकारी नीति लागू गर्न देशभित्र र बाहिरबाट सशस्त्र सङ्घर्ष गर्ने तयारीमा जुटेका छन् । यस्ता भूमिगत सङ्गठनहरू मधेश-केन्द्रित र जनजाति-केन्द्रित सङ्कीर्णतावादी दलहरूले विकास गर्ने वैधानिक विरोध आन्दोलनलाई आफ्नो आधार वा प्रभावक्षेत्र वनाउन सकृय प्रयत्न समेत गरिरहेका छन् । केही उग्रवामपन्थी कम्युनिस्ट समूहहरू पनि 'अधुरो क्रान्ति पूरा गर्ने' नाममा सशस्त्र सङ्घर्ष गर्ने जोरजाम गरिरहेका छन् । त्यस्ता कथित "क्रान्तिकारी कम्युनिष्ट"  सङ्गठनहरूका उग्रवामपन्थी गतिविधिहरूले पनि परिणामतः जातीय-क्षेत्रीय सङ्कीर्णतावादीहरूको विखण्डनउन्मुख आन्दोलन, विखण्डतावादीहरूको अवैधानिक र भूमिगत सशस्त्र आन्दोलनको तयारी र विदेशी शक्तिहरूको नेपालको नयाँ संविधानलाई आक्षेप लगाउदै नेपालमा

अस्थीरता बढाउने कोशिसलाई नै सघाऊ पुऱ्याउदै छन् । परिणामतः यो क्रान्तिकारीताको आवरणमा दक्षिणपन्थी र विखण्डनवादी शक्तिहरूलाई मद्दत गर्ने क्रान्ति र राष्ट्र विरोधी कार्यमा परिणत हुनेछ । अर्कोपट्टि, भारत सरकार **"नेपालको संविधान अपूर्ण, गैरसमावेशी र सबै समुदायलाई नसमेट्ने भएको"** आक्षेप लगाउदै अन्तर्राष्ट्रिय जनमतलाई भ्रमित पार्ने काम गरिरहेको छ । यसलाई क्षेत्रीय प्रभूत्ववादी तथा साम्राज्यवादी शक्तिहरूको वैश्विक रणनीतिक समीकरणसँग जोड्ने कोशिस भइरहेको छ । कसैले पनि यी घटनाहरूलाई हलुका ढङ्गले लिनु हुदैन ।

निश्चित हो कि तराईका नेपाली मधेशी समुदायको जातीय पहिचानलाई र उनीहरू पनि यस देशका आदिवासी हुन भन्ने तथ्यलाई संविधानमा संस्थागत गरिएको छैन, तर संस्थागत गरिनुपर्छ । नयाँ संविधानले उनीहरूलाई दिएका समानता, समावेशीकरणका र पहुँचका हक-अधिकारहरूलाई लागू गरिनुपर्छ । विगतमा उनीहरूमाथि गरिएका विभेदका कारणहरूलाई गलत नै भए पनि अघि सारिनुपर्छ र तिनलाई अन्त्य गर्ने प्रभावकारी कार्य गर्नुपर्दछ । तराईका दलित भनिने 'शिल्पी समुदायहरू', महिलाहरू, भूमिहीन किसान र व्यापक श्रमजीवी समुदायहरूमाथि जारी सामन्ती शोषण-उत्पीडनको अन्त्य गरिनुपर्छ । तराईमा वैज्ञानिक भूमिसुधार लागू गरिनुपर्छ । यस्ता ज्वलन्त विषहरूलाई मधेश-केन्द्रित दल र तिनका नेताहरू उपेक्षा र विरोध गर्छन् । तिनीहरू तराई/मधेशका शोषित-पीडित मधेशी जनसमुदायहरूको होइन त्यहाँका शोषक सामन्तवर्ग र दलाल वर्गको हित प्रतिनिधित्व गर्दछन्; यसमाथि उनीहरू विदेशी स्वार्थ र रणनीतिको समेत सेवा गर्न पुगेका छन् । तैपनि मधेश-केन्द्रित नेताहरूका भावना र असन्तुष्टिहरूलाई सम्वोधन गरिनुपर्छ, जसको निम्ति वार्ता नै सर्वोत्कृष्ट माध्यम हो । यो माध्यमद्वारा तिनलाई सम्वोधन गर्न नेकपा (माले) सदा तत्पर रहेको छ र भविष्यमा पनि रहनेछ । तर मधेशी समुदाय विरोधी गलत नीति लिने र वार्ताद्वारा समाधान खोज्न अस्वीकार गर्ने मधेश-केन्द्रित दल र तिनका नेताहरूको आलोचना र विरोध गर्नु तराईका व्यापक मधेशी जनताको विरोध गर्नु होइन भनी सबैले वुझ्नु पर्दछ । बरु, संकीर्ण मधेशी नेताहरूका जनविरोधी गलत नीतिको विरोध गर्नु सामन्ती शोषण-उत्पीडन र विदेशी रणनीतिको न्यायोचित विरोध गर्नु हो । वस्तुतः त्यो तराई/मधेशलाई हिमाल-पहाडबाट मात्र होइन, नेपालबाटै अलग्याउने विदेशी रणनीतिको समेत विरोध गर्नु हो ।

**४.२.** संविधानसभाबाट नयाँ संविधान जारी भए पश्चात् निर्वाचित नेकपा (एमाले) का अध्यक्ष कमरेड के.पी.ओली नेतृत्वको वर्तमान सरकार विभिन्न विचारधाराका राष्ट्रवादीहरूको गठवन्धन सरकार हो, जसमा नेकपा (माले)



उपरोक्त प्रकारका गतिविधिहरूबाट बढ्ने पार्टीको लोकप्रियताको कारण पार्टीमा प्रवेश गर्ने व्यक्तिहरूको मेहनतपूर्वक खोजी गरी पार्टीको जनशक्ति र जनाधारलाई बढाउन विशेष ध्यान दिनुपर्छ । यहाँ स्मरणीय छ, जनताबीच पार्टीलाई लाने, चिनाउने र लोकप्रिय बनाउने बिषयप्रति ध्यान नदिई सानो दायरामा नै खुम्चिएर बस्ने प्रवृत्ति जसरी एकपाखे र गलत हुन्छ, त्यसरी नै चर्चा र लोकप्रियता बटुल्नपट्टि मात्र ध्यान दिने तर तिनलाई पार्टीको जनशक्ति बढाउनपट्टि चाहि प्रयोग गर्न ध्यान नदिने प्रबृत्ति पनि नै गलत हुन्छ । एकलकाँटे नभई सृजनात्मक भएर काम गरौं र पार्टीलाई जनताको बीचमा चर्चाको विषय बनाउने, लोकप्रिय बनाउने काम गरौं । पार्टीलाई जनआधारित बनाऔं । यसो गर्‍यौं भने मात्र हामी नेकपा (माले) लाई समाजमा एउटा राजनीतिक शक्तिको रूपमा हुर्काउन सक्तछौं । म महाधिवेशनका सहभागी कमरेडहरूलाई यस सम्वन्धमा आपसमा अनुभवहरू साटासाट गर्न प्रोत्साहित गर्दछु ।

## ९. हामीले के गरेनौं ? के पाएनौं ?

**आदरणीय अध्यक्षमण्डल,**
**सङ्घर्षशील प्रतिनिधि कामरेडहरू !**

हामीले छैठौं राष्ट्रिय सम्मेलनदेखि यताका हाम्रा मूलभूत क्रियाकलापहरूबारे चर्चा गरिसक्यौं । यिनीहरूको अतिरिक्त हामीले भुईतहमा स्थानीय निकायहरू तथा शान्ति समितिहरूका कार्यमा सरिक हुने, विभिन्न कार्यालयहरूमा प्रतिनिधित्व गर्ने, पाँच जनकार्यमा उल्लेखित कामहरू गर्ने, सङ्गठन वनाउने र जनताका पिर मर्काहरू शुन्ने काम पनि गरेका छौं । हाम्रा नेता-कार्यकर्ताहरू विभिन्न एन.जी.ओ.का कार्यक्रमहरूमा सहभागी भएका छौं, तिनीहरूले आयोजना गरेका गोष्ठी, प्रशिक्षण आदिमा भाग पनि लिएका छौं । अनेप्रमसंघ अन्तरपार्टी महिला सञ्जालमा पनि सामेल छ र त्यस माध्यमबाट पनि हाम्रा महिला कार्यकर्ताहरू जनताबीच गइरहनुभएको छ । यस्तै कार्यहरू हाम्रा मजदूर, किसान, युवा तथा विद्यार्थीहरूका सङ्गठनहरूले पनि गरेका छन् ।

यस्ता कृयाकलापहरूमा हामीले सावधानीपूर्वक र आलोचनात्मक ढंगले सरिक हुनुपर्छ । विदेशी आइ.एन.जी.ओ.हरू र दातृ संस्थाहरू संलग्न यस्ता कृयाकलापहरूबाट पार्टीलाई सम्वन्धि जनसमुदायमा पुग्न केही सुविधा र सहजता प्राप्त हुन्छ । तर अर्कोपट्टि यसबाट पार्टी कार्यकर्ताहरूमा परनिर्भरता, सुविधाभोगी र स्वार्थी प्रवृत्ति, पार्टी कार्यलाई गौण ठान्ने प्रवृत्ति, अझै अघि बढी पार्टी कार्यबाट नै अलग्गिने वा पार्टी विरोधी गुटवन्दीमा लाग्ने प्रवृत्ति

छैटौं केन्द्रीय कमिटीको अवधिमा पार्टी दुई पटक सरकारमा सहभागी रहेको छ। संविधान निर्माणलाई अन्तिम रूप दिने समयमा त्यही काममा योगदान गर्न पार्टी सरकारमा सामेल भयो। त्यसबेला पार्टी पोलिटब्युरो सदस्य कमरेड नीलम केसीले २४ चैत, २०७० देखि २४ असोज २०७२ सम्म प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकारमा **'महिला, वालवालिका तथा समाज कल्याण'** मन्त्रीको जिम्मेवारी सम्हाल्नु भयो। संविधान निर्माण पछिको जटील र कठीन घडीमा प्रधानमन्त्री के.पी. ओलीको नेतृत्वमा गठित मन्त्रीमण्डलमा पार्टी महासचिव कमरेड सी.पी. मैनालीले **उपप्रधानमन्त्री तथा 'महिला, वालबालिका तथा समाजकल्याण' मन्त्री**को जिम्मेवारी समालिरहनु भएको छ। यी जिम्मेवारी समाल्ने क्रममा पार्टीको तर्फबाट केही जनपक्षीय कामहरू हुन सकेका छन्, पार्टीको प्रतिष्ठा जनतामा बढेको छ र पार्टीलाई राज्यसञ्चालनको अनुभव प्राप्त भएको छ। सरकारमा सहभागिताबारे राम्रो अध्ययन अनुसन्धान गरी सहभागितालाई थप प्रभावकारी बनाइनु आवश्यक छ।

चीनिया कम्युनिष्ट पार्टीको अन्तर्राष्ट्रिय विभागको निमन्त्रणामा पार्टीका पाँच जना नेताहरू – शिक्षा तथा सङ्गठन विभाग प्रमुख पोलिटब्युरो सदस्य क. एन.पी. आचार्य, पोलिटब्युरो सदस्य क. गोपालमणि गौतम, पोलिटब्युरो सदस्य क. हिक्मत देउवा, पोलिटब्युरो सदस्य कमरेड दीननाथ घिमिरे र के.क.सदस्य क. इन्द्रकुमार झा ले २३ असार देखि १ साउन, २०७२ सम्म जनगणतन्त्र चीनको अध्ययन भ्रमण गर्नुभयो। यस सम्वन्धी विस्तृत प्रतिवेदन **वर्गसङ्घर्ष-१२** मा प्रकाशित छ।

पार्टीलाई जनताको बीचमा लोकप्रिय बनाउन कतिपय जिल्लाका कमरेडहरूले सृजनात्मक ढङ्गले विभिन्न गतिविधिहरू सञ्चालन गर्नु भएको छ। यस सन्दर्भमा मकवानपुर जिल्लाको चर्चा गर्नु सान्दर्भिक हुने छ। त्यस जिल्लाका सचिव के.क.स. कमरेड भीमसेन महतको अगुवाईमा जिल्ला पार्टीले हेटौडा नगरमा भ्रष्टाचार विरोधी अभियान सञ्चालन गरेको छ। 'काठमाडौं-हेटौडा सुरुङ मार्ग' निर्माण कार्यमा तथा स्थानीय निकायहरूमा भएको अनियमितता र सुगौली सन्धिले नेपालमाथि गरेको अन्यायलाई भण्डाफोर गर्ने अभियान सञ्चालन गरी जनतामा 'माले'को पहिचान र लोकप्रियतालाई बढाएको छ।

यस प्रकारका बिशिष्ट गतिविधिहरू केही अन्य जिल्लाहरूमा पनि गरिएका छन्, जसको निम्ति सम्वन्धित पहलकर्ता कमरेडहरू वधाइका पात्र छन्। सवै जिल्लाहरूमा आफ्नो विशेषता अनुरूप यस्ता विशिष्ट गतिविधिहरू संचालन गर्न कमरेडहरूलाई प्रोत्साहित गरिन्छ।



पनि सम्मिलित रहेको छ। यो सरकारले लिएका आन्तरिक नीतिहरू नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र भूअखण्डतालाई सुदृढ पार्ने तथा स्वतन्त्रता, स्वावलम्वन र व्यापार तथा पारवहनको विविधीकरणको आधारमा सवल अर्थतन्त्रको निर्माणमा जोड दिने नीति हुन्। यसको विदेश नीतिका आधार असंलग्नता तथा तटस्थतामा आधारित पञ्चशीलको सिद्धान्त हो। अतः कुनै देश वा कुनै छिमेकीसँग टाँसिने र अरू छिमेकी र मित्र देशको विरोध गर्ने यो सरकारको नीति हुनै सक्दैन। तर पनि विदेशीशक्ति वर्तमान गठवन्धनलाई फुटाई असफल वनाउन र राष्ट्रिय स्वार्थलाई तिलाञ्जली दिई विदेशी रणनीतिसँग सम्झौता गर्ने संकीर्णतावादी राजनीतिक शक्तिहरूको सरकार वनाउन प्रयत्नशील छन्। विदेशी शक्तिहरू र संकीर्णतावादी राजनीतिक शक्तिहरूको कार्यले नेपालको स्वतन्त्रता र अखण्डतालाई आघात गर्दछ र राष्ट्रिय एवम् क्षेत्रीय अस्थीरतालाई बढाउने छ। यसले विश्व शान्तिलाई समेत खलल पार्ने छ।

नेपालको तराईलाई हिमाल-पहाडबाट मात्र नभएर नेपालबाटै अलग्याउने विदेशी रणनीति कार्यान्वयन गर्ने वर्तमान राष्ट्रवादी गठवन्धनमा फुट पारी राष्ट्रिय हितविरूद्ध सम्झौता गर्ने संकीर्णतावादी राजनीतिक शक्तिहरूको सरकार गठन गर्न शुरु भइसकेको अन्तरघाती विदेशी चलखेलसँग सडक संघर्षलाई समेत जोडिने छ। यसको निम्ति जनसरोकारका विषयहरू र कालाबजारिया प्रवृत्ति तथा वढ्दो महँगीलाई नियन्त्रण गर्न नसक्ने र भूकम्प पछिको अपेक्षित पुर्ननिर्माणमा रहेका कतिपय कमजोरीहरू र पुननिर्माणको सुस्त गति जस्ता गठबन्धन सरकारका नकारात्मक पक्षलाई आन्दोलनका विषय वनाउँदै राष्ट्रव्यापी आन्दोलनमा विकास गर्ने कोशिस गरिनेछ।

नेपालका जनता, राजनीतिक पार्टी तथा सरकारको विरोध र यसप्रति अन्तर्राष्ट्रिय जगत्को समर्थनले गर्दा देशलाई खण्डित गरेर विलय गर्ने उक्त विदेशी रणनीति असफल भएमा नेपालभित्रैबाट यसलाई नियन्त्रणमा लिने र सकेसम्म यसलाई विलय गर्ने वैकल्पिक विदेशी रणनीति तयार गर्ने प्रयास पनि शुरु भैसकेको प्रतीत हुन्छ। त्यो वैकल्पिक रणनीतिको प्रारूप यस्तो हुन सक्छ : देशभित्रका सङ्कीर्ण जातीयतावादी तथा क्षेत्रीयतावादी शक्तिहरूलाई विस्तार गर्ने, तिनलाई "नयाँ शक्ति"को नाउमा खडा गरिएको तावेदारवादी शक्तिसँग जोडिदिने, उक्त गठवन्धनलाई राष्ट्रिय राजनीतिमा स्थापित गर्ने र त्यसमार्फत नेपालको नियन्त्रण र विलयको रणनीतिलाई अघि वढाउने। त्यसप्रति नेपालका सम्पूर्ण देशभक्त शक्तिहरूले चनाखो हुनुपर्छ र त्यसलाई असफल पार्न एकतावद्ध भएर राजनीतिक सङ्घर्षमा उत्रिनु पर्दछ।

वर्तमान सरकारपक्षीय गठवन्धनमा रहेका कमजोरीलाई सच्याउँदै उपरोक्त

राष्ट्रघाती विदेशी रणनीतिहरूलाई असफल पार्न सबै मोर्चाहरूबाट सङ्घर्ष अघि वढाउनु र वर्तमान राष्ट्रवादी गठवन्धनलाई बचाउनु आवश्यक छ । यस कामबाट हामी देशको सुरक्षा र आर्थिक विकास गर्न मात्र होइन, क्षेत्रीय स्थीरता, शान्ति र आर्थिक विकासमा समेत ठूलो योगदान गर्न सक्षम हुनेछौं ।

## ५. विगतको संक्षिप्त सिंहावलोकन

जनताबाट निर्वाचित संविधानसभाका ९० प्रतिशत भन्दा बढी सभासद् हरूको सहभागितामा बनेको समानता र समावेशिताको ढोका खोल्ने सङ्घीय गणतान्त्रिक नेपालको अग्रगामी लोकतान्त्रिक संविधानलाई भारत जस्तो निकटस्थ लोकतान्त्रिक मुलुकको सरकारले किन स्वागत गरेन ? त्यसले किन उक्त संविधानमा सात बुँदे संशोधन गर्नकै निम्ति अविवेकी भएर नेपाल विरूद्ध अमानवीय नाकाबन्दी लगायो ? नेपाली जनताको राजनीतिक र राष्ट्रिय जागरण यति ब्यापक र सशक्त बनेको समयमा त भारतले आफ्ना शर्त मनाउन नाकाबन्दी जस्तो अमानवीय र युद्ध कालमा समेत विरलै प्रयोग गरिने अश्त्र प्रयोग गर्नसक्छ भने 'पहिलो दिल्ली सम्झौता'बाट नेपालमा भित्रिएको विधानसभाको निर्वाचन २००९/१० सालमा भएको भए त्यसले नेपाललाई कस्तो संविधान दिने थियो होला ? यी अत्यन्त विचारणीय प्रश्न बनेका छन् ।

विसं २००८/०९ सालतिर राजा त्रिभुवनका स्वकीय सचिव उच्चपदस्थ प्रशिक्षित विदेशी अफिसर थिए; विदेशका नेपालस्थित राजदूत नेपालको मन्त्री परिषद्को बैठकमा निर्णय-पुस्तिका समेत चलाउने हैसियतका साथ सहभागी हुन्थे; एउटा विदेशी 'सैनिक आयोग'ले नेपाली सेनालाई पुनर्गठित गरी सानो बनाउनुको साथै त्यसलाई आफ्नो प्रभावभित्र राख्न विविध हथकण्डाहरू प्रयोग गरिरहेको थियो; नेपालको सुरक्षाको लागि यहाँ विदेशी सेना राख्नुपर्छ भन्ने नेताहरू नेपाली कांग्रेसमा प्रभावशाली थिए; त्यसबेला नेपाली जनता ब्यापकरूपमा अशिक्षित र न्यून राजनीतिक चेतना प्राप्त थिए; राजनीतक दलहरू अपरिपक्व तथा कमजोर थिए र भारतको सहयोगमा चलेको राणा-विरोधी आन्दोलन केही समय अगाडि मात्र विजयी बनेको थियो र जनताको ठूलो हिस्सा त्यसप्रति अनुगृहित थियो । त्यस्तो राजनीतिक परिवेशमा पनि नेकपाले "दिल्ली सम्झौता" र विदेशी हस्तक्षेपको विरोध गर्ने साहसिलो नीति लिएको थियो, जसले नेपाली जनतामा राष्ट्रिय चेतलाई व्यापकरूपमा अघि बढाइरहेको थियो । यस प्रकार "दिल्ली सम्झौता" र विदेशी हस्तक्षेपको विरोध गर्दागर्दै पनि त्यसले 'विधानसभा निर्वाचन'को माध्यमबाट नेपाललाई नियन्त्रणमा राख्ने वा विलय गर्ने वैदेशिक षड्यन्त्रलाई चिन्हित गर्न र विरोध



लगायत १२ जना कमरेडहरू पार्टीमा सङ्गठित हुनु भएको छ । पार्टीमा सङ्गठित रहेका नयाँ-पुराना सबै नेता कार्यकर्ताहरू समान भावनाका साथ एकतावद्ध बन्दै पार्टीको नेतृत्वमा समाज परिवर्तन र जनता तथा राष्ट्रको मुक्तिको निम्ति प्रतिबद्धताका साथ क्रियाशील हुनु 'माले संस्कृति'को सुन्दर पक्ष बनेको छ ।

**८.८. जनवर्गीय सङ्गठन परिचालन :** पार्टीले जनवर्गीय सङ्गठनहरूलाई आफ्ना सहयोगी सङ्गठन, जनपरिचालनका माध्यम र पार्टी सदस्यहरूको महत्वपूर्ण स्रोतको रूपमा सङ्गठित र परिचालित गर्दैछ । प्रगतिशील ट्रेड युनियन महासङ्घ, अखिल नेपाल प्रगतिशील महिला सङ्घ, प्रगतिशील युवा सङ्घ नेपाल; अनेरास्ववियू (पाँचौं) पार्टीका महत्वपूर्ण जनवर्गीय सङ्गठन हुन् । केही पेशागत सङ्गठनहरू– प्रगतिशील शिक्षक सङ्गठन, नेपाल; प्रगतिशील कानुन ब्यवसायी सङ्घ पनि सङ्गठित हुँदैछन् । पार्टीको छैटौं राष्ट्रिय सम्मेलन पश्चात् अनेमसङ्घले आफ्नो तेस्रो राष्ट्रिय सम्मेलन १७-१८ बैशाख, २०७१ मा, अनेरास्ववियू (पाँचौ) ले आफ्नो २१ औं राष्ट्रिय सम्मेलन २६-२७ मंसिर २०७१ मा र पीकोन्टले आफ्नो तेस्रो राष्ट्रिय सम्मेलन १६-१७ माघ, २०७१ मा सफलताका साथ सम्पन्न गरेका छन् । नेपाल प्रगतिशील युवा संघले आगामी ६ महिनाभित्र आफ्नो सातौं राष्ट्रिय सम्मेलन आयोजना गर्नेछ । अखिल नेपाल किसान संघ पुनर्गठनको प्रक्रियामा छ । प्रगतिशील शिक्षक सङ्गठन, नेपालको संभावना धेरै भए पनि केन्द्रीय नेतृत्वको उदासिनताले गर्दा त्यसले अपेक्षित प्रगति गर्न सकेको छैन । सातौं राष्ट्रिय महाधिवेशनले जनवर्गीय सङ्गठनहरूलाई सक्रिय, जनाधारित र सुदृढ बनाउन ध्यान दिन सक्नुपर्छ ।

**८.९. संविधान निर्माण, सरकारमा सहभागिता र विविध क्रियाकलाप :** छैटौं केकको कालमा पार्टी संविधान निर्माणको कार्यमा सक्रियतापूर्वक जुट्यो । हाम्रो पार्टीले विशेष गरी संविधान-कानुनबाट जातीय पहिचान, समानता र समावेशीकरण प्रदान गरिनु पर्ने, मुलुक सुहाउँदो सङ्घीयता हुनु पर्ने, अनुदार नागरिकता नीति हुनु पर्ने, देशको सुरक्षा, स्वतन्त्रता र भूअखण्डताप्रति संवेदनशील हुनुपर्ने विषयलाई गंभीरतापूर्वक उठायो, अझै उठाइरहेको छ । ३ असोज २०७२ मा जारी गरिएको संविधानमा ४१ वटा भिन्न मत राखेको छ, जसलाई पार्टी-केन्द्रले **'भिन्न-मत'** शीर्षकमा **'गोजीपुस्तिका'**को रूपमा प्रकाशित गरेको छ । माथि उल्लेखित सवालमा पार्टीका नीतिहरू विशिष्ट छन्, तिनीहरू नेपाली विशिष्टता अनुरूप छन्, जसले नेकपा (माले) लाई अरू पार्टीहरूभन्दा विशिष्ट बनाएको छ ।

केही नेता-कार्यकर्ताहरू पार्टीसँग असन्तुष्ट भई पार्टी छोड्ने घटना घट्यो । उक्त घटनालाई गंभीरतापूर्वक लिएर ५-१४ गते फागुन, २०७० मा बसेको पोलिटब्युरोको बैठकले गंभीर बिचार-बिमर्श गर्दै पार्टी महासचिव कमरेड सी.पी. मैनाली र पार्टी क्षिक्षा विभाग प्रमुख कमरेड एन.पी. आचार्यद्वारा प्रस्तुत दुईवटा महत्वपूर्ण दस्तावेजहरूलाई पारित गरेको छ । उक्त दुवै दस्तावेजहरू र अन्य केही सान्दर्भिक लेख रचनाहरू समेत राखेर पार्टी-केन्द्रले चैत २०७० मा **"पार्टीलाई अझै मार्क्सवादी-लेनिनवादीकरण गरौं !"** नामक पुस्तिका प्रकाशित गरेको छ। उक्त पुस्तिका पार्टी-पङ्तिको राजनैतिक-वैचारिक चेतना उन्नयनको निम्ति आजसम्म पनि उपयोगी रहेको छ र त्यसको अध्ययन तथा अनुशीलनलाई महत्व दिनको निम्ति म महाधिवेशनका प्रतिनिधि कमरेडहरूको ध्यानाकर्षण गर्न चाहन्छु ।

कमरेड हिक्मत बहादुर देउवा र कमरेड गङ्गा चौधरीको नेतृत्वमा २३ कार्तिक, २०७० मा एउटा कार्यकर्त्ता पङ्ति नेकपा (माले) मा सङ्गठित भएको छ । त्यस पङ्तिबाट आउनुभएका कमरेडहरू पार्टी र जनवर्गीय सङ्गठनका विभिन्न तहमा सङ्गठित रही पार्टी काममा आफ्नो अवस्थाअनुसार क्रियाशील रहनुभएको छ। २४ जेठ, २०७१ का दिन नेकपा, एनेकपा (माओवादी), नेकपा-माओवादी र नेकपा एमालेबाट ठूलै संख्यामा कमरेडहरू पार्टीमा सङ्गठित हुनु भएको छ । २३-२४ असार, २०७१ मा सम्पन्न पोलिटब्युरो बैठकले क. कृष्ण रानाको नेतृत्वमा पार्टीमा सङ्गठित हुनुभएका कमरेडहरू र अन्य समूहका कमरेडहरूलाई समेत पार्टीका विभिन्न तह र जनवर्गीय सङ्गठनका विभिन्न तहहरूमा सङ्गठित गरेको छ । यही शिलशिलामा नेकपा (संयुक्त) बाट आउनु भएका क. रोहित भट्टराई पनि पार्टीमा सङ्गठित भई क्रियाशील रहनु भएको छ ।

क. रामचन्द्र वलामी, क. केशव देवकोटा, क. कुल प्रसाद फुयाँल र क. श्याम राई सहित नेकपा र एनेकपा (माओवादी) मा क्रियाशील कमरेडहरू नेकपा (माले) मा पुनः सङ्गठित हुनु भएको छ। वहाँहरू पार्टीका विभिन्न तह र ओहदामा सङ्गठित भई पार्टी कार्यमा क्रियाशील हुनु भएको छ। त्यसैगरी एमाओवादी लगायत अन्य माओवादी समूहबाट विद्रोह गरेर **नेपाल राष्ट्रिय प्रगतिशील एकता मञ्च** मार्फत राजनीतिक क्षेत्रमा क्रियाशील पूर्व माओवादी कार्यकर्ताहरू क.रेशम राजश्वराज रिमाल 'नवीन', क. डम्बर थामी, क. बद्री कुमार चौलागाई लगायतका थुप्रै कमरेडहरू २०७२ साउन ३१ गतेबाट नेकपा (माले) मा आवद्ध भई विभिन्न जिम्मेवारी वहन गर्दै क्रियाशील रहनु भएको छ। २०७२ को चैत्र २९ गते पर्वतका क. यम वि.क. र क. जीपवहादुर पुन



गर्न सकेको थिएन । उल्टै, नेकपाले समेत 'विधानसभा निर्वाचन'को माग जोडदार रूपमा उठाइरहेको थियो ।

प्रश्न गर्न सकिन्छ : त्यस्तो अवस्थामा विधानसभाको चुनाव भएको भए के त्यसले नेपालको स्वतन्त्रता जोगाउन सक्तथ्यो होला ? के त्यसले सन १९७५ मा सिक्किमको विधानसभाले सिक्किमलाई भारतमा गाभ्ने निर्णय गरे झैं नेपाललाई भारतको नयाँ प्रदेश बनाउने निर्णय गर्न सक्दैनथ्यो ? २०७२ साल असोज ३ गते पछि तराई/मधेशलाई हिमाल-पहाडबाट अलग गर्ने माग थोपर्नको निम्ति अमानवीय नाकाबन्दी गर्नसक्ने भारतले २००९/१० सालको माथि चर्चित अनुकूल स्थितिमा नेपाललाई विलयगर्ने बाहेक अर्को निर्णय नै गर्दैनथ्यो भनी आज बुझ्न सकिन्छ ।

पहिलो 'दिल्ली संझौता' तत्काल पछिको नेपाल भारतप्रति अनुगृहित थियो र भारतीय शासकहरूलाई नेपालभित्र ठूलो नैतिक शक्ति प्राप्त थियो । अर्को कुरा, उत्तरी छिमेकी देश चीनमा भर्खरै कम्युनिष्टहरूको नेतृत्वमा जनक्रान्ति सम्पन्न भई त्यसको विस्तार तिब्बत क्षेत्रमा भइरहेको थियो, जसले गर्दा कथित "कम्युनिष्ट विस्तार"लाई रोक्न नेपालमा भारतीय सेना ल्याउनुपर्ने तर्क वलशाली वनिरहेको थियो। त्यस्तो अवस्थामा विधानसभाको निर्वाचन हुने हो भने त्यसले नेपालको अस्तित्व समाप्त पार्न सक्ने हेक्का राख्ने तत्कालीन युवराज र पछि राजा बनेका महेन्द्रको राजनीतिक दूरदर्शीता र कौशलले गर्दा त्यसबेला नेपालमा विधानसभाको निर्वाचन तर्किएर गयो र नेपालको स्वतन्त्रता कायम रहन सक्यो। राजा महेन्द्रकै कारण पहिलो 'दिल्ली संझौता' को योजना असफल हुन पुगेकोले भारतीय दृष्टिकोण र स्वार्थ बोक्ने नेपाली वा भारतीय वा कुनै पनि विदेशी व्यक्तिका नजरमा नेपालका राजा महेन्द्र घोर कृतघ्न, बेइमान र खलनायक बन्न पुगे । त्यस समयदेखि त्यस्ता व्यक्तिहरूले राजा महेन्द्रबारे गर्न थालेको नकारात्मक प्रचारबाट नेपाली जनता आजसम्म मुक्त हुन सकेका छैनन् । राजा महेन्द्रको भूमिकाको सन्तुलित पुनर्मूल्याङ्कन गर्ने समय आएको छ ।

महेन्द्रले २०१७ साल पुष १ गते सैनिक बलको आधारमा गरेको प्रतिगमनकारी कार्यले उनको व्यक्तित्वलाई क्षय गर्दै रक्षात्मक बनायो । त्यस बेलादेखि भारतीय शासकहरूले नेपालमा राजाको सत्तालाई औपचारिक रूपमा जेजस्तो भने पनि, वास्तविकरूपमा असहयोग गर्ने र त्यस विरूद्ध अस्थीरता बढाउने नीति लिए । सन् १९७० मा इन्दिरा गान्धीको नेतृत्वमा तत्कालिन सोभियतसङ्घसँग भारतको २० वर्षे रणनीतिक सन्धि भएपश्चात् भारत सरकार छिमेकीहरू विरूद्ध आक्रामक भएर प्रस्तुत हुन थाल्यो । त्यसबेला नै पूर्वी पाकिस्तानमा शेख मुजिव र 'आवामी लीग'को नेतृत्वमा संचालित

प्रजातान्त्रिक आन्दोलनको आडमा भएको भारतीय हस्तक्षेपद्वारा पाकिस्तान विभाजित भयो र १९७५ मा सिक्किमको विधानसभाको निर्णयद्वारा सिक्किम भारतमा गाभियो । त्यही समयमा भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीको निर्देशनमा 'र'अले 'नेपालको तराईलाई नेपालबाट अलग्याउने र भारतमा विलय गर्ने' अभियान सुरू गरेको र पछि स्थगन गरिएको आधिकारिक जानकारी तत्कालिन 'र'अ का **दोस्रो तहका अफिसर आर.के. यादव**ले आफ्नो संस्मरण **"मिसन र'अ"** नामक पुस्तकमा उल्लेख गरेका छन् । विभिन्न कारणवश[६] उक्त रणनीति त्यसबेला स्थगन गरिए पनि भारतीय सत्ता त्यसलाई लागू गर्ने उपयुक्त मौकाको ताकमा रहेको थियो । भारतले ९ मंसिर २०६२ मा सम्पन्न दोस्रो 'दिल्ली संझौता' पछि त्यसलाई संविधानसभा र सङ्घीयताको आडमा पुनः लागूगर्ने अभ्यास थालेको देखिएको छ ।

माथि उल्लेखित भारतीय योजनाको अस्तित्वलाई नदेखी कसैले पनि नेपाल-भारत सम्बन्धमा देखिएका विविधता, उतार-चढाव र समय-समयमा भारतले नेपालमाथि गरेका हस्तक्षेपपूर्ण व्यवहारलाई सही ढङ्गले बुझ्न सक्दैन । भारतीय सत्तामा रहेको नेपालको अस्तित्व र राज्यको रूपमा यसको स्वतन्त्रता, सार्वभौमसत्ता र भू-अखण्डता प्रतिको विस्तारवादी नियतलाई आमनेपाली जनताले नयाँ संविधानको विरोधमा भारतले २०७२ को असोज ५ गतेदेखि शुरू गरेको नाकाबन्दीबाट बुझ्ने मौका पाएका छन् । भारतीय सत्ताधारीहरूको नेपालप्रति रहेको विस्तारवादी योजनाको पोको खोलिदिएकोमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी धन्यवादका पात्र छन् ।

वीपीको समयमा भारतीय प्रधानमन्त्री नेहरूले व्यक्त गरेको 'नेपालमाथि भएको कसैको आक्रमणको विरूद्ध भारतले आफूखुशी कार्वाही गर्न सक्ने' भनाइ, नेपालको शान्ति क्षेत्रको प्रस्तावलाई १२० देशले समर्थन गर्दा पनि भारतले विरोध गरिरहने रहस्य, सक्रिय राजतन्त्र कालमा जो सुकैले चलाएका राजा-विरोधी गतिविधिहरूमा पनि भारतीय सत्ताको सहयोग-समर्थन रहने कुरा, २०३३ सालमा राष्ट्रिय मेलमिलापको नीति लिएर वीपी कोइरालाको भारतको स्वप्रबासन त्यागी नेपाल प्रवेश गर्ने कार्य, आदिको मूल कारण भारतको उपरोक्त नेपालसम्वन्धी रणनीति रहेको देखिन्छ । नेपालीहरूले नेपालभित्रको राजनीतिक आन्दोलनमा विदेशी शक्तिले गर्ने समर्थनको उद्देश्यलाई बुझेर मात्र त्यसप्रति आफ्नो दृष्टिकोण बनाउनु पर्ने अवस्था रहेको छ । यो शिक्षा वर्तमान परिघटनाबाट समेत प्राप्त भएको छ ।

पहिलो "दिल्ली सम्झौता"बाट आएको 'विधानसभा'ले नेपालको स्वतन्त्रतालाई अन्त्य गर्नसक्ने वास्तविकता र नेपालभित्र भएका हरेक राजनीतिक आन्दोलनको 'समर्थन गरेर' भारतले आफ्नो सङ्कीर्ण रणनीतिक स्वार्थ हासिल गर्न खोजेको तथ्यलाई नेपालीहरूले, विशेषतः नेपाली राजनीतिक-



पार्टी-केन्द्रले प्रकाशित गर्‍यो र शीघ्रातिशीघ्र पार्टी पङ्तिमा पठायो । यो पनि विशु अभियानकै एउटा रूप थियो । यस अन्तरगत कार्यक्षेत्रमा जाने कमरेडहरूले विशुका कामहरू गर्नुका अतिरिक्त पार्टी महाधिवेशनको अर्थ र महत्व बुझाउने र त्यसको निम्ति पार्टी सदस्यहरूबाट छानेर प्रतिनिधिहरू पठाउने, प्राप्त दस्तावेजहरूको अध्ययन गर्ने/गराउने र महाधिवेशनको सफल आयोजनको निम्ति स्थानीय पार्टी-कमिटीहरूबाट आर्थिक सहयोग उठाई पठाउनु पर्ने जस्ता विषयहरूमा पार्टी पङ्तिलाई प्रशिक्षण गर्ने काम गरियो ।

चैत २२, २०७२ मा महाधिवेशनका चारवटा मस्यौदा दस्तावेजहरू – पार्टीको विधान, नयाँ जनवादी कार्यक्रम, साङ्गठनिक प्रतिवेदन र प्रस्ताव तथा तात्कालिक कार्यनीति (कार्यक्रम) मस्यौदा समितिबाट तयार भई छापिए । उपरोक्त मस्यौदा दस्तावेजहरू र अन्य प्रचार सामाग्री साथमा लिई प्रत्येक ब्यूरो क्षेत्रमा ब्यूरो प्रमुख/इन्चार्ज वा खटाइएका के.क.स कमरेडहरूले **२५ चैत्र २०७२ देखि १० वैशाख २०७३ सम्म** महाधिवेशनको तयारीको निम्ति आ-आफ्ना क्षेत्रमा गई महाधिवेशन तयारी अभियान सम्वन्धी तोकिएका काम गर्नुभयो । वैशाख १५ गते **'नेपाल चिन्तन'** नामक दस्तावेजको मस्यौदा र अन्य प्रचार सामाग्रीहरू साथमा लिएर सम्वन्धित जिम्मेवार कमरेडहरू दोस्रो पटक भुईतहमा महाधिवेशनको तयारीको निम्ति स्थानीय कमरेडहरूलाई सघाउन जानु भयो ।

**८.७. पार्टीको शुद्धीकरण तथा विस्तार :** पार्टीमा सङ्गठित सबै नेता तथा कार्यकर्ताहरूको चेतना र क्षमताको स्तर समान हुँदैन । त्यसकारण कतिपय नेता-कार्यकर्ताहरू कहिलेकाँही आफ्नो व्यक्तिगत स्वार्थबाट वा वैचारिक सङ्कीर्णताबाट वशीभूत भई पार्टी निर्णयको विरोध गर्न पुग्छन् । कोही पार्टी निर्णय आफ्नो अनुकुल नहँदा असन्तुष्ट भई निष्कृय बस्न, पार्टी छोड्न पुग्छन; र कोही कोही त गुट बनाई पार्टीसङ्ग बदला लिने काममा समेत लाग्छन् । छैटौं केन्द्रीय कमिटीको कार्यकालमा यस्ता घटनाहरू पटक-पटक घटेका छन । केन्द्रीय तहबाटै विभिन्न समयमा विभिन्न ओहदाका २५ जना ब्यक्ति आफ्नो जिम्मेवारीबाट मात्र नभई पार्टीबाटै अलग भए । तिनीहरूमध्य कोही अरू पार्टीमा प्रवेश गरेका छन् र कोही स्वतन्त्र वा निष्कृय बसेका छन् । यस्ता घटनाहरू दुःखद हुन्, जसले पार्टीलाई प्रचारात्मक हिसावले मात्रै नभई वस्तुगत रूपमै पनि नोक्सान पुर्‍याएका छन् । यो घटनाको एउटा पक्ष भयो । यसको अर्को पक्ष पनि छ – पार्टीबाट स्वार्थी र सङ्कीर्ण ब्यक्तिहरू बाहिरिदा र उनीहरूको वैचारिक-राजनीतिक दोषहरूबारे कार्यकर्ताहरू सचेत र जागरूक बन्दा पार्टीको शुद्धीकरण हुन्छ, जसले पार्टीको स्वस्थ्य विकासलाई प्रोत्साहित गरेको छ ।

छैटौं सम्मेलन पश्चात् संविधानसभाको निर्वाचनमा समानुपातिक मतको आधारमा ५ जना सभासद्हरू छानेको दिन १० पुस २०७० पश्चात्

जनता बीचको सम्बन्ध झन् शुमधुर र गाढा बनेको छ। पार्टीका नेता तथा कार्यकर्ताहरूमा जनताको सेवा गर्ने भावना बढेको छ। यस महाधिवेशनले दुःख कष्टमा परेका जनताको उद्धार, राहत र सेवामा जुट्ने मानवीय परम्परालाई अघि बढाउने नीतिलाई महत्व दिनुपर्ने विषयबारे म ध्यानाकर्षण गर्न चाहन्छु।

**८.६ सङ्गठन विस्तार तथा शुदृढीकरण (विशु) अभियान :** पार्टीले समय-समयमा पार्टी तथा जनवर्गीय सङ्गठनका कमिटीहरू बढाउन र प्रशिक्षणद्वारा क्षमतायुक्त बनाउनको निम्ति अभियानको रुपमा काम गर्ने निर्णय गऱ्यो । यस्ता विशु अभियानद्वारा योजना बनाई पार्टी च्यानल मार्फत पार्टी कमिटी र जवसका कमिटीहरू बनाउने वा पुनर्गठन गर्ने, कार्यकर्ताहरूलाई प्रशिक्षण दिने र उनीहरूलाई **पाँच जनकार्यमा** सकृय बनाउने कार्य गरियो । पार्टीले छैटौं राष्ट्रिय सम्मेलनपश्चात पटक-पटक यस्ता विशु अभियान संचालन गरेको छ।

**८.६.१. विशेष विशु अभियान :** पार्टी पोलिटब्यूरोको बैठक (१०-१५ माघ, २०७१) ले सातवटा महत्वपूर्ण कामहरू[११] सम्पादन गर्ने उद्देश्य राखी **विशेष सङ्गठन विस्तार तथा शुदृढिकरण अभियान** सञ्चालन गर्ने निर्णय गऱ्यो । (अपानि ६:१०) यो अभियान २०७१ सालको माघ २० देखि फागुन २० गतेसम्म सञ्चालित गरियो । योजना, निर्देशिका, सहभागीहरू सबै निश्चित गरी यस अभियानलाई देशब्यापीरूपमा सञ्चालन गरियो, जसले स्थानीय पार्टी सङ्गठनहरूलाई सक्रिय बनाउन महत्वपूर्ण भूमिका खेलेको छ ।

**८.६.२ दोस्रो चरणको विशेष विशु अभियान :** पार्टी केन्द्रीय कमिटीको दशौं पूर्ण बैठक (२५-२९ फागुन, २०७१) ले त्यसबेला प्रस्तावित गरिएको पार्टीको राष्ट्रिय परिषदको तेस्रो अधिवेशन (२५-२८ बैशाख, २०७२) लाई सफल बनाउने उद्देश्यले २०७१ को चैत ७ गतेदेखि २०७२ को बैशाख २० गतेसम्म दोस्रो चरणको विशेष विशु अभियान सञ्चालन गर्ने निर्णय गऱ्यो । यो कार्यक्रम सञ्चालित रहेको अवधिमा बैशाख १२ गते विनाशकारी भूकम्प आएकोले सो स्थगन हुन पुग्यो ।

**८.६.३ तेस्रो विशेष विशु अभियान :** पार्टी केन्द्रीय कमिटीको एघारौं पूर्ण बैठक (१५-१८ कार्तिक, २०७२) को निर्णय अनुसार जेठ २०७३ भित्रै पार्टीको सातौं राष्ट्रिय महाधिवेशनको तयारी कार्यलाई भुँईतहबाटै अघि बढाउने र जागरण आन्दोलनलाई गति दिने उद्देश्यले **मंसिरदेखि पुषसम्म** तेस्रो विशेष विशु अभियान योजनाबद्ध ढङ्गले सञ्चालन गरियो ।

**८.६.४ सातौं राष्ट्रिय महाधिवेशन तयारी अभियान :** पार्टी केन्द्रीय कमिटीको बाह्रौं पूर्ण बैठक (२८ माघ - १ फागुन, २०७२) ले महाधिवेशका तयारी सम्बन्धी राजनीतिक, साङ्गठनिक र ब्यवस्थापकीय कार्यहरूलाई अघि बढायो । बैठकमा प्रस्तुत ५ वटा रिपोर्टहरूको सङ्कलन, **'सातौं राष्ट्रिय महाधिवेशन भब्यतापूर्वक सफल पारौं !'** शीर्षक भएको पुस्तिकाको रूपमा



कर्मीहरूले देख्न र तिनलाई गम्भीरतापूर्वक लिन नसकेको देखिन्छ । यो कुरा २०५२ सालको फागुनदेखि शुरु गरिएको माओवादी सशस्त्र संघर्षप्रति भारतको परोक्ष र प्रत्यक्ष समर्थन र सहयोगमा पनि लागू हुन्छ । भारत सरकारले नेपालमा 'कम्युनिष्ट गणतन्त्र' स्थापना गर्न माओवादी आन्दोलनलाई सहयोग गर्न नसक्ने कुरा त्यसको वर्गीय चरित्रबाट सवैले वुझ्न सक्तछन् । तैपनि त्यसले माओवादी सशस्त्र आन्दोलनलाई किन गऱ्यो त परोक्ष/प्रत्यक्ष समर्थन र सहयोग ? जगजाहेर छ, त्यसले आफ्नो संकीर्ण रणनीतिक स्वार्थ प्राप्त गर्नको निम्ति नै उक्त कार्य गरेको हो । नेपालप्रति भारतको संकीर्ण रणनीतिको उद्देश्य नेपाललाई भारतको नियन्त्रणभित्र ल्याउनु मात्र हुन सक्तछ भनी विश्वराजनीतिको ज्ञान भएको कसैले पनि बुझ्न सक्तछ । यसलाई माओवादी नेताहरूले स्वीकार्न सक्नुपर्छ । उनीहरूले आफ्नो राजनीतिलाई सही दिशातर्फ बढाउन सक्तछन् ।

देशभित्रका राजनीतिक आन्दोलनमा विदेशीहरूको सहयोग-समर्थन लिने सम्वन्धमा आजसम्म भएका गल्ती कमजोरीबाट उत्पन्न दुष्परिणामहरूलाई न्यूनीकरण र नियन्त्रण गर्दै त्यस्ता गल्ती भविष्यमा नदोहोरियून् भनी सचेत भएर काम गर्नु पर्दछ। विगतको निर्मम समीक्षा गर्नु, वर्तमान समयको ज्वलन्त माग बनेको छ, जसबाट नेपालको कुनै पनि जिम्मेवार पार्टी तर्किन सक्तैनन् ।

## ६.भारतीय संकीर्ण रणनीतिको सन्दर्भमा नेपालका राजनीतिक शक्ति र दलहरू

**आदरणीय अध्यक्ष मण्डल तथा**
**सहयोद्धा प्रतिनिधि कमरेडहरू !**

हामीले नेपालका राजनीतिक शक्ति र दलहरूलाई देखेका, चिनेका र ब्यहोरेका छौं । तैपनि हामी यहाँ उनीहरूका वर्गीय चरित्र र नेपाल प्रतिको भारतीय रणनीतिबारे उनीहरूमा रहेको दृष्टिकोणका सम्बन्धमा संक्षेपमा चर्चा गर्नेछौं । किन यसो गर्ने ? किन यसो गर्ने भने, भारतीय सहयोगमा नेपालमा राजनीतिक आन्दोलन (वि.सं. २००३ सालदेखि) गरिन थालेको सत्तरी वर्षपछि भारतीय सत्ताको विस्तारवादी चरित्र र नियतबारे २०७२ सालमा गरिएको नेपालको संविधान विरूद्धको भारतीय नाकाबन्दी पश्चात् ब्यापक नेपाली जनताले स्पष्ट रूपमा प्रश्न उठाउन थालेका छन् । नेपाली जनताको अभिमत स्पष्टतः नेपालको सुरक्षा, स्वतन्त्रता, सार्वभौम-सत्ता र भू-अखण्डताको पक्षमा देखिएको छ र नेपालका राजनीतिक दलहरूले तिनलाई कसरी र कति मात्रामा संबोधन

गरे र अब गर्न सक्छन् भनी नेपाली जनताले सुसूचित हुनु आवश्यक छ । यहाँ हामी त्यसबारे सूक्ष्म विवरण र विश्लेषणमा नगई तथ्यमा आधारित रही निश्चित राजनीतिक वर्गीकरणको आधारमा मोटामोटी चर्चा गर्न मात्र सीमित रहने छौं ।

**६.१. वामपन्थी राजनीतिक दलहरू :** नेपालमा वामपन्थी याने कम्युनिष्ट राजनीतिक दलहरूको इतिहास लामो रहेको छ । टङ्क प्रसाद आचार्यद्वारा वि.सं. १९९३ मा स्थापित पुँजीवादी प्रजातन्त्रमा आधारित नेपालको पहिलो राजनीतिक पार्टी– **नेपाल प्रजा परिषद् र नेपाली राष्ट्रिय कांग्रेस** तथा **प्रजातान्त्रिक कांग्रेस** को गठनपछि वामपन्थी दलको रूपमा कामरेड पुष्पलाल श्रेष्ठको सकृयता र नेतृत्वमा २००६ साल वैशाख १० गते भारत कलकत्ताको श्याम बजारमा **नेपाल कम्युनिष्ट पार्टी**को स्थापना भएको थियो । राणाशाही विरोधी राजनीतिक क्रान्तिमा त्यसको सकारात्मक र सक्रिय भूमिका रहेको छ ।

आफूभित्र विविध राजनीतिक प्रश्नहरूमा विवाद गर्दै भए पनि नेकपा २००७ सालको राजनीतिक परिवर्तन पछि भारतीय विस्तारवाद तथा एङ्ग्लो-अमेरिकी साम्राज्यवादको विरोध र प्रजातान्त्रिक अधिकारको रक्षा गर्ने सङ्घर्षको अग्रिम मोर्चामा रहेको थियो । तर २०१७ साल पुष १ गते भएको राजनीतिक प्रतिगमन पश्चात् नेकपा एकताबद्ध रहन सकेन । यो विभिन्न चिरामा विभक्त भयो, जुन स्थिति अद्यावधि विद्यमान छ । वाम सहकार्य गर्दै सिद्धान्तनिष्ट वाम पार्टी एकीकरण वर्तमान समयमा वामपंथी आन्दोलनको एक ज्वलन्त आवश्यकता बनेको छ ।

**६.१.१. नेकपाको मूल धार :** २०१७ सालको शाही प्रतिगमन पश्चात् २०१९ सालमा सम्पन्न नेकपाको तेस्रो राष्ट्रिय महाधिवेशनको आसपासदेखि नेकपामा शुरु भएको विभाजनपछि समयक्रममा धेरै कम्युनिष्ट पार्टी-समूहहरू वन्दै गए । नेकपाका यस्ता पार्टी-समूहहरू मध्ये कामरेड पुष्पलाल श्रेष्ठले नेतृत्व गरेको पार्टी-समूहले नै तात्कालीन समयमा सैद्धान्तिक, राजनीतिक र सङ्घर्षको क्षेत्रमा मूल धारको हैसियत राख्तथ्यो । कामरेड पुष्पलालको नेतृत्वमा नेकपाले शुरुदेखि नै क्रान्तिकारी मार्क्सवाद, नयाँ जनवादी सिद्धान्त तथा कार्यक्रम र सकृय एवम् जुझारु वर्ग सङ्घर्ष/जनसङ्घर्ष उठाउने कार्यदिशा लिएको थियो । प्रारम्भिक वर्षहरूमा नेकपामा रणनीतिक लक्ष्य र तात्कालिन कार्यनीतिबारे भ्रम र विवाद रहेको अवस्थामा कामरेड पुष्पलालका चिन्तन र व्यवहारमा केही उग्रवामपन्थी दोषहरू देखिएका भए तापनि वहाँले नै नेकपाको मूल धारको नेतृत्व गर्नुहुन्थ्यो र २०२५ सालमा आयोजित नेकपाको तेस्रो राष्ट्रिय सम्मेलन मार्फत मूलभूतरूपमा वहाँले नै उक्त भ्रमहरूलाई चिर्ने काम पनि गर्नु भयो ।



उपरोक्त विविध कारणले २०६४ सालको निर्वाचनको तुलनामा पार्टीको उपलब्धी घट्यो । प्रत्यक्ष मत २०६४ सालमा पार्टीका उमेद्वार (११६) ले १,६८,१९६ पाएका थिए भने २०७० मंसिर ४ गतेको चुनाबमा प्रत्यक्ष उमेद्वार (१५४) ले ९८,०९१ मात्र प्राप्त गरे । २०६४ को समानुपातिक (उमेद्वार १८७) निर्वाचनमा पार्टीले २,४३,५४५ मत प्राप्त गरेको थियो भने २०७० मा समानुपातिक चुनाव (१५४ उमेद्वार) बाट पार्टीले १,३०,३०० मत मात्र प्राप्त गर्‍यो । समानुपातिक निर्वाचनमा प्राप्त गरेको मतको आधारमा पार्टीले ५ जना सभासद् संविधानसभामा पठाउन सकेको छ । तर २०६४ सालको तुलनामा पार्टीले पाएको मत घट्नुका कारणबारे महाधिवेशन गंभीर हुनुपर्छ र जनाधार तथा जनसमर्थन बढाउने विशिष्ट काम गर्ने नीति लिइनुपर्छ ।

पार्टीले २०७१ को असार ८ गते सम्पन्न काठमाडौं-२ र चितवन-४, बर्दिया-१ र कैलाली-६ को उपनिर्वाचनमा पनि उमेद्वार उठाई सक्रियतापूर्वक भाग लियो । निर्वाचन परिणामको अध्ययन गर्दा पार्टीले २०७० को मंसिर यता उल्लेखनीय ढंगले जनसमर्थन बढाएको देखिएन । यसबारे महाधिवेशन गंभीर हुनुपर्छ र जनसमर्थन बढाउने गरी जनताको वीचमा पाँच जनकार्य बढाउन ध्यान दिनु अत्यावश्यक छ ।

**८.५. विनाशकारी भूकम्प र उद्धार एवम् राहतमा नेता-कार्यकर्ता :** २०७२ को बैशाख १२ गते मध्यान्ह ११:५८ बजे गोरखाको बारपाक गाउँलाई केन्द्रविन्दु बनाई गएको ७.६ रेक्टर स्केलको विनाशकारी भूकम्पले जसरी प्रभावित जिल्लाको जनजीवनलाई अस्तब्यस्त बनायो, त्यसरी नै पार्टी-कार्य पनि प्रभावित भयो । १३ गते बैशाखमा बसेको पोलिटब्यूरो बैठकको निर्णयले भूकम्पबाट भएको जनधनको विनाशप्रति दुःख ब्यक्त गर्दै र मृतकजनहरूप्रति भावपूर्ण श्रद्धाञ्जली दिदै सम्पूर्ण पार्टी पङ्तिलाई भूकम्प पछिको उद्धार र राहत कार्यमा सरिक हुन आह्वान गर्‍यो ।

१९-२० बैशाखको विस्तारित पोलिटब्यूरोको बैठकले भूकम्प राहत तथा सूचना सङ्कलन समिति गठन गरी तत्सम्बन्धी काम गर्न प्रारम्भ गर्‍यो । काठमाडौं उपत्यकामा मात्र होइन, अन्य प्रभावित जिल्लाहरूमा पार्टीका नेता कार्यकर्ता उद्धार राहत कार्यमा जुटे र अन्य जिल्लाका पार्टी कार्यकर्ताहरू राहत सङ्कलनमा लागे । काठमाडौं पार्टी नेता, कार्यकर्ता र स्वयम्सेवकहरूले भूकम्प पीडितहरूलाई शिविरहरूमा वा अन्य वासस्थानमा गई सेवा र सहयोग पुर्‍याए । उनीहरूले काठमाडौंका विभिन्न क्षेत्रमा गई चर्केका र भत्कन लागेका घर र अन्य संरचनाहरूलाई हटाउनको निम्ति जनताको सहभागिता पनि जुटाउँदै जोखिमपूर्वक काम गरे ।

राहत उद्धार कार्यमा जुटेका नेता कार्यकर्ताहरूको कारण पार्टी र

गड्ढा चौकी (कञ्चनपुर) बाट एकैचोटि शुरु गरिएको जागरण-यात्रा बाटोमा जनसभा र अन्य प्रचारात्मक काम गर्दै ठाँउ-ठाउँमा बास बसी १० मंसिर दिउँसो नारायणगढमा जोडिई जनसभा मार्फत समापन भयो । समापन समारोहलाई पार्टी महासचिव कमरेड सी.पी. मैनालीले सम्वोधन गर्नु भयो । दोस्रो चरणको नेपाल जागरण आन्दोलन पार्टीका नीतिहरू विशेषत: संविधानद्वारा जातीय पहिचान दिने र सङ्घीयतामा जाँदा ५ वटा समावेशी प्रदेशहरू बनाउने नीतिलाई जनतामा प्रचार गर्ने काम प्रभावकारी र उपलब्धीमूलक ढंगले हुन सक्यो ।

**८.३.३ तेस्रो तात्कालिक जनपरिचालन कार्यक्रम :** संविधान निर्माण र घोषणा कार्यमा हुन थालेको वाह्य हस्तक्षेपको विरोध गर्न तात्कालिक जनपरिचालको कार्यक्रम २०७२ को भदौ महिनाभरि देशका विभिन्न भागमा सञ्चालित गरियो ।

दोस्रो चरणको जनपरिचालन अभियानमा बाहेक अरूमा पार्टीका दृष्टिकोण र नीतिहरूलाई जनताका बीच पुर्‍याउन सार्वजनिक कार्यक्रमहरू जनसभा, कोणसभा, हलसभा अपेक्षित मात्रामा गर्न नसक्नु यस अभियानमा रहेको ठूलो कमजोरी हो ।

**८.४. संविधानसभाको दोस्रो निर्वाचन :** सरकारले निर्वाचनको मिति तोके पश्चात् बसेको केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठक (२६-२९ जेठ, २०७०) देखि नै पार्टी निर्वाचन तयारीको सम्बन्धमा विस्तृत योजना बनाउँदै कार्यक्षेत्रमा उत्रियो । पार्टीले प्रत्यक्ष र समानुपातिक उमेद्‌वारको मापदण्ड र उमेद्‌वारको छनौट आदि सम्वन्धी नीति निर्माण गर्‍यो । चौथो पूर्ण बैठक (२९ भदौ-१ असोज, २०७०) ले निर्वाचन अभियान सञ्चालन गर्ने केन्द्रीय र स्थानीय संयन्त्रहरू गठन गर्ने, प्रचार सामाग्रीहरूको वितरण र ढुवानीको व्यवस्था मिलाउने, निर्वाचन फण्ड तयार गर्ने, उमेद्‌वारहरूको परिचालन तथा उनीहरूलाई आर्थिक भौतिक सहयोगको व्यवस्थापन गर्ने आदिबारे निर्णय गर्‍यो । निर्वाचन अभियानमा पार्टीको सम्पूर्ण शक्तिलाई परिचालन गर्ने प्रयत्न भयो । **तर कमजोरीहरू पार्टी-केन्द्रबाट गरिने व्यवस्थापन र योजना निर्माणमा नै देखिए, जसले निर्वाचन परिणाममा पनि नकारात्मक असर गर्‍यो । सबै नेता र कार्यकर्ताहरूको सम्पूर्ण सामर्थ्य निर्वाचनमा परिचालन गर्न नसक्नु नै उक्त कमजोरीको सार हो ।** त्यो कमजोरी पार्टी-केन्द्रमा विविध ढङ्गले देखियो भने योजनामा चाहि दुवैखाले उमेद्‌वारलाई राजनीतिक प्रशिक्षण र जिल्ला पार्टी कमिटीलाई निर्वाचन अभियान सञ्चालन गर्ने प्रशिक्षण दिन नसक्नुमा देखिए । निर्वाचनमा योजनाबद्ध ढङ्गले राज्यको तर्फबाट धाँधली पनि गरियो ।



कामरेड पुष्पलालको नेतृत्वमा नेकपाले शुरुदेखि नै २००७ सालको पुष महिनामा भारतको सकृय मध्यस्थतामा तत्कालीन राजा, राणा र नेपाली कांग्रेसवीच सम्पन्न "दिल्ली सम्झौता" (यसलाई वर्तमान सन्दर्भमा 'पहिलो दिल्ली सम्झौता'भन्नु आवश्यक भएको छ-ले.) को विरोध गर्‍यो । उक्त विरोध उक्त सम्झौताले राणाशाहीलाई तत्काल अन्त्य गर्न नदिएको वा राणा-कांग्रेस संयुक्त सरकार गठन गरिएको र राजनीतिक क्रान्तिलाई उत्कर्ष (गणतन्त्र ? जनगणतन्त्र ??) तर्फ वढ्न नदिएको विषयमा नै केन्द्रित भए पनि त्यसले विधानसभाको निर्वाचन गरी त्यसद्वारा लागू गर्न खोजिएको भारतीय रणनीतिको कार्यान्वयनमा पनि परोक्षरूपमा अवरोध पुर्‍याएको थियो, यद्यपि त्यसवेला विधानसभा मार्फत लागू गर्न खोजिएको भारतीय रणनीतिबारे नेपाली जनमत बेखवर थियो । नेकपाले समेत त्यसलाई ठम्याउन सकिरहेको थिएन । त्यतिमात्र होइन, विधानसभाको निर्वाचन गराउने र सङ्घर्षको अग्रपङ्तिमा नेकपा नै उभिन पुगेको थियो ।

त्यसवेला पनि कामरेड पुष्पलालले नेपालको इतिहासमा भएका राज्य विस्तारका प्रयत्नहरू र पृथ्वीनारायण शाहको नेतृत्वमा भएको राष्ट्रिय एकीकरणलाई सकारात्मक मूल्याङ्कन गर्नुभयो । नेकपाको तेस्रो राष्ट्रिय सम्मेलनबाट कामरेड पुष्पलालले नै नेपाली क्रान्तिको सिद्धान्त र कार्यक्रमको रूपमा नेपाली सन्दर्भमा 'नयाँ जनवाद'को व्याख्या-विश्लेषण गर्नु भयो र सैद्धान्तिक स्तरमा क्रान्तिका राजनीतिक रणनीति र कार्यनीतिका प्रश्नलाई हल गर्नुभयो । त्यसवेला का.पुष्पलालद्वारा प्रतिपादित "प्रजातन्त्रको निमित्त संयुक्त जनआन्दोलन गर्ने" कार्यनीतिको कार्यान्वयनद्वारा नै २०४६ साल र २०६३ सालका राजनीतिक क्रान्ति वा राजनीतिक परिवर्तन संभव हुन सकेका हुन । यिनीहरूबाट नै नेपाली क्रान्तिको विशेषता उजागर हुन गएको हो । नेपाली क्रान्तिको विशेषता भनेको **'पटक-पटक पुरानो पुँजीवादी प्रजातान्त्रिक राजनीतिक क्रान्ति अर्थात् राजनीतिक परिवर्तन गर्दै अनुकुल अन्तर्राष्ट्रिय परिवेशमा आमूल परिवर्तन गर्ने'** विशेषता हो । नेपाली क्रान्तिमा यस्तो विशेषता उत्पन्न हुनुको मूल कारण नेपालको भूराजनीतिक अवस्थिति हो, जुन आज दुई जोडी शक्ति-राष्ट्रहरूवीच नेपालको अवस्थिति बन्न पुगेको छ । का.पुष्पलालले नेतृत्व गर्नु भएको पार्टी-समूह आफूभित्र आएको फुट विभाजन र वहाँको निधन पछि क्रमिकरूपमा कमजोर हुँदै संयुक्त वाममोर्चामा सम्मिलित भई २०४६ सालको राष्ट्रिय संयुक्त जनआन्दोलनमा सरिक भए पश्चात् २०४७ सालमा नेकपा (माले) मा एकीकृत हुन पुग्यो[७] । नेकपा (एमाले) मा आएका सैद्धान्तिक-राजनीतिक विचलन पश्चात् पुनर्स्थापित नेकपा (माले) ले नै का.पुष्पलालको उत्तराधिकारलाई[८] अघि बढाइरहेको छ ।

**६.१.२ नेकपा (माले) :** २०२७-०३२ सालको झापा सङ्घर्ष पश्चात् देशका विभिन्न भागमा छरिएर रहेका कम्युनिष्ट पार्टी-समूहहरूलाई क्रमिक रूपमा एकताबद्ध गर्दै २०३५ साल पुष ११ गते कामरेड सी.पी.मैनालीको पहल र नेतृत्वमा प्रथम राष्ट्रिय सम्मेलनबाट नेकपाको उत्तराधिकारीको रूपमा **नेकपा (मार्क्सवादी-लेनिनवादी) को स्थापना** भयो। झापा सङ्घर्षमा र नेकपा (माले) का प्रारम्भिक वर्षहरूमा मनोगतवादी उग्रवामपन्थी सोंचहरू विद्यमान रहेका भए पनि वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्षको विकास क्रममा तिनीहरू क्रमिकरूपमा सच्याइए ।

नेकपा (माले) ले आफ्नो स्थापना कालदेखि नै नेपाली समाजको वर्ग विश्लेषण र नेपाल राष्ट्रको निर्माण, नयाँ जनवादका सिद्धान्त तथा कार्यक्रम र तात्कालिक स्थिति अनुसारको कार्यनीतिक कार्यदिशालाई अङ्गिकार गर्दै आएको छ। जनमत सङ्ग्रहकाल (२०३५-३७ साल) देखि वहुदल (पार्टी स्वतन्त्रता) को निमित्त सङ्घर्ष गर्ने कार्यनीतिको पक्षपोषण गरेको र 'नेपाललाई शान्ति क्षेत्र वनाउने' प्रस्ताव एवम् वीपीको राष्ट्रिय मेलमिलापको नीतिप्रति सन्तुलित सकारात्मक दृष्टिकोण लिएको छ। उपरोक्त कार्य गर्दै यसले नेपाली क्रान्तिको विशेषताको निर्धारण गर्ने काम, नेपाली विशेषतामा मार्क्सवाद-लेनिनवाद तथा माओत्सेतुङ् विचारधाराको सृजनात्मक प्रयोग गर्दै संविधानबाट जातीय पहिचान सुनिश्चित गर्ने र समावेशी सङ्घीय प्रदेश गठन गर्ने प्रस्ताव अघि सार्ने काम, नेपाली कम्युनिष्ट आन्दोलनभित्र उत्पन्न दक्षिणपन्थी र उग्रवामपन्थी विर्सजनवादको विरोध गर्ने काम, नेपालप्रति भारतीय सत्ताधारीहरूको विस्तारवादी रणनीतिको भण्डाफोर र राष्ट्र निर्माणको विशिष्ट रणनीति प्रस्तुत गर्ने काम, **नेपाल चिन्तन**लाई वैज्ञानिक ढङ्गले व्यवस्थित गर्ने काम र **मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ् विचारधारा तथा नेपाल चिन्तन**लाई मार्गदर्शक सिद्धान्त वनाउने कार्य समेत गरेको छ ।

सैद्धान्तिक र व्यवहारिक क्षेत्रका उपरोक्त कार्यले नेकपा (माले) लाई नेकपाको सच्चा उत्तराधिकारी र नेपालको कम्युनिष्ट आन्दोलनको मूल राजनीतिक-वैचारिक धारको रूपमा स्थापित गर्दै ल्याएको छ। यस सचाइलाई जनतामा पुऱ्याउने र समाजमा स्थापित गर्ने अहम् दायित्व नेकपा (माले) र केवल नेकपा (माले) कै नेतृत्व र पार्टी पद्धतिमा रहेको छ ।

**६.१.३ नेपाल मजदूर किसान पार्टी :** नेकपामा भएको विभाजनको समयमा कमरेड पुष्पलालको नेतृत्वमा सञ्चालित नेकपाको पार्टी-समूहमा रहेका क.नारायणमान विजुक्छे थप विभाजन र पुर्नगठनको क्रममा विगत तीन दशकदेखि नेमकिपा सञ्चालन गर्दै आउनु भएको छ। नेमकिपाले 'नेपाली समाज पुँजीवादी समाज भइसक्यो र नेपालमा समाजवादी क्रान्ति आजको आवश्यकता हो' भन्ने मनोगतवादी गलत विचार वर्षौंदेखि अङ्गिकार गर्दै आएको भए तापनि यो



नेता तथा कार्यकर्ताहरूबाट नै प्रदान गरियो ।

माथि उल्लेखित चार तहका पार्टी-प्रशिक्षणहरूबाट केन्द्रीय तथा स्थानीय नेताहरूको क्षमतामा केही बृद्धि भई पार्टी कार्यको प्रभावकारीता बढेको छ ।

**८.३. जनपरिचालन, नेपाल जागरण आन्दोलन :** पार्टीको छैटौं राष्ट्रिय सम्मेलनद्वारा पारित दस्तावेजहरूको महत्व र तिनको अध्ययन, संविधान लेखनका महत्वपूर्ण विषय सम्बन्धी पार्टी नीतिहरू, दोस्रो संविधानसभाको निर्वाचन,विशेषतः जातीय पहिचान, मुलुक शुहाउँदो सङ्घीयता, धर्म-सापेक्षता वा निरपेक्षता होइन धार्मिक-स्वतन्त्रता; नागरिकता नीति; नेपाली स्वाभिमान, नेपालको गौरव, स्वतन्त्रता, सार्वभौमिकता र भू-अखण्डताबारे पार्टीका दृष्टिकोण र नीतिहरूलाई जनताको बीचमा लानको निम्ति पार्टी केन्द्रीय कमिटीले समय-समयमा जनपरिचालन र नेपाल जागरण आन्दोलन जस्ता अभियानहरू सञ्चालित गरेको छ । नेता-कार्यकर्ताहरूलाई सक्रिय राख्न, उनीहरूलाई जनताका बीच पठाउन र पार्टीका नीतिहरूबारेजनतामाझ प्रचार गर्दै पार्टीको जनाधार बढाउन र परिणमतः पार्टीको शक्ति-निर्माण गर्नको निम्ति यस्ता गतिविधिहरू लाभदायी रहेकाछन् ।

**८.३.१ पहिलो जनपरिचालन तथा नेपाल जागरण आन्दोलन :** २०७० को असारबाट शुरु भई भदौ महिनाभरि सञ्चालित रह्यो । यस अन्तर्गत निर्धारित विभिन्न आन्तरिक कार्यक्रमहरू गरिए । यस अन्तर्गत छैटौं राष्ट्रिय सम्मेलनका ५ वटा दस्तावेजहरूको महत्व जनताबीच लाने काम विशेष जोडका साथ गरियो । पार्टीका नीतिहरूलाई जनतामा सार्वजनिक गर्ने, कोणसभा र हलसभाहरू एक दुई जिल्लामा मात्र राम्ररी गरिए । ती वाहेक सबै जिल्लामा कोणसभा वा हलसभाहरू हुन सकेनन ।

**८.३.२ दोस्रो नेपाल जागरण आन्दोलन :** २०७१ को कार्तिकबाट शुरु भई पुष महिनाभरि सञ्चालित भयो । यस चरणमा **नेपाल जागरण आन्दोलन** नामक पुस्तिका प्रकाशित गरी त्यसलाई व्यापक बिक्री वितरणमा लगियो । यस अन्तर्गत संविधान निर्माण सम्बन्धी पार्टीका नीतिहरूको समर्थनमा जनसाधारणको हस्ताक्षर सङ्कलन गर्ने अभियान १३ कार्तिक २०७१ बाट शुरु गरी पुष महिनाभरि सञ्चालन गरियो । यस क्रममा १ लाख ५० हजार जनहस्ताक्षर सङ्कलित भए । सङ्कलित हस्ताक्षर ११ गते पुषका दिन काठमाडौंमा संविधानसभाका अध्यक्ष माननीय शुवास नेम्वाडलाई र मोफसलमा सभाध्यक्षमा पुग्ने गरी प्रमुख जिल्ला अधिकारीलाई बुझाइयो ।

२०७१ सालको मंसिर ५ देखि १० गतेसम्म **मेची-काली जागरण यात्रा** सञ्चालन गरियो । ५ मंसिरको विहान पूर्वमा मेची पुल र शुदुर पश्चिममा

दिने केन्द्रीय प्रशिक्षक प्रशिक्षण कक्षा २०७१ बैशाख १०-१२ गतेसम्म पार्टी केन्द्रीय कार्यालयको सभा-कक्षमा सञ्चालन गऱ्यो । यो प्रशिक्षक-प्रशिक्षण पश्चात आठौं बैठकको निर्णय अनुसार जिल्ला सचिवहरूका प्रशिक्षण कक्षाहरू सञ्चालन गरिए । (अपानी ६:६, पृष्ठ ४)

**८.२.२ केकसहरूको समक्ष परिक्षण :** पार्टी केन्द्रीय कमिटीका सदस्यहरूले जति राम्ररी पार्टीको दृष्टिकोण, सिद्धान्त, राजनीति, कार्यदिशा र नीतिलाई आत्मसात गर्न सक्तछन्, त्यति नै प्रभावकारी ढङ्गबाट उनीहरूले कार्यकर्ताहरूलाई ती बिषयबारे प्रशिक्षित गर्न सक्तछन् । यस सच्चाइलाई आत्मसात गर्दै पार्टी के.क.को आठौं पूर्ण बैठकको निर्णय अनुसार निश्चित दस्तावेजहरूबारे के.क.स.हरूको समक्ष परिक्षण गर्ने कार्यक्रम केन्द्रीय कमिटीका निम्न ३ वटा पूर्ण बैठकको अवधिमा सञ्चालन गरिए : **पहिलो**– नवौं पूर्ण बैठक अवधि– २४-२८ असोज २०७१; **दोस्रो**–दशौं पूर्ण बैठक अवधि– २५-२९ फाल्गुन २०७१ र **तेस्रो**–बाह्रौं पूर्ण बैठक अवधि– २८ माघ–१ फागुन, २०७२ । यस्तो अभ्यास नेताहरूको क्षमता अभिवृद्धिको निम्ति उपयोगी रहेको छ ।

**८.२.३ जिल्ला सचिवस्तरीय प्रशिक्षण :** जिल्लामा पार्टीको कामलाई प्रभावकारी ढङ्गबाट अघि बढाउनको निम्ति सक्षम, सक्रिय र पार्टी कार्यमा पर्याप्त समय दिनसक्ने जिल्ला सचिव हुनुपर्दछ । यही सच्चाइलाई आत्मसात गर्दै के.क.को आठौं पूर्ण बैठकले २०७१ बैशाख १३ गते क्षेत्रीय आधारमा जिल्ला सचिवहरूको ३ दिने प्रशिक्षक प्रशिक्षण कक्षा सञ्चालन गर्ने निर्णय गऱ्यो र शिक्षा विभागको सिफारिसमा आवश्यक पाठ्यक्रम पनि निश्चित गऱ्यो । उक्त निर्णय अनुसार (क) काठमाडौं : २७-२९ बैशाख, २०७१; (ख) सुनसरी : ३-५ जेठ, २०७१; (ग) कास्की : ९-११ जेठ, २०७१; (घ) डडेलधुरा (साहूखर्क) : २७-२९ असार, २०७१, (ङ) जनकपुर : ८-९ फागुन, २०७१ र (च) वुटवल : ११-१२ फागुन, २०७१ मा गरी छवटा स्थानमा उल्लेखित मितिमा क्षेत्रीय आधारमा जिल्ला सचिवहरूको ३ दिने प्रशिक्षण कक्षा सञ्चालन गरिए । यस कार्यक्रम अन्तर्गत पनि ७२ जिल्ला मध्ये ३९ जिल्लाका सचिवहरूले मात्र प्रशिक्षणमा भाग लिए, ३३ जिल्लाका सचिवहरू अनुपस्थित रहे ।

**८.२.४ स्थानीय कार्यकर्ता प्रशिक्षण :** पार्टीले सञ्चालन गरेका सङ्गठन विस्तार तथा शुदृढीकरण (विशु) अभियान र विशेष विशु अभियानको अवधिमा पार्टीका जिल्ला सदस्यहरू, जनवर्गीय सङ्गठनका जिल्ला स्तरीय नेताहरू (पार्टी सदस्य) हरू बीच क्षिक्षा विभागको पाठ्यक्रम अनुसार प्रशिक्षण कक्षा सञ्चालन गर्ने कार्य गरियो । यस्तो प्रशिक्षण विशु अभियानमा खटिएका पार्टी



पार्टी भारतीय विस्तारवाद र साम्राज्यवादको दृढ विरोधी रहेको छ । यो पार्टी नेपालप्रति भारतीय विस्तारवादी रणनीतिबारे जागरुक छ र उसका अधिकांश नीतिहरू भारतीय विस्तारवादी रणनीतिको विरूद्ध लक्षित हुने गर्दछन् । नेपाली समाजको परिवर्तनको सिद्धान्त र कार्यक्रमबारे गम्भीर मतभेद रहे तापनि राष्ट्रियता निम्तिको वर्तमान आन्दोलनमा यो पार्टी महत्वपूर्ण वैचारिक शक्ति वनेको छ ।

**६.१.४ नेकपा (मसाल) :** नेकपामा आएको व्यापक विभाजनको क्रममा कामरेड मोहनविक्रम सिंहले २०२७ सालदेखि नेपाली वामपन्थको अलग्गै साङ्गठनिक संरचना र अलग्गै प्रवृत्तिलाई प्रतिनिधित्व गर्दै आएका छन् । २०१४ सालको भद्र अवज्ञा आन्दोलन पश्चात् राजा महेन्द्रद्वारा 'आफूले देशलाई संविधान दिने र संसदीय आम निर्वाचन गराउने' घोषणा गरिएपछि क. पुष्पलालले वीपी सङ्गै 'विधानसभा निर्वाचन'को नारा छोडे पनि मोहनविक्रम सिंहले छोडेनन्, पार्टीको तेस्रो राष्ट्रिय महाधिवेशन र त्यसको केही पछिसम्म त्यही नारालाई नै बोकिरहे । भारतीय विस्तारवादको कडा विरोध गरे पनि उनी नेपाल सम्बन्धी त्यसका कतिपय आयाम र दाउपेचबारे कम सम्वेदनशील रहेको पाइन्छ । क. मोहनबिक्रमले २०२७ सालमा 'केन्द्रीय न्यूल्कियस' गठन गरी **'देशभक्त जनतान्त्रिक शक्तिहरूको सरकार' (देजशस) को औसरवादी कार्यनीति** अघि सार्दै २०३१ सालमा चौथो राष्ट्रिय महाधिवेशनको आयोजना गरी नेकपा (चौम) को गठन गरे । नेकपा (चौम) ले नेपाली कम्युनिष्ट आन्दोलनमा एउटा विशिष्ट धारको प्रतिनिधित्व गर्छ, जसबाट समयक्रममा नेकपा (मशाल), नेकपा (एकता-केन्द्र), नेकपा (माओवादी), आदि पार्टी-समूहहरू विकसित भए ।

विचित्रको संयोग के देखिन्छ भने सशस्त्र सङ्घर्षको विकासक्रममा नेकपा (माओवादी) को नेतृत्व-समूह राजनीतिकरूपले भारतीय रणनीतिको प्यादा बनेपछि क. मोहनबिक्रम सिंहद्वारा क्रान्तिकारी भनी ब्याख्या गरिएका दुईटा सन्देहास्पद नाराहरू- **संविधानसभाको चुनाव र देजशस** (यसको अर्को रूप लोकतान्त्रिक गणतन्त्र) का नाराहरू त्यस नेतृत्व-समूहका पनि सम्वल बन्न पुगे । यसबाट क.मोहनविक्रम नेतृत्वको नेकपा (चौ.म.) मा नेपाल प्रतिको भारतीय विस्तारवादी रणनीतिबारे पर्याप्त जागरुकता नभएको देखिन्छ । त्यसभन्दा अघि बढी उल्टै त्यस समूहका कतिपय नीतिबाट प्रकारान्तरमा भारतीय विस्तारवादी रणनीतिको सेवा हुने काम भएकाछन् । अहिले सङ्घीयता-विरोधी र भारतीय-विस्तारवाद विरोधी पार्टीको परिचय बनाएको यस समूहले नेपाली राजनीतिमा विधानसभाको भूमिका र परिवर्तनशील भारतीय विस्तारवादी रणनीतिबारे आफ्नो दृष्टिकोण स्पष्ट पार्नु पर्ने देखिन्छ ।

यो पार्टी-समूह एकापट्टि नेपाली समाजको वर्गीय विश्लेषण, नेपाली

क्रान्तिका सिद्धान्त र कार्यक्रमबारे मार्क्सवाद-लेनिनवाद अनुकूल विचार राख्दछ भने अर्कोपट्टि यो राष्ट्रिय विशेषता अनुरूप समाजवाद निर्माण गरिनु पर्ने विचारको पक्षधर भएर पनि वामपन्थी आवरणमा जनवादी गणतन्त्र चीनको विरोध गर्नेहरूको पङ्तिमा सामेल हुन पुगेको छ । यो अध्ययन र विचार-विमर्शको गम्भीर विषय बनेको छ ।

**६.१.५. नेकपा (एमाले) :** यो पार्टी २०४६ सालको संयुक्त जनआन्दोलनको विजय पश्चात् तत्कालीन नेकपा (माले) र नेकपा (मार्क्सवादी) २२ पुष २०४७ साल (६ जुन १९९१) मा एकीकृत भएर बनेको पार्टी हो । यसले आफ्नो पाँचौ राष्ट्रिय महाधिवेशन (२०४९) बाट **जनवादी क्रान्तिका सिद्धान्त र कार्यक्रमलाई परित्याग गर्दै प्रजातान्त्रिक समाजवादी अर्थात् पुँजीवादी सुधारवादको सारतत्व रहेको 'जनताको बहुदलीय जनवाद' को सिद्धान्त र कार्यक्रम अङ्गिकार गरी मार्क्सवाद-लेनिनवादलाई विसर्जन गर्ने बाटो लिएको छ ।** आफ्नो नवौं राष्ट्रिय महाधिवेशन (२०७१) बाट यसले नेपाली समाज अर्ध-उपनिवेशी बन्धनबाट मुक्त बनी स्वतन्त्र पुँजीवादी समाजमा रूपान्तरण भएको मनोगतवादी गलत विश्लेषण गर्दै तात्कालिक रूपमै समाजवादी क्रान्तिको सिद्धान्त र कार्यक्रम अवलम्बन गर्न पुगेको छ । मार्क्सवाद-लेनिनवादको सारतत्वलाई विसर्जन गर्न र सामाजिक क्रान्तिको सम्बन्धमा गलत विश्लेषण गर्न पुगे पनि वर्तमान समयमा कमरेड के.पी. ओलीको नेतृत्वमा नेकपा (एमाले) ले भारतीय विस्तारवादी रणनीति विरोधी कतिपय महत्वपूर्ण निर्णय र काम गरेको छ। यो सकारात्मक कार्य हो, जसले वाम सहकार्य र आफ्नै रूपान्तरणको सम्भावनालाई बढाएको छ। साथै, यो सकारात्मक नीतिगत विकास देशको वर्तमान अग्रगामी परिवर्तन र राष्ट्रियताको आन्दोलनको निमित्त अत्यन्त महत्वपूर्ण आधार बनेको छ।

**६.१.६. नेकपा (माओवादी) :** नेकपा (चौम) विभाजित हुँदै जाने क्रममा नेपालको वस्तुस्थिति र नेपाली क्रान्ति सम्वन्धी उग्रवामपन्थी विश्लेषण गर्दै र झापा सङ्घर्षका शिक्षाहरूलाई नकार्दै नेकपा (माओवादी) २०५१ मा गठित भयो । यस पार्टीप्रति सकारात्मक रहँदै बढीमा यति भन्न सकिन्छ कि यसले आवेगमा बगेर २०४६ सालको राष्ट्रिय संयुक्त जनान्दोलनको विजयपछि स्थापित पुँजीवादी वहुदलीय प्रजातान्त्रिक प्रणालि र सम्वैधानिक राजतन्त्रको विरूद्ध २०५२ सालको फागुन १ देखि सशस्त्र सङ्घर्ष गर्न शुरु गर्‍यो । यसले शुरुदेखि नै आफ्ना बिरोधीहरू वीचका अन्तरविरोधहरूलाई पहिचान गर्दै आफ्नो फाइदाको निम्ति तिनीहरूलाई उपयोग गर्ने दाउपेच प्रयोग गर्न शुरु गर्‍यो । यो पार्टी संसदीय राजनीतिमा संलग्न कांग्रेस र नेकपा (एमाले) वीचका, दरवार र संसदीय धारका दलहरू वीचका, नेपाली दरवार र भारतीय विस्तारवादवीचका



र नीतिहरूको प्रचार गर्नका लागि सातवटा पुस्तिकाहरू, (४) प्रशिक्षणका दुईखाले हास्तेपुस्तिका र (५) प्रत्येक हप्ता व्यवसायिक साप्ताहिक पत्रिका '**जनप्रकाश**' नियमित रूपमा प्रकाशित भइरहेको छ । यद्यपि **जनप्रकाश**को विक्री-वितरण मूलतः काठमाडौं उपत्यकामा मात्र सीमित रहेको छ। पार्टीका यस्ता प्रकाशहरूले पार्टीका दृष्टिकोण र नीतिलाई जनताको बीचमा पुर्‍याउने महत्वपूर्ण कार्य गरेका छन् ।

**८.१.३** पार्टीका केन्द्रीय नेताहरूले राष्ट्रिय, क्षेत्रीय र जिल्लास्तरका विभिन्न १५० भन्दा वढी सार्वजनिक सभा, गोष्ठि र अन्य कार्यक्रमहरूमा सहभागी बनी पार्टीका नीतिहरूलाई सार्वजनिक गरेका छन्; अरूका ज्ञान र अनुभवबाट पार्टीलाई शुसूचित गरेका छन् ।

**८.१.४** पार्टीका केन्द्रीय तहका नेताहरू पटक-पटक पार्टीका विभिन्न कार्यक्रमहरू र अभियान अन्तर्गत देश र प्रवासका विभिन्न जिल्ला र क्षेत्रहरूमा जनताका बीचमा पुगेका छन् र पार्टीलाई बढाउने कोशिस गरेका छन् ।

के पार्टी-केन्द्र र केन्द्रीय कमिटीका नेताहरूका माथि उल्लेखित कार्य र गतिविधिहरू नेकपा (माले) जस्तो देशभक्त क्रान्तिकारी पार्टीलाई जनताको बीचमा पुर्‍याई उनीहरूलाई पार्टीका विचार र नीतिहरूद्वारा जागृत, सङ्गठित तथा आन्दोलित गर्न पर्याप्त छन् ? मलाई लागेको छ : केन्द्रीय नेताहरूको यत्तिमा सीमित सकृयता र कृयाकलाप पर्याप्त छैन । यत्ति मात्र सकृयताले नत जनतावीच पार्टी पुग्छ, न जनता पार्टी नेतृत्व वरिपरि गोलवन्द बनी पार्टी शक्तिको पर्याप्त निर्माण नै हुन सक्तछ। प्रतिनिधि कामरेडहरूले गम्भीरतापूर्वक छलफल गरी महाधिवेशनबाट निश्चित नीति पारित गर्न ध्यान दिनु हुनेछ भनी ध्यानाकर्षण गर्दछु ।

**८.२ नेता-कार्यकर्ता प्रशिक्षण :** विभिन्न वर्गीय पृष्ठभूमि र सामाजिक तथा राजनीति परिवेशबाट आएका नेता-कार्यकर्ताहरूले पार्टीका सिद्धान्त, कार्यक्रम, कार्यदिशा तथा नीतिहरू तथा समसामयिक राजनीतिलाई आत्मसात गर्नको निम्ति नियमितरूपमा तिनको गम्भीर अध्ययन र सामुहिक छलफल गरिरहनुपर्छ । यति मात्रले पुग्दैन, पार्टीका नेता-कार्यकर्ताहरूलाई व्यक्तिगत र सामुहिक अध्ययनमा प्रोत्साहित गर्न र उनको अध्ययनलाई सघाउन पार्टीले विभिन्न तहमा नियमितरूपमा प्रशिक्षण कक्षाहरू पनि सञ्चालित गर्नुपर्छ । हामीले अझैसम्म केन्द्रीय तहमा समेत एउटा पनि नियमित पार्टी-स्कूल सञ्चालित गर्न सकेका छैनौं । निकट भविष्यमा यसको व्यवस्था गरिनेछ । त्यस्तो व्यवस्था नभए पनि छैटौं के.क.को कार्यावधिमा पार्टीले निम्न चारखाले पटके प्रशिक्षण कक्षाहरू सञ्चालन गरेको छ ।

**८.२.१ केन्द्रीय प्रशिक्षक प्रशिक्षण :** पार्टी केन्द्रीय कमिटीले सबै सदस्य कमरेडहरूलाई लिएर पार्टी के.क.को सातौं पूर्ण बैठकको निर्णय अनुसार ३

बढाउदै गल्ती-कमजोरीहरूलाई सच्याउनु र थप प्रभावकारी ढङ्गले नेकपा (माले) को शक्ति निर्माण गर्ने सङ्घर्षलाई अघि बढाउनु हो; देशमा विद्यमान वर्तमान चुनौतीहरूको सामना गर्न सक्षम देशभक्त प्रगतिशील, वाम तथा लोकतान्त्रिक वैकल्पिक शक्तिको निर्माण गर्नु हो ।

**८.१ केन्द्रीय सक्रियता :** पार्टीको छैटौं राष्ट्रिय सम्मेलन (२९-३१ वैशाख, २०७०) ले नौ वटा रिक्त स्थान वाहेक ६२ सदस्यीय केन्द्रीय कमिटीको निर्वाचन गरेको थियो । यो कार्यकाल भरिमा केन्द्रीय कमिटीमा ३३ जना थप सदस्यको प्रवेश भयो । निर्वाचित पुराना मध्येबाट २० जना र नयाँबाट ५ समेतगरी २५ जना वहिर्गमित भई हाल ६५ जना केन्द्रीय सदस्य र ५ जना वैकल्पिक केन्द्रीय सदस्य गरी ७० जनाको केन्द्रीय कमिटी रहेको छ। यसमध्ये पोलिटव्युरोमा हाल १५ जना सदस्य र ३ जना वैकल्पिक गरी १८ जना रहेका छन् । पार्टीको सक्रियता पार्टी केन्द्रीय कमिटी र केन्द्रीय निकायहरूको सक्रियतामा भर पर्छ। हाम्रो पार्टी-केन्द्र कतिको सक्रिय रह्यो ? यस अवधिका केही तथ्यहरूलाई सर्सति हेरौं ।

**८.१.१** छैटौं राष्ट्रिय सम्मेलन यता सातौं राष्ट्रिय महाधिवेशन अघिको अन्तिम वैठक समेत गरी केन्द्रीय कमिटीले आफ्नो २ वर्ष ११ महिना २६ दिनको कार्यकालमा तेह्रवटा पूर्णवैठक र लगभग यसको दोब्बर संख्यामा पोलिटव्युरोका वैठकहरू आयोजना गरी देशको अवस्थाको विश्लेषण, जनताको आन्दोलन, संविधान निर्माण, सरकार सञ्चालन र पार्टी निर्माण तथा सञ्चालन सम्वन्धी महत्वपूर्ण नीति-निर्णय गरेको छ । ती नीति-निर्णयबारे पार्टी नेता-कार्यकर्तालाई जानकारी गराउँदै जनताको वीचमा लगी कार्यान्वयन गर्न १७ वटा **अन्तरपार्टी** निर्देशन-पत्र र २ वटा **विशेष परिपत्र** जारि गरिएको छ । यी अन्तरपार्टी निर्देशनपत्रहरू प्रिन्ट गरी पठाउनुको साथै विद्युतीय माध्यमबाट पनि प्रापकहरूलाई पठाइएको छ । वारम्वार अध्ययन गर्दै, प्रत्येक अपानिमाथि छलफल चलाउँदै विभिन्न जिल्ला र कार्यक्षेत्रमा खटिएका पार्टीका नेता-कार्यकर्ताहरूले पार्टीका नीति-निर्णयहरूलाई वुझेर लागू गर्ने कोशिस गरेका छन् । यो काम राम्ररी नगरिएको जिल्लाका जनताभित्र पार्टीका नीतिहरू सही ढङ्गले पुगेका छैनन् र पार्टीको समर्थन गर्ने जनाधार तथा जनशक्तिको निर्माण भएको छैन । अपानि र अन्तरपार्टी परिपत्रहरू पार्टीका नीति-निर्णयहरू वुझ्ने र तिनको सही र प्रभावकारी कार्यान्वयनको निम्ति प्राथमिक आधार हुन् ।

**८.१.२** छैटौं केन्द्रीय कमिटीको कार्यावधिमा केन्द्रीय कमिटीले कैयौं हजारको संख्यामा निम्न सामग्रीहरू प्रकाशित गरी बिक्री र वितरण गरेको छ : (१) छैटौं राष्ट्रिय सम्मेलनबाट पारित ५ वटा दस्तावेज, (२) वर्ग-सङ्घर्ष खण्ड ३ का १०, ११ र १२ अंकहरू, (३) विभिन्न समयमा पार्टीका सिद्धान्त, राजनीति



अन्तरविरोधहरूमा खेल्न थाल्यो र यसले त्यसमा केही सफलता पनि प्राप्त गर्‍यो । दाउपेच प्रयोग गर्ने यस्तो प्रतिस्पर्द्धामा द्वन्द्वरत प्रत्येक पक्ष आफूले प्रतिद्वन्द्वी पक्षलाई खेलाइरहेको ठान्दछ । तर अन्ततोगत्वा प्रतिस्पर्द्धामा त्यही पक्ष जित्न (प्रभावी बन्न) पुग्छ जोसँग वढी चतुर्‍याइँ, बढी शक्ति र बढी विकल्पहरू हुन्छन् । भयो यस्तै, एकार्कालाई प्रयोग गर्ने प्रतिस्पर्द्धामा अन्ततोगत्वा भारतीय विस्तारवाद प्रभावी बन्यो र स्वतन्त्र खेलाडीको रूपमा दाउपेचको प्रतिस्पर्द्धामा उत्रिएको नेकपा (माओवादी) २०६२ सालको “दोस्रो दिल्ली सम्झौता”सम्म आइपुग्दा भारतीय विस्तारवादको तावेदार र त्यसको रणनीतिका प्यादा (सम्वाहक) बन्न पुग्यो ।

उपरोक्त आरोपलाई पुष्टि गर्ने अनगिन्ति उदाहरण छन्, जसका केही महत्वपूर्ण नमुनाहरूलाई निम्न प्रकार उल्लेख गर्न सकिन्छ : (क) सशस्त्र सङ्घर्षकै अवधिमा २०५४/५५ तिर, नेकपा (माओवादी) को नेतृत्वले “दक्षिण एशियामा सोभियत नमुनाको महासङ्घ बनाउने नीति”लियो । (ख) माओवादी नेतृत्वले २०६० सालको जेठमा आयोजित केन्द्रीय कमिटीको वैठकबाट उद्घोषित गर्‍यो, हामी “आत्मनिर्णयको अधिकार सहित जातीय र क्षेत्रीय स्वशासनको कुरा गरिरहेका छौं” । (ग) माओवादी नेतृत्व “दोस्रो दिल्ली सम्झौता”को ३ नम्वरको बुँदाद्वारा आवश्यक पर्दा नेपाली सेना र आफ्नो “जनसेना”लाई समेत “संयुक्त राष्ट्रसङ्घ वा कुनै भरपर्दो मित्रराष्ट्रको सुपरिवेक्षणमा राख्न” तयार देखियो । माओवादी नेतृत्वले अवलम्बन गरेका उपरोक्त नीतिहरूले नेपालमा विस्तारवादी र साम्राज्यवादीहरूका सङ्कीर्ण स्वार्थलाई सघाउ पुर्‍याउँछन्, जुन आजसम्म पनि नेपालको शुरक्षा र भू-अखण्डताका प्रमुख चुनौती बनिरहेका छन् ।

यस प्रकार आवेगमा बगेर नेपालमा तत्काल जनगणतन्त्र स्थापनाको निम्ति राजतन्त्र र वहुदलीय संसदीय व्यवस्था विरूद्ध सशस्त्र सङ्घर्ष गर्ने उग्रवामपंथी भड्काउमा फँसेको नेकपा (माओवादी) को नेतृत्व आफ्नो अहम्को रक्षा, सत्ता (सरकार) को प्राप्ति र अन्य सङ्कीर्ण स्वार्थको निम्ति सामाजिक क्रान्ति र राष्ट्रिय मुक्तिको निम्ति भनेर आफ्नो जीवन वलिवेदीमा चढाउने हजारौं शहीदहरू र आफ्नो अमूल्य समय, श्रम र उर्जा वलिदान गर्ने हजारौं कार्यकर्ता तथा लाखौं जनताको आकाङ्क्षाप्रति विश्वासघात गर्न पुग्यो । यद्यपि हजारौं शहीद, हजारौं नेता/कार्यकर्ता तथा लडाकुहरू र लाखौं सङ्घर्षशील जनसमुदाय संलग्न माओवादी आन्दोलनले नेपाली समाजमा वर्तमान अग्रगामी परिवर्तन ल्याउन अतुलनीय योगदान गरेको छ । निर्दोष समर्पित योद्धा तथा आम जनताका आकाङ्क्षा र नेतृत्वमण्डलीको उपरोक्त विश्वासघात वीचको द्वन्द बढिरहेको समयमा नेकपा (एकता-केन्द्र) लाई नेकपा (माओवादी) पार्टीमा

सङ्गठित गर्दा सन् २००९ को जनवरी १३ मा नेकपा (माओवादी) एकीकृत नेकपा (माओवादी) वा एकीकृत माओवादी पार्टीमा रूपान्तरित भयो ।

**६.१.६.१ एकीकृत माओवादी :** "जनसेना" अर्थात् माओवादी पूर्वलडाकुहरूको सरकारी सुरक्षा निकायमा समायोजन तथा समाजमा पुर्नस्थापना गर्ने र सामाजिक द्वन्द्वहरूलाई व्यवस्थापन गर्नको निम्ति संविधानसभाद्वारा नयाँ संविधान वनाउने क्रममा एमाओवादी नेतृत्व मण्डलीको दुईपत्रे (पार्टी पङ्तिभित्र एउटा र सार्वजनिक रूपमा अर्कै रूप तथा सार भएको) रणनीति, अपारदर्शी र अस्थीर नीतिहरूले गर्दा पार्टीबाट कार्यकर्ताहरू व्यक्तिगत रूपमा पलायन गर्ने प्रवृत्ति बढ्यो । समयक्रममा यसले पार्टीबाट अलग भई आफ्नो समूह वनाउने विखण्डनवादी प्रवृत्तिलाई बढायो । त्यस्ता माओवादी पार्टी-समूहहरूमा संस्थापन पक्ष रहेको प्रचण्ड नेतृत्वको **एनेकपा (माओवादी)** पछि सांस्कृतिककर्मी क.मणि थापा नेतृत्वको **क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल**; क.मातृका यादव नेतृत्वको **नेकपा (माओवादी)**, क.मोहन वैद्य नेतृत्वको **नेकपा (क्रान्तिकारी माओवादी)** र क.नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको **नेकपा माओवादी** छन् । एमाओवादीमा पुनः सङ्गठित हुने विषयमा मतभिन्नता हुँदा नेकपा (क्रान्तिकारी माओवादी) विभाजित भई क.मोहन वैद्यको नेतृत्वमा संस्थापन समूह रहने र क.रामवहादुर थापा 'वादल'को नेतुत्वमा नयाँ पार्टी-समूह तयार हुने चर्चा चलिरहेको छ र समयक्रममा यसले निश्चित आकार[९] लिनेछ ।

संविधान जारी गर्ने उद्देश्य लिएर चारदल- नेपाली कांग्रेस, नेकपा (एमाले), एनेकपा (माओवादी), र मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) बीच २५ जेठ २०७२ मा सम्पन्न १६ वुँदे सहमतिबाट देशको राजनीतिले क्रमशः निकासमुखी सकारात्मक मोड लियो । त्यसमाथि संविधानसभाको रोष्टमबाट एमाओवादी नेता प्रचण्डले 'संविधान नवनाउने र तराईलाई नेपालबाट अलग्याउने खेल आत्मघाती मात्र नभएर राष्ट्रघाती पनि हो' भन्ने घोषणा गरेपछि प्रचण्ड नेतृत्वको ३२ दलीय मोर्चा विघटित भयो र संविधान घोषणा भएपश्चात् डा.वावुराम भट्टराईले एमाओवादी पार्टीमा वस्ने आवश्यकता अन्त्य भएको महसुस गरी विधिवत पार्टी परित्याग गरे । पछि उनले मार्क्सवाद र पुँजीवादी उदारवादका कथित 'राम्रा कुराहरू'लाई मिसाउने अभिष्ट लिई गैरकम्युनिष्ट "नयाँ शक्ति पार्टी" गठन गर्न थालेका छन् । वावुरामको यस कदमलाई प्रचण्डले समेत देशघाती कदम करार गरेका छन्, जो तथ्यविपरित देखिदैन ।

मार्क्सवादलाई विदेशपरस्ती र वैदेशिक तावेदारी अनुरूप व्याख्या र प्रयोग गर्ने वावुराम भट्टराई र उनको प्रवृत्ति पार्टीबाट वाहिरिए पछि एनेकपा (माओवादी) मा क्रमिकरूपमा आत्मनिरीक्षण, आत्मसमीक्षा र भूलसुधारका



बनाउन खोजिदैछ ।

यस्तो अवस्थामा नेकपा (माले) सार्थक ढङ्गले समाज परिवर्तन, जनसेवा तथा राष्ट्र-सेवा गर्न कृयाशील छ । सार्थक ढङ्गले उपरोक्त काम गर्न पार्टीका नीतिद्वारा जनतालाई प्रशिक्षित, सङ्गठित र गोलबन्द गर्नुपर्छ । पार्टीका नीतिलाई मानेर सङ्गठित, गोलबन्द र परिचालित हुने जनता नै पार्टीको शक्ति हो । जनताको शक्ति पर्याप्त मात्रामा निर्माण नगरिकन पार्टीले आफ्नो आदर्श मुताविकको रणनीतिक लक्ष्य त के कार्यनीतिक लक्ष्य समेत प्राप्त गर्न सक्तैन । अतः पार्टीका सवै कामको तात्कालिन अभिष्ट पार्टी नीति लागू गर्न तत्पर रहेको जनशक्तिको निर्माण गर्नु नै हो । पार्टी निरन्तर यही शक्ति निर्माणको निम्ति सङ्घर्षरत छ । २०७० साल वैशाखमा सम्पन्न छैटौ राष्ट्रिय सम्मेलन पछि त्यसद्वारा निर्वाचित पार्टी केन्द्रीय कमिटीको नेतृत्वमा नेकपा (माले) यही अभिष्ट प्राप्तिको निम्ति निरन्तर सङ्घर्षरत रहेको छ ।

## ८. शक्ति निर्माणको सङ्घर्ष : अभिलेखको पत्रमा

हामीहरू, अर्थात् नेपालका कम्युनिष्टहरू, सङ्गठित ढङ्गले ६७ वर्ष अघिदेखि निरन्तर सङ्घर्षमा छौं र यही शिलशिलामा २००७, २०४६ र २०६३ सालमा तीनवटा राजनीतिक क्रान्ति भएकाछन्, अथवा पुरानो पुँजीवादी जनतान्त्रिक चरित्रका राजनीतिक परिवर्तनहरू सम्पन्न भएका छन । हामी शुरुआँती कालमा देशमा विद्यमान राणा-शासनलाई पल्टाउँदै आज राजतन्त्रको उन्मूलन पछिको अग्रगामी लोकतान्त्रिक गणतन्त्रमा आइपुगेका छौं । जनताको राजनीतिक सङ्घर्ष र आन्दोलनकै प्रतिफलस्वरूप नेपाली समाज जनचेतना, शिक्षा, स्वास्थ्य, राष्ट्रिय बजेट, पूर्वाधार निर्माण, उर्जा उत्पादन, सामाजिक विकास, सञ्चार, यातायात, सेवा उद्योग, पर्यटन-उद्योग, व्यापार-वाणिज्य, वाह्य-सम्वन्ध आदि अनेकौं क्षेत्रमा फड्को मार्दै वर्तमान अवस्थामा आइपुगेको छ । यी राजनीतिक सङ्घर्ष र आन्दोलनमा मात्र होइन, माथि चर्चित विकासे गतिविधिहरूमा पनि कम्युनिष्टहरूको, आफ्नो स्थापना पश्चात् नेकपा (माले) को आफ्नै विशिष्ट महत्वपूर्ण भूमिका रहेको छ । यहाँ हामी इतिहासको त्यो गहीराइलाई खोतल्न गइरहेका छैनौं; यहाँ हामी पार्टीको छैटौं राष्ट्रिय सम्मेलन पश्चात नेकपा (माले) द्वारा आफ्नो आदर्श, अभिष्ट र उद्देश्य प्राप्तिको निम्ति शक्ति निर्माण गर्न सञ्चालित सङ्घर्षवारे वर्गीकरणको आधारमा वुँदागत ढङ्गले संक्षीप्त उल्लेख मात्र गर्ने छौं । यसो गर्नुको उद्देश्य राम्रा काम र सफलतालाई अघि

कार्यक्रम हो ।

पार्टीको तात्कालिक कार्यक्रम हुन्छ । नेकपा (माले) को पनि छ । त्यो नेकपा (माले) को कार्यनीतिक कार्यक्रम हो । त्यो यस्तो कार्यक्रम हो, जसलाई वर्तमानमा विद्यमान वर्गीय शक्ति सन्तुलनमै पनि राजनीतिक परिचालन र जनसङ्घर्षद्वारा कार्यान्वयन गर्दै समाजलाई रणनीतिक लक्ष्य प्राप्तिको दिशातर्फ अग्रसर गराइन्छ । तात्कालिक कार्यक्रमका उपयुक्त विषयहरूलाई पार्टीका विभिन्न तहका कमिटीहरूले छानेर उपयुक्त माध्यमद्वारा लागू गर्न सकृयतापूर्वक जनपरिचालन गर्दछन् ।

निष्कर्षमा, राजनीतिक पार्टीले आफ्नो आदर्श र रणनीतिक लक्ष्यलाई पछ्याउँदै तत्काल हाँसिल गर्न सकिने समाज परिवर्तन र जनसेवा गर्न अर्थात् तात्कालिक कार्यक्रम लागू गर्न सकृय सङ्घर्ष गर्छन् । नेकपा (माले) ले पनि यस्तै गर्ने गर्छ, गर्नुपर्छ । यस्तो काम गर्ने/गराउने पार्टीको नीति उसको कार्यनीतिक कार्यदिशा हो । अग्रगामी सामाजिक-आर्थिक परिवर्तनको निम्ति जनतालाई गोलवन्द गर्दै रणनीतिक लक्ष्य प्राप्तितर्फ जनतालाई अभिमुख गराउनु नेकपा (माले) को वर्तमान राजनीतिक कार्यदिशा हो ।

नेपालका कम्युनिष्टहरू माथि उल्लेखित सिद्धान्त, आदर्श, रणनीतिक लक्ष्य, कार्यनीतिक कार्यदिशा अपनाउने कोशिस गर्दै निरन्तर सङ्घर्षमा छन् । यही शिलशिलामा २०३५ साल पुषमा स्थापना भएदेखि नै नेकपा (माले) माथि उल्लेख गरिएका उपायहरू अपनाउदै निरन्तर सङ्घर्षमा छ । यस प्रकार नेकपा स्थापनाको ६७ वर्षमा तीनवटा ठूला राजनीतिक परिवर्तनहरू अर्थात पुरानो पुँजीवादी जनतान्त्रिक चरित्रयुक्त राजनीतिक क्रान्तिहरू भएका छन् । तिनीहरू विस.२००७ साल, २०४६ साल र २०६३ सालमा सम्पन्न भएका हुन् । तैपनि नेपाली समाजको आमूल परिवर्तन भएको छैन, जनताको जनवाद प्राप्त भएको छैन र श्रमजीवीहरू सहितका व्यापक नेपाली जनताको हितरक्षा गर्ने संविधानको निर्माण र सत्ताको स्थापना भएको छैन । त्यतिमात्र होइन, पटकपटकका अग्रगामी राजनीतिक परिवर्तन बराबरका अग्रगामी सामाजिक-आर्थिक परिवर्तन पनि हुन सकेको छैन । विस्तारवादी तथा साम्राज्यवादीहरूको हस्तक्षेपले गर्दा र देशका राजनीतिक पार्टीहरूसँग स्पष्ट विचार तथा योजनाहरू नहुँदा देशमा अपेक्षित अग्रगामी सामाजिक-आर्थिक परिवर्तन हुन नसकेको हो । विदेशी शक्तिहरूले राजनीतिक परिवर्तनहरू पश्चात् पनि नेपाली समाजलाई अस्थीर बनाइरहे । यसपटक, २०७२ असोजमा संविधानसभाद्वारा नयाँ संविधान ल्याए पछि पनि राजनीतिक अस्थीरताको अन्त्य भएको छैन र अग्रगामी सामाजिक-आर्थिक विकासको आशालाई "आकाशको फल"मात्र



प्रयत्नहरूमा बृद्धि हुने सम्भावना वढेको छ । यस अवसरलाई नेता प्रचण्डले आफ्नो पार्टीको शुद्धीकरणको निम्ति सदुपयोग गर्ने छन् वा अर्धप्रयोग मात्रै गर्ने छन् वा गर्न नसक्ने हुन्, त्यो निकट भविष्यमा देखिने विषय बनेको छ । हेटौंडाको सातौं राष्ट्रिय महाधिवेशन (१९-२६, माघ २०६९) द्वारा यो पार्टी नेपाली समाजको वर्गीय र नेपाली क्रान्तिको राजनीतिक चरित्र विश्लेषण गर्ने क्रममा 'नेपाली समाज पुँजीवादी बनेको र अब त्यसलाई समाजवादी क्रान्तिको आवश्यकता भएको' मनोगतवादी गल्ती गर्न पुगेको छ । यद्यपि संविधान घोषणापछि प्रचण्ड निम्न सकारात्मक निर्णय गर्न सक्षम भएका छन् : उनी १६ बुँदे सहमति लागू गर्न दृढ रहे, उनी वर्तमान सत्तापक्षीय राष्ट्रवादी गठबन्धन निर्माण गर्न सहयोगी बने, उनी वर्तमान गठबन्धन विरोधी आन्तरिक र वाह्य प्रवृत्तिबिरुद्ध आजसम्म जुधिरहेका छन् र उनी माओवादी पार्टी-समूहहरूलाई एकीकरण गर्ने कार्यमा लचिलो भएर लागेका छन्, आदि ।

**६.१.६.२. अन्य माओवादी पार्टी-समूहहरू :** क. मोहन वैद्य नेतृत्वको **नेकपा (क्रान्तिकारी माओवादी)** प्रत्यक्षरूपमा हुने बाह्य हस्तक्षेप र तावेदारीको विरूद्धमा उत्रिएको छ, जुन सकारात्मक कार्य हो । त्यति मात्र हैन, त्यसले गरेको नेपाली समाजको वर्गीय चरित्रको र नेपाली क्रान्तिको राजनीतिक चरित्रको विश्लेषण वस्तुवादी र मार्क्सवादसङ्गत रहेको छ । तर यस पार्टी-समूहले नेपाल र नेपाली क्रान्तिको विशिष्टताहरूलाई आत्मसात गर्न सकिरहेको छैन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिको उग्रवामपंथी मूल्याङ्कनको कारण तत्काल जनगणतन्त्र कायम गर्ने उग्रवामपन्थी कार्यदिशा लिने गल्ती गरिरहेको छ, जसले परिणामतः नेपाललाई कमजोर बनाउने, अंगभंग पार्ने र अन्ततः यसलाई विलय गर्ने विदेशी रणनीतिलाई नै सघाउछ । नेत्र विक्रम चन्द ' विप्लव' नेतृत्वको **नेकपा माओवादी** अझै पनि नेपाल र नेपाली क्रान्तिका विशिष्टता बुझ्न र आफ्नो समूहमा विद्यमान जनगणतन्त्रको निम्ति 'जनयुद्ध' र जनविद्रोह गर्ने उग्रवामपन्थी भड्काउ सच्याउन तयार देखिन्न । उनीहरूका कथित क्रान्तिकारी गतिविधिले नेपालमा विस्तारवादी रणनीति लागू गरिने अनुकूलता बढाउने काम गर्दछन् । वैचारिक-राजनीतिक संवाद र सङ्घर्षद्वारा यसलाई निष्प्रभावी बनाउनु नेपाल-विरोधी विदेशी रणनीतिलाई असफल पार्दै संविधानको कार्यान्वयन र राष्ट्रियता निम्तिको सङ्घर्षलाई विकास गर्नको लागि अत्यावश्यक छ । उपरोक्त प्रमुख माओवादी पार्टी-समूहहरूमा आउने राजनीतिक-वैचारिक परिवर्तन र शुद्धीकरणले अन्य दुई माओवादी पार्टी-समूह[10] लाई सकारात्मक ढङ्गले प्रभावित पार्ने छ भनी आशा गर्न सकिन्छ । शुरुदेखि नै प्रभूत्वशाली रहेको उग्रवामपन्थी कार्य दिशा र पछि थपिएको वैदेशिक तावेदारीको प्रभावकारीढंगले उपचार गर्ने सही दृष्टिकोण र नीति नहुनु नै

माओवादी आन्दोलन छिन्नभिन्न हुने मूल कारण भएको देखिन्छ, जसलाई नसच्याई त्यसले आफूलाई एकतावद्ध पार्न र राष्ट्रमा उल्लेख्य सकारात्मक योगदान गर्न सक्ने छैन ।

**६.१.७. नेकपाका अन्य समूहहरू :** संसदभित्र पनि उपस्थित रहेको **नेकपा (संयुक्त)** यस्ता समूहहरूमा महत्वपूर्ण रहेको छ । यो समूहमा सामाजिक प्रजातान्त्रिक प्रवृत्तिको प्रभाव छ। थोरै भए पनि मधेशी जनतामा यसको पहुँच रहेको छ। यही समूहमा नेकपाको तेस्रो राष्ट्रिय महाधिवेशन आयोजनाक्रममा पार्टीको मूलधारबाट अलग भएको तत्कालिन महासचिव केशरजंग रायमाझी नेतृत्वको समूहभित्र रहेर नेतृत्वको अवसरवाद विरूद्ध सङ्घर्ष गर्दै त्यसबाट मुक्त नयाँ पार्टी-समूह गठन गर्ने सङ्घर्षशील नेता विष्णुवहादुर मानन्धर पनि हुनुहुन्छ। कमरेड मानन्धरका अनुभव र विश्लेषणहरूलाई पनि गंभीरताका साथ लिदै विभाजित नेपाल कम्युनिष्ट आन्दोलनलाई जोड्न सचेतन प्रयास गर्नुपर्छ । साथै संविधानको कार्यान्वयन गर्ने र राष्ट्रियताको आन्दोलनमा मधेशी जनतालाई जोड्ने कार्यमा यस पार्टी-समूहबाट हुन सक्ने सकारात्मक योगदानलाई समेटनु आवश्यक छ। **नेकपा (मार्क्सवादी)** लगायत अरू केही स्थानीय वाम पार्टी-समूह पनि छन्, जससँग स्थानीय तहमै साझा सवालमा सहकार्य गर्दै उनीहरूलाई सिद्धान्तनिष्ठ पार्टी-एकीकरणको प्रयासमा सामेल गर्नु व्यवहारिक र राजनीतिक रूपमा उपयुक्त हुनेछ ।

**६.२. इतिहासका प्रजातन्त्रवादी पार्टीहरू :** टङ्क प्रसाद आचार्यको नेतृत्वमा १९९३ सालमा स्थापति **नेपाल प्रजा परिषद्** नै नेपालको पहिलो राजनीतिक पार्टी हो, जसले राणाशाही विरूद्ध नेपाली जनतामा जागरण ल्याउने ऐतिहासिक काम गरेको थियो। नेपाली कांग्रेस बाहेक अरू पनि प्रजातन्त्रवादी राजनीतिक पार्टीहरू नेपालमा गठन भए र राजनीतिक रंगमञ्चमा केही वर्षसम्म कृयाशील रहे । तिनीहरूमध्ये डा. डिल्लीरमण रेग्मीले कायम राखेको **'राष्ट्रिय कांग्रेस**', भरत समशेरले नेतृत्व गरेको पार्टी '**गोर्खा परिषद्**', मातृका प्रसाद कोइरालाले नेतृत्व गरेको **'राष्ट्रिय प्रजा पार्टी**', के.आई. सिंहले नेतृत्व गरेको **'संयुक्त प्रजा पार्टी**' आदि आज अस्तित्वमा नरहेका पुराना राजनीतिक पार्टीहरू उल्लेखनीय छन्। आफूलाई प्रजातन्त्रवादी पार्टी घोषणा गरेका भए पनि तिनीहरूले कुनै **स्थापित राजनैतिक सिद्धान्त**लाई आफ्नो मार्गदर्शकको रूपमा अङ्गिकार गरेका थिएनन्। अन्य कुराहरू सँगसँगै यसकारणले पनि तिनीहरू नेपाली समाजमा दीर्घस्थायी हुन सकेनन्। २०१७ सालमा भएको राजनीतिक प्रतिगमन पश्चात् यस्ता राजनीतिक पार्टीहरू नेपाली राजनीतिक रंगमञ्चबाट अलप भएर गए।

**६.३ नेपाली कांग्रेस :** नेपाली कांग्रेस **नेपाल प्रजापरिषद्** पछि स्थापित नेपालको दोस्रो राजनीतिक पार्टी हो, यद्यपि यस पार्टीको औपचारिक अस्तित्व



मूल्याङ्कन गर्ने भद्रजनहरूको विवाद-गोष्ठी नै हो। भलै पार्टी, अर्थात नेकपा (माले) पनि स्वयंसेवीहरूकै अनुशासित सङ्गठन हो, जो आफ्नै विधानद्वारा बाँधिएको छ ।

पार्टी वर्गीय हुन्छ। यो सर्वहारा वर्गीय पार्टी हो । यसले मजदूर, शहरीया गरिबहरू, साना व्यापारीहरू, किसानहरू, महिलाहरू, विभेदमा परे/पारिएका दलित भनिने शिल्पी-समुदाय तथा अल्पसंख्यकहरू, वालवालिका, किशोर-किशोरी, युवा-विद्यार्थीहरू, बुद्धिजीवीहरू, मध्यमवर्ग, राष्ट्रिय पुँजीपति वर्ग र देशभक्त तह/तप्काहरू आदिको हित प्रतिनिधित्व गदर्छ ।

राजनीतिक पार्टीहरूको पनि उद्देश्य हुन्छ। त्यो हो : समाजको परिवर्तन गर्नु; अग्रगामी परिवर्तन गर्नु; आमूल परिवर्तन गर्नु; जनताको भलाइ गर्ने उन्नत सामाजिक व्यवस्था ल्याउनु; राजनीतिक, आर्थिक, साँस्कृतिक वा अन्य कुनै पनि प्रत्यक्ष वा अप्रत्यक्ष बन्धनहरूद्वारा राष्ट्रलाई मुक्त गर्नु र यस प्रकार जनता तथा राष्ट्रको सेवा गर्नु ।

राजनीतिक पार्टीको आफ्नो उद्देश्य प्राप्त गर्ने माध्यम हुन्छ । त्यो हो-जनताको सङ्घर्ष, जनताको सचेतन गोलबन्दी र स्वयम्सेवी जनआन्दोलन । यी माध्यम सामान्यतया शान्तिपूर्ण र राजनीतिक हुन्छन्, तर परिवर्तन विरोधी वर्ग र शक्तिहरूको बलप्रयोगको विरूद्ध 'जस्तालाई तस्तै' सङ्घर्ष गर्नुपर्ने अवस्था पनि आउछन्। जनताको समर्थनद्वारा प्राप्त शक्तिद्वारा निश्चित विधि र प्रकृया-मार्फत पार्टीका उद्देश्य प्राप्तिको लागि संघर्ष गरिन्छ ।

राजनीतिक पार्टीसँग देश-दुनियालाई वुझ्ने र तिनमा परिवर्तन ल्याउने उद्देश्य प्राप्त गर्न बाटो र उपाय देखाउने आफ्नै मार्गदर्शक सिद्धान्त हुन्छ । नेकपा (माले) को पनि छ । नेकपा (माले) को मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ् विचारधारा तथा नेपाल चिन्तन हो ।

राजनीतिक पार्टीको आफ्नो आदर्श हुन्छ। नेकपा (माले) को पनि आदर्श छ । त्यो हो, मानिसद्वारा मानिससमाथि गरिने तमाम भेदभाव र शोषण-उत्पीडनबाट मुक्त न्यायपूर्ण साम्य-समाजको निर्माण गर्नु; काल्पनिक होइन वैज्ञानिक आधारमा साम्य समाजको निर्माण गर्नु अर्थात् जनवादी समाज, समाजवादी समाज हुँदै वैज्ञानिक ढङ्गले मानव जातिको उन्नत र आधुनिक साम्य समाजको निर्माण गर्नु । यो पार्टीको अधिकतम कार्यक्रम हो ।

पार्टीको वर्तमान रणनीतिक लक्ष्य हुन्छ । नेकपा (माले) को पनि छ । त्यो हो वर्तमान सामन्ती, दलाल पुँजीवादी, विस्तारवाद-साम्राज्यवादको नवऔपनिवेशिक, अर्द्धऔपनिवेशिक सामाजिक र राजनीतिक व्यवस्था हटाउनु र त्यसको ठाउँमा जनताको जनवादी व्यवस्था प्रतिस्थापित गर्नु । यो नेकपा (माले) को न्यूनतम क्रान्तिकारी कार्यक्रम हो; यो पार्टीको नयाँ जनवादी

नेपालका आदिवासी भएको मान्यता पाएपछि संकीर्ण उद्देश्यबाट अघि सारिएको 'एक मधेश एक वा दुई प्रदेश'को नारा र माग औचित्यहीन हुन पुग्दछ । तराईका मधेशी जनसमुदायको हित विरूद्ध उपरोक्त काम गर्नुको अतिरिक्त मधेश-केन्द्रित दलका नेताहरू नेपालको स्वतन्त्रता तथा अखण्डता रक्षाको कार्यलाई होइन, विदेशीहरूको रणनीतिक स्वार्थलाई महत्व दिन्छन् र त्यसको पैरवी गर्दछन् । संयुक्त मेधेशी मोर्चामा सङ्गठित मधेश-केन्द्रित दलहरूमा केही घटी-बढीका साथ यस्तो चरित्र रहेको छ । श्री विजय गच्छदारको नेतृत्वमा सञ्चालित **मधेशी जनाधिकार फोरम (लोकतान्त्रिक)** मोर्चामा सङ्गठित दलहरूभन्दा भिन्न हुन सङ्घर्ष गरिरहेको छ । यो नेपाल र नेपालीहरूको हितलाई जोड दिदै मधेशी जनताको सम्मान, समानता, समावेशीकरणको निम्ति काम गर्न प्रयत्नशील रहेको देखिन्छ । यस प्रवृत्तिलाई साथ, समर्थन र प्रोत्साहन गरिनु पर्छ ।

**६.७. देशमा विद्यमान विविध प्रकारका अन्य दलहरू :** वि.सं. २०६२-०६३ को संयुक्त राष्ट्रिय जनआन्दोलनको प्रारम्भिक विजय पश्चात् देशमा विभिन्न साना-ठूला समुदायहरूले आफ्ना जातीय, क्षेत्रीय र सामुदायिक हक हितको रक्षा गर्नको निम्ति राजनीतिक दलहरू खोलेका छन् । यस्ता दलहरूमध्ये कुनै पहाड/मधेसका जनजातिहरूमा आधारित र कुनै निश्चित धर्म-संस्कृतिमा आधारित दल पनि छन् । उनीहरू निश्चित राजनीतिक सिद्धान्तप्रति भन्दा आफ्नो समुदाय र क्षेत्रका हक हितप्रति बढी समर्पित छन् । वर्गीय राजनीतिक, जातीय पहिचान, जातपात उन्मूलन, मर्यादा, समानता, समावेशीकरण र मुलुक सुहाउँदो सङ्घीयताको सम्बन्धमा सही नीतिको आधारमा उनीहरूसँग सहकार्य गर्दै उनीहरूलाई प्रगतिशील सिद्धान्ततर्फ आकर्षित गर्न विशेष प्रयत्न गर्नु आवश्यक छ । नेकपा (माले) यसप्रति सजग र प्रयत्नशील रहेको छ र रहने छ । यसो नगरिने हो भने विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरूको सहयोगमा सङ्कीर्ण जातियतावादी तथा क्षेत्रीयतावादी शक्तिहरूले उनीहरूलाई दिग्भ्रमित पार्दै लोकतन्त्र, जनता र राष्ट्रको बृहत्तर हित विपरीत परिचालित गर्नेछन्, जो निसन्देह उनीहरूको निम्ति मात्र नभई जनता, क्रान्ति र राष्ट्रकै निम्ति हानिकारक हुनेछ ।

## ७. नेकपा (माले) : शक्ति निर्माणको सङ्घर्षमा

नेकपा (माले) राजनीतिक पार्टी हो । यो न विकासे संस्था हो, न यो कुनै सामाजिक सेवा मात्र गर्ने उदारमना मानिसहरूको सङ्गठन नै हो । न यो शास्त्र, राजनीति वा घटना-परिघटनाहरूको मिमांसा, विश्लेषण, समीक्षा वा



२००६ साल चैतमा मात्र देखा परेको थियो । नेपाली कांग्रेसले आफ्नो इतिहास २००३ सालमा विश्वेश्वरप्रसाद कोइराला र डिल्लीरमण रेग्मीले मिलेर वाराणासीमा गठन गरेको राष्ट्रिय कांग्रेससँग जोड्दछ । २००५ सालमा शुवर्ण समशेरको नेतृत्वमा प्रजातान्त्रिक कांग्रेसको गठन भयो । २००६ साल चैतमा उपरोक्त दुबै पार्टीबीच एकीकरण भई नेपाली कांग्रेसको स्थापना भयो । यस पार्टीका मूल नेताको रूपमा वी.पी. कोइराला स्थापित भए, जसले २०१७ सालदेखि पार्टीलाई **प्रजातान्त्रिक समाजवाद**को अनुयायी बनेको घोषणा गरे ।

नेपाली कांग्रेसले पुँजीवादी सुधारवादको पक्षपोषण गर्ने नै सही, प्रजातान्त्रिक समाजवाद नामक एउटा स्थापित राजनीतिक सिद्धान्तलाई अङ्गीकार गरेको हुनाले पनि त्यसले अनेक उतार-चढावहरूका वावजुद आफूलाई जीवित राख्न सकेको छ । यही कुरा कम्युनिष्ट पार्टीबारे पनि लागू हुन्छ, जसले मार्क्सवाद-लेनिनवादलाई आफ्नो मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गरेको हुन्छ । यस्ता स्थापित सिद्धान्तहरूलाई पनि आफ्नो देशका विशिष्टता अनुरूप सृजनात्मक रूपमा लागू गर्नु पर्छ । जुन राजनीतिक पार्टीहरू यो काम सफलताका साथ गर्न सक्तैनन्, सिद्धान्तयुक्त भए पनि त्यस्ता पार्टीहरू पनि दीर्घस्थायी रहन सक्दैनन् ।

नेपाली कांग्रेसको इतिहासको अध्ययनबाट देखिन्छ, यो पार्टी पनि प्रारम्भिक कालमा नेपालको राष्ट्रियताबारे अस्पष्ट र दोधारे रहेको थियो । तर सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याहरूलाई समाधान गर्ने व्यवहारिक सङ्घर्षमा संलग्न हुने क्रममा नेपाली कांग्रेसका स्थापित नेता वी.पी. कोइरालामा राष्ट्र र राष्ट्रियता सम्बन्धी सकारात्मक चिन्तन बढ्दै गएको पाउँछौं । २००५ सालतिर नेपाललाई संयुक्त राष्ट्र सङ्घको सदस्यता दिइनुहुन्न भन्ने मान्यता राख्ने वी.पी. २०३३ मा 'आवश्यक पर्दा नेपालको निम्ति बलिदान गर्नु हरेक नपाली नागरिकको कतर्ब्य हो' भन्दै भारतको स्वनिर्वासन त्याग गर्दै नेपाल भित्रिए । त्यो घडी नेपाली कांग्रेस र वी.पी.को राजनीतिक जीवनको सर्वोत्कर्ष घडी थियो । किनकि वी.पी.को त्यस कदमले त्यसबेला नेपालको तराईलाई नेपालबाट विखण्डित गरी अन्य मुलुकमा मिलाउने विदेशी रणनीतिलाई विफल बनाउन ठूलो भूमिका खेलेको थियो । वी.पी.पछिका कुनै पनि शीर्ष कांग्रेस नेताले वी.पी.को राष्ट्रियताको भावलाई पूर्णतामा अङ्गीकार गर्न सकेको देखिदैन र सिङ्गो ने.का.ले पनि वी.पी.को राष्ट्रियता, प्रजातन्त्र र समाजवादप्रतिको समर्पणलाई व्यवहारमा ल्याउन सकिरहेको छैन । यस्तो हुँदाहुँदै पनि त्यस पार्टीले प्रजातान्त्रिक समाजवादको सिद्धान्तलाई आत्मसात गरी सृजनात्मक ढङ्गले व्यवहारमा लागू गर्छ र वी.पी.को राष्ट्रियताको चेत र भावनालाई लागू गर्ने दृढता देखाउन सक्छ भने मात्र संविधानमा संस्थागत गरिएको

अग्रगामी परिवर्तनलाई लागू गर्ने र राष्ट्रियतालाई सुदृढ गर्ने आन्दोलनलाई सशक्त र सफल बनाउन सकारात्मक योगदान गर्न सक्दछ । यो काम गर्न असफल भएको खण्डमा नेपाली कांग्रेस विदेशी शक्तिको गोटी बनी राष्ट्रिय राजनीतिमा असान्दर्भिक बन्दै जाने खतरा सामु उभिन पुग्नेछ। यस्तो स्थितिमा मात्रात्मक परिवर्तनलाई लागू गर्दै समाजलाई आमूल परिवर्तनको लक्ष्यमा पुऱ्याउने सङ्घर्षको जिम्मेवारी सर्वहारा वर्गीय क्रान्तिकारी पार्टीले मात्र पूरा गर्न सक्तछ ।

**६.४. परम्परागत राजनीतिक शक्ति :** यो शक्ति भनेको दरवारिया शक्ति हो । दरवारिया शक्ति भनेको राजतन्त्र हो, जो आफ्नै अदूरदर्शीता, जनविरोधी गलत नीति, विदेशी शक्तिको दाउपेच र जनताको विरोधको कारण असफल भयो र २०६२/०६३ को संयुक्त जनआन्दोलनबाट कमजोर हुदै अन्ततोगत्वा पहिलो संविधानसभाको पहिलो बैठक (१५ जेठ २०६५) को अत्यधिक बहुमतको निर्णयबाट उन्मूलन भएको छ । राजतन्त्र सामन्ती समाज व्यवस्थाको शासन प्रणालि हो । यो पुरानो र परम्परागत प्रणालि हो, जुन आधुनिक कालमा जनता र राष्ट्रको चाहना र आकांक्षाबाट अलग्गिए पछि बाँच्न सक्दैन । नेपालको राजतन्त्र नेपाली राष्ट्र निर्माणसँग गाँसिएकोले र यस कार्यको सेवा गरुन्जेल नेपाल राष्ट्रविरोधी वाह्य शक्तिले विविध प्रकारले त्यसको विरोध गर्ने गर्दथे । नेपालको राजतन्त्र उन्मूलनमा बाह्य शक्तिको भूमिका यही कारण रहेको हो । यसको सम्वोधन समयमै हुनुपर्थ्यो, जो अब चुकिसकेको छ । राजतन्त्रलाई सत्तामा फिर्ता गर्ने एउटा राष्ट्रवादी तर दक्षिणपन्थी दल (राप्रपा, नेपाल) को प्रयत्न जसरी जनमत र जनशक्तिको असहयोगको कारण असफल हुनेछ, त्यसरी नै पूर्व-राजाको जनशक्ति र वाह्य शक्ति रिझाउने मौन तर सकृय प्रयत्न पनि असफल नै हुनेछ । जनमत र जनशक्तिको बलमा सत्तामा पुग्न नसक्ने अवस्थामा विदेशीहरूको आशिर्वाद र सहयोगबाट त्यहाँ पुग्न चाहनु आत्मघाती मात्र नभएर राष्ट्रघाती कदम पनि हुनेछ भनी पूर्व- राजसंस्थासँग सम्बन्धित व्यक्तिहरूले बुझ्न जरुरी छ ।

यस्तो स्थितिमा पूर्व-राजसंस्थाका सदस्यहरूले नेपाली समाजको अग्रगामी परिवर्तनलाई कार्यान्वयन गर्ने र देशको राष्ट्रियतालाई सवल बनाउने जनताको सङ्घर्षमा आफूसक्तो सहयोग गरेर मात्र निजहरूले आफ्नो ब्यक्तिगत र राष्ट्रको सामुहिक हित रक्षा गर्ने काममा योगदान गर्न सक्तछन् । यसभन्दा भिन्न तरिकाबाट होइन । यो इतिहासको तितो पाठ बनिसकेको छ ।

**६.५. राष्ट्रिय प्रजातान्त्रिक दलहरू :** २०४६ सालअघि राजा महेन्द्रले स्थापित गरेको निर्दलीय निरङ्कुश पञ्चायती ब्यवस्थामा सकृय नेता-कार्यकर्ता बनी राजनीतिमा लागेका ब्यक्तिहरूले पञ्चायती ब्यवस्थाको अन्त्य पछि आफूलाई **राष्ट्रिय प्रजातन्त्र पार्टी**मा सङ्गठित गरेका हुन् । वर्तमानमा उनीहरू



दुई दल राप्रपा र राप्रपा, नेपालमा विभक्त छन् । यिनीहरूले निसन्देह देशमा बचेखुचेको सामन्तवादी र दलाल-पुँजीवादी वर्गको हित-प्रतिनिधित्व गर्दछन् । यसको साथै उनीहरू परम्परागत मान्यताको कारण विभिन्न मात्रामा राष्ट्रिय हितको पक्षपोषण पनि गर्दछन् । राप्रपामा विद्यमान एउटा धाराले वैदेशिक तावेदारी गर्छ, त्यसको अर्को पक्ष राष्ट्रिय हितको पक्षमा उभिन्छ । राप्रपा नेपाल राजतन्त्रलाई जुन रूपमा भए पनि सत्तामा फर्काउन प्रयत्नशील दक्षिणपन्थी हिन्दूवादी शक्ति रहेको छ, जो राष्ट्रवादी समेत रहेको छ । यस दलसँग राष्ट्रियता प्रवर्द्धनको पक्षमा सहकार्य गर्दै यसका अन्य दक्षिणपन्थी पक्षहरू विरूद्ध राजनीतिक सङ्घर्ष गर्नु पर्दछ ।

**६.६. मधेश-केन्द्रित दलहरू** : तराईको क्षेत्रीय स्वार्थलाई प्रतिनिधित्व गर्न विगत कालमा पनि **तराई कांग्रेस** र **सद्भावना पार्टी** नेपालमा सङ्गठित र सञ्चालित थिए जसका चर्चित नेताहरू वेदानन्द झा र गजेन्द्र नारायण सिंह रहेका थिए । विदेशी शक्तिले उनीहरूलाई प्रयोग गर्ने कोशिस गरेको भए पनि तत्कालीन स्थितिमा यस कार्यबाट विदेशीहरूलाई अपेक्षित रूपमा थोरै मात्र सफलता प्राप्त भएको थियो । तर २०५२ सालदेखि शुरू भएको माओवादी आन्दोलनले विदेशी प्रभावमा आएर उनीहरूको रणनीति अनुसारका नीति लिएर काम गर्न थालेकाले विदेशी शक्तिलाई मधेश-केन्द्रित दलहरूलाई प्रयोग गर्दै नेपालको तराई-मधेशमा प्रभाव फैलाउन सजिलो भएको छ ।

नेपालका प्राय सबै मधेश-केन्द्रित दलहरू स्थानीय सामन्तहरू तथा दलाल पुँजीपतिहरूको हित प्रतिनिधित्व गर्दछन् र उनीहरू त्यहाँका ब्यापक भूमिहीन, श्रमजीवीहरू र प्रगतिशील तप्काको स्वार्थको विरोध गर्दछन् । उनीहरू जनतामा क्षेत्रीय भावना भड्काउँदैछन् र मधेशी जनताप्रति विगत कालमा भएका विभेद र असमानतालाई वर्तमानमा समाधान गर्ने होइन, तिनलाई अन्त्यहीन ढङ्गले तन्काउने काम गरिरहेका छन् । उनीहरूले मधेशी समुदायलाई संविधानद्वारा न त पहिचान दिने कुनै प्रयत्न गरे, न मधेशी-आर्य नेपालीलाई आदिवासी घोषित गर्न नै कुनै कोशिस गरे । उल्टै, उनीहरूले यस्तो काम गर्ने प्रयत्नहरूको बिरोध गरे ।

यसो गर्नुका दुईटा कारण देखिन्छन् : (१) मधेश-केन्द्रित दलहरू तराई/मधेशमा बसोबास गरिरहेका जातिहरूको पहिचान संस्थागत गर्ने काम रोक्तै र त्यहाँ बसोबास गर्ने खशआर्य र मंगोल-किरात मूलका पहाडी जातिहरू वाहेक त्यही बसोबास गर्ने अरू सवै जातिहरू (किरातमूलका जनजातिहरू-थारु, धिमाल, कुमाल, दनुवार, राजवंशी, मेचे, कोंच, गनगाँई, द्रविड मूलका सतार, उराऊ, मुण्डा, किसान, झाँगड आदि र भिन्न संस्कृतिको जाति मुसलमान आदि) लाई मधेशी देखाई जनसङ्ख्याको राजनीति गर्न चाहन्छन् । (२) संविधानबाट तराइ/मधेशका जातिहरूको पहिचान संस्थागत भई उनीहरूले